# परिच्छेद एक
# शोधपरिचय

## १.१ शोधपरिचय

लोकगीत भन्नाले लोकले गाउने गीत हो । लोकले अनादिकालदेखि गाउँदै आएको गेयात्मक विधा विशेषलाई नै लोकगीत भनिन्छ । जीवनको प्रथमकालदेखि सुन्दै आएको लयात्मक अभिव्यक्ति नै लोकगीत भएकाले यसले मानिसलाई मोहित पार्दछ । कुनै पनि वर्ग वा उमेरका व्यक्तिहरू लोकगीतबाट विमुख भएर पन्छिन सक्दैनन् । मानिसको जीवनको कुनै न कुनै पक्षलाई लोकगीतले समेट्ने हुँदा सुन्न रहर लाग्ने मात्र होइन बुझ्न समेत सजिलो हुने भएकाले लोकगीतले मानिसलाई आकर्षण गर्न सक्छ । लोकगीतमा आफ्नोपन हुन्छ । लोकगीतको सुरुवात कहिलेबाट भयो भन्ने कुरा स्पष्ट भन्न सकिँदैन तर यो कुरा भने स्पष्ट भन्न सकिन्छ कि शिक्षाको विकास पश्चात मात्र शास्त्रीय सङगीतको विकास भएको हो भने लोकगीत त्यसपूर्व नै विकसित थियो । यस अर्थमा लोकगीत शास्त्रीय गीतको पनि मार्गदर्शक हो । लोकगीतको प्रचलनलाई हेर्दा यो अपौरुषेय तथा मानव सभ्यताको अनादिकालदेखि निरन्तर रूपमा प्रवाहित भावनाभूतिको अजस्र प्रवाह हो ।

ललितपुर जिल्लाको दक्षिणी भेग सम्पूर्ण रूपमा क्षेत्रले ओगटेको छ । जात, धर्म र सँस्कृतिमा विविधता पाइने यस क्षेत्रमा आफ्नै मौलिकता पाइन्छ । परम्पराको जगमा हुर्किएको लोकगीतले यस क्षेत्रको सम्पूर्ण तथ्यहरूको उजागर गर्दछ । यस भेगमा मनाइने हरेक जात्रा तथा मेलापर्वमा गीतको रूपमा व्यक्त हुने भावनाले यस क्षेत्रको प्रतिबिम्बलाई छर्लङ्ग पार्दछ । लोकगीतको क्षेत्रमा अरू क्षेत्रहरूमा निकै ठूला कार्य भएको पाइन्छ तर ललितपुरको दक्षिणी भेगमा प्रचलनमा रहेका लोकगीतका विषयमा हालसम्म कुनै कार्य भएको पाइदैन । ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलनमा रहेका लोकगीतको सङ्कलन गर्नुपर्ने तथा सङ्कलित गीतको उपयुक्त विश्लेषण गर्नुपर्ने आवश्यकतालाई महसूस गरी प्रस्तुत शोध शीर्षक र अध्ययन क्षेत्रको छनौट गरिएको हो ।

## १.२ शोधसमस्या

प्रस्तुत शोधकार्यको शोधक्षेत्र ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित नेपाली लोकगीतहरू भएकाले लोकगीतको सङ्कलनको क्रममा यस क्षेत्रमा रहेका लोकगीतहरूको निम्न समस्याहरूमाथि केन्द्रित रहेर यो शोधकार्य पूरा गरिएको छ ।

१.४.१ ललितपुर जिल्लाको दक्षिणी भेगमा के कस्ता लोकगीतहरू प्रचलनमा रहेका छन् ?

१.४.२ यस क्षेत्रमा रहेका लोकगीतहरू के कति प्रकारका छन् ?

१.४.३ यस क्षेत्रका लोकगीतमा के विशेषता पाउँन सकिन्छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित लोकगीतहरूको सङ्कलन गरी तिनको वर्गीकरण र विश्लेषण गर्नु हो । यस सन्दर्भमा शोधसमस्यामा उल्लेखित समस्याहरूकै सेरोफेरोमा रहेर समस्याको निरूपण गर्नु नै शोधकार्यको उद्देश्य रहेको छ । शोध समस्याको आधारमा शोधको उद्देश्यलाई निम्नानुसार औल्याइएको छ ।

१.५.१ ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित लोकगीतहरूको सङ्कलन गर्नु,

१.५.२ यस क्षेत्रमा प्रचलित लोकगीतहरूको वर्गीकरण गरी प्रकार छुट्याउनु,

१.५.३ यस क्षेत्रमा प्रचलित लोगीतहरूको व्याख्या र विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

लोक साहित्यका विविध विधाहरू मध्येको अत्यन्त महत्त्वपूर्ण विधाका रूपमा रहेको लोकप्रिय विधा हो । लोकगीत/लोकप्रिय हुनाको नाताले यसको सर्वव्यापकता रहनु स्वभाविक हो । लोकजीवनका सुख, दुःख, हाँसो, पीडा, आदि भावलाई समेट्न सक्ने र सबै वर्ग उमेरका व्यक्तिहरूले सहज रूपमा ग्रहण गर्न तथा प्रकट गर्न समेत सक्ने लोकगीत समाजको सम्पत्ति नै हो । यस प्रकारको विशेष महत्त्व बाकेको लोकगीतको गरिमामय महत्त्व तथा यसको आफ्नो छुट्टै विशेषतालाई जनमानसमा जानकारी गराउनु एउटा कार्य हो तर यो अति महत्त्वपूर्ण कार्य पनि हो ।

नेपाली लोकगीतहरूको सङ्कलन र संरक्षण गरी समाजमा लोकगीतका बारेमा जानकारी दिने क्रममा विभिन्न समयमा विद्वानहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । तथापि क्षेत्र विशेष : (यस) ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलनमा रहेका लोकगीतका सन्दर्भमा भने (कुनै) खासै महत्त्वपूर्ण कार्य हालसम्म पनि हुन सकेको छैन । लोकगीतको समग्र पाटोलाई हेर्ने हो भने अध्ययन र अनुसन्धानका सयौं शृङ्खला पूरा भई सकेका छन् केही प्रमुख विद्वान्हरूका महत्त्वपूर्ण कार्यलाई यसप्रकार हेर्न (समीक्षा गर्न) सकिन्छ ।

लोकगीत कुनै पनि व्यक्तिको निजी सम्पत्ति होइन, तसर्थ यसलाई सम्पूर्ण लोकबासीको सार्वजनिक सम्पत्तिको रूपमा हेरिनु पर्दछ । यसलाई न त कसैले सिर्जना गरेको हो न त कसैले निर्माण नै गर्न सकोस् । यो लोकवासीको सम्पत्ति हुनाको नाताले मात्र होइन परम्परादेखि जनजिब्रोमा रहेको कारण गीतको निर्माण होइन केवल सङ्कलन मात्र गर्न सकिन्छ ।

लोकगीतका सम्बन्धमा चर्चा गर्दै जनकवि केशरी धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१) ले "नेपाली लोकगीतको विवेचना" मा भेनका छन् "जनताको गलाबाट अविरल बगिरहने छहरा हो लोकगीत । यो हिमशिखरबाट वगेको कञ्चन जल प्रवाहभैंं स्वच्छ र मानवहृदयभैंं विशाल छ । यसलाई रागतालको कसीमा धोई निख्खारता उतार्न सकिँदैन र त्यसको औचित्य पनि छैन" (थापा र सुवेदी, २०४१ : ६०) ।

मानिसहरूको दु:ख, पीडा वा सुख र हाँसोको एउटा उपज हो लोकगीत । तसर्थ लोकगीतलाई कुनै पनि व्यक्तिले बुझ्न कठिन होला भन्ने प्रश्न नै उठन सक्दैन ।

यस सम्बन्धमा साहित्यकार ठाकुर पराजुली (२०४६) ले "नेपाली साहित्यको परिक्रमा" मा लोकगीतका बारेमा आफ्नो स्पष्ट धारणा यसप्रकार राखेका छन्, "काव्य सुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदय वर्जन शैली र कोमल पदरचनाले गर्दा लोककाव्यको प्रतिष्ठित आसन लोकगीतले पाएका छन् (पराजुली, २०४६ : ८६) ।

लोक साहित्यको एउटा बलियो हाँगो लोकगीतको विकास मानव सभ्यताको विकाससँगै सुरु हुन गयो । तसर्थ यसलाई मानव सभ्यताले विकासक्रमसँगै जोडेर हेरिनु राम्रो हुन्छ ।

लोकगीत विकासको एउटा बलियो र विश्वासिलो आधारलाई स्पष्ट पार्ने क्रममा मोतीलाल पराजुली (२०४९) ले आफ्नो तर्क दिने क्रममा "नेपाली लोकगाथा" मा उल्लेख

गरेका छन्, "कुनै जाति, उसको संस्कृति र भाषाको विकाससँगै लोक साहित्यको पनि विकास भएको हुन्छ" (पराजुली, २०४९ : १६) ।

लोकगीत कहिलेदेखि सुरु भयो भन्ने कुराको बारेमा स्पष्ट रूपमा चर्चा गर्न सकिँदैन । हुन त यो सुरुमा कुनै व्यक्तिले नै रचना गरेको हुन सक्छ तथापि यस्ता गीतको रचनाकार गौण हुन पुग्छ र कालान्तरमा मौखिक परम्परामा आधारित रहेर यसै परम्पराबाट नै प्रसिद्ध र लोकप्रिय बन्न पुग्दछ ।

यस विषयमा स्पष्ट पार्ने क्रममा लोकगीतका प्रसिद्धा अनुसन्धानकर्ता कृष्ण प्रसाद पराजुली (२०५७) ले "नेपाली लोकगीतको आलोक" मा अगाडि भनेका छन् "युगौंयुगदेखि मौखिक परम्परा तथा श्रुतिपरम्पराबाट आउने र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अलिखित साहित्य नै लोक साहित्य हो । यो व्यक्ति विशेषको रचना भएर पनि सामूहिक हुन्छ अनि अलिखित भएर पनि जनमानसमा रहिरहन्छ" (पराजुली, २०५७ : २६) ।

लोकगीतको विकास हुन शिक्षाको चेतना जरुरी छैन किनभने यो कुनै पनि शास्त्रीय निमयको बन्धनबाट मुक्त हुन्छ । मानिस चाहे शिक्षित होस् वा अशिक्षित अन्तर भावनाको गीत नै लोकगीत बन्न सक्छ ।

लोकगीतको विकास र यसको लोकसँग हुने सम्बन्धका विषयमा चर्चा गर्दै कृष्ण विलास पौड्याल (२०५८) ले "नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना" मा उल्लेख गरेका छन् । मानव समाजमा शिक्षाको विकास भए पछि नै शास्त्रीय सङ्गीतको विकास भई अनेक नियमहरू पनि बन्न पुगे तर लोकगीत स्वच्छन्द भावावेगको अजग्र प्रवाह भएकाले यो नियम साधित नभई उन्मुक्त हुन्छ (पौड्याल, २०५८ : १३) ।

लोकगीतमा लय वा छन्दको कुनै पनि बन्धन हुँदैन । मानिसले आफ्नो जीवनको अनुभवलाई जुनसुकै लयमा पनि व्यक्त गर्न सक्छ । यो लय र अनुभव नै पछि गएर लोकगीतको रूपमा प्रसिद्ध हुन्छ, जसले समाजका हरेक पक्षहरूका उचित रूपमा प्रतिनिधित्व गर्न सक्छ ।

लोक साहित्यकार चूढामणि बन्धु (२०५८) ले "नेपाली लोक साहित्यमा" मा उल्लेख गरे अनुसार "लोकगीत भनेको लोकजीवनको रागात्मक स्वस्फूर्त लयात्मक अभिव्यक्ति हो ।"

यसमा लोकजीवनको सुख, दुःख, आँसु, हाँसो, आशा-निराशाका साथै लोकको चालचलन विधि व्यवहार आस्था र मान्यताहरूको चित्रण हुन्छ (बन्धु, २०५८ : ११५) ।

लोकगीतमा समाजको चित्रणलाई सहज र सरल तरिकाले प्रतिबिम्बित गरिने हुँदा यसले लोकप्रियता कमाउने गर्दछ । यति मात्र होइन लोकमा भएका घटनाको वास्तविक चित्र समेत लोकगीतमा पाइने हुँदा ग्रहण गर्न र स्मरण गर्न समेत सहज हुने गर्दछ ।

लोकगीतको स्पष्ट धरातललाई प्रष्ट पार्ने क्रममा मोनहराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल (२०६३) ले "लोकवार्ता विज्ञान र लोक साहित्य" मा भनेका छन्, "लोकगीत कुनै भाव वा विचारमा आधारित हुन्छ । यस्तो भाव वा विचार लोकभावनाका अडिएको सामूहिक भोगाइ र सोचाइको साझा अभिव्यञ्जना हुन्छ (शर्मा र अन्य, २०६३ : ७४) ।"

लोकगीत समाजको सम्पत्ति हो । यस अर्थमा लोकगीतले एउटा निश्चित समाजको सूचना प्रदान गर्दछ । कुनै पनि क्षेत्रको संस्कृति, धार्मिक तथा सामाजिक एवम् आर्थिक कुराको जानकारी समेत गीतबाट प्राप्त गर्न सकिन्छ ।

लोकगीतको बारेमा यसप्रकारको धारणालाई तुलसीमान श्रेष्ठले व्यक्त गरेका छन् । उनले "उन्मेष" मा लोकगीतको परिचयलाई यसप्रकारले उल्लेख गरेका छन् "लोक साहित्यले लोकलाई चिनाउँछ, समाजलाई चिनाउँछ । देउडा गीतले सुदूरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल वा सिङ्गो पश्चिम नेपाललाई चिनाएको छ । सँगिनी गीतले पूर्वी नेपाललाई चिनाउँछ र झ्याउरे चुड्का, रोइला आदि गीतले मध्य क्षेत्रको चिनारी गराउँछ । यसरी लोक साहित्य लोकलाई चिनाउने आधारभूत तत्त्वको रूपमा रहेको छ (श्रेष्ठ, २०६६ : २९) ।

## १.५ शोधको औचित्य र महत्त्व

ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण जस्तो गहनतम् कार्य गर्ने प्रयास यस शोधपत्रमा गरिएको छ । ललितपुर जिल्लाको अविकसित र दुर्गम क्षेत्र समेत रहेको यस क्षेत्रका लोकगीतहरूको सङ्कलन तथा विश्लेषण गर्नु जटिल अनुसन्धानात्मक कार्य भएकाले यसले ठूलो महत्त्व राख्नु स्वभाविक रहन्छ । यस शोधकार्यले ललितपुरलाई राम्ररी बुझ्ने मात्र होइन, यस जिल्लाको विकट इलाकाको बारेमा यथार्थ अध्ययन गर्ने अभिलासालाई केही हदसम्म निरूपण गर्न सक्छ । ललितपुर जिल्लाको दक्षिणी भेगमा पर्ने विकट ग्रामीण क्षेत्रको पहिचान गराउने यस कार्यले

लोकगीतका माध्यमबाट लोकजीवनसँग गाँसिएका विविध पक्षहरूको जानकारी दिन सक्ने अपेक्षा राख्न सकिन्छ । यति मात्र होइन लोप हुँदै गएका पुराना संस्कृति र कलालाई समेत जगेर्ना गर्न मद्दत पुऱ्याउन सहयोग पुग्ने देखिन्छ । वत्तीमुनिको अँध्यारो भनेझैँ सुगम अफ्ह राजधानीको एउटा जिल्ला जो सुगम भनेर चिनिन्छ यस जिल्लामा रहेका अनेकौ विकटताको कारण समस्याग्रष्त जीवन भोग्न बाध्य ग्रामीण वस्तीहरूमा पुगेर स्थलगत सङ्कलन गरिएको लोकगीतले यस भेगको वास्तविक समस्या वा पहिचानलाई व्यक्त गर्न सक्ने देखिन्छ । यस शोधकार्यले प्रमुख रूपमा लिएको उद्देश्य पनि त्यही नै हो । भविष्यमा अनुसन्धान कार्य गर्ने तथा लोकगीतप्रति रुचि भएका हरेक जिज्ञासुहरूका लागि यस शोधकार्यले सहयोग पुऱ्याउने देखिन्छ भने लोकगीतको जगेर्ना तथा लोकसंस्कृतिको संरक्षणमा समेत केही सहयोग पुग्ने देखिन्छ । यस कार्यले नेपाली कला र संस्कृतिको जगेर्नाको लागि समेत केही हदसम्म सहयोग पुग्ने हुनाले औचित्य र शोधको महत्त्वलाई पुष्टि गर्न सकिन्छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलनमा रहेका नेपाली लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने कार्य यस शोधपत्रमा गरिएको छ । यस जिल्लाको दक्षिणी (पहाडी) भेगमा अति विकट भेगमा लोकगीतको अवस्था कस्तो छ ? लोकगीतको प्रकार समेत छुट्याइ लोकगीतको महत्त्व तथा विशेषतामाथि प्रकाश पार्नु नै शोधको उद्देश्य भएकाले यस शोधकार्यको क्षेत्रमा ललितपुर जिल्लाको दक्षिणी भेगमा पर्ने अति विकट गा.वि.स. क्षेत्रहरू हुन् । यस क्षेत्रमा पर्ने ग्रामीण इलाकाहरूमा छरिएर रहेका लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण कार्यलाई नै यस शोध कार्यको सीमा ठानिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोध कर्याको निम्ति सामग्रीको सङ्कलन मूलत : क्षेत्रीय अनुसन्धान विधिबाट गरिएको छ । ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलनमा रहेका लोकगीतहरू नै यस शोधकार्यका निम्ति प्राथमिक स्रोत हुन् । सैद्धान्ति ढाँचाको निर्माण र लोकगीतको विश्लेषणका लागि यसपूर्व भएका अनुसन्धान, अध्ययन एवम् लोकगीतसम्बन्धी भएका

कार्यहरूलाई द्वितीय स्रोत मानिएको छ । प्रथम स्रोतको (पूर्ति) सामग्री सङ्कलन स्थलगत अध्ययन र सङ्कलनबाट र दोस्रो स्रोतको पूर्ति पुस्तकालय मार्फत गरिएको छ ।

लोक साहित्यको सैद्धान्तिक अध्ययन गर्ने क्रममा लोकगीतका तत्त्वगत विधि, समाजशास्त्रीय विधि र काव्यशास्त्रीय विधि अवलम्वन गरिएको छ ।

## १.८ शोध पत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको निर्माण गर्ने क्रममा त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली पाठ्यक्रममा निर्धारण गरिएको ढाँचालाई नै अँगालिएको छ । यस आधारमा शोधपत्रको निम्नानुसारको ढाँचामा निर्धारण गरिएको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : ललितपुर जिल्लाको सङ्क्षिप्त परिचय

अध्याय तीन : लोकगीत सिद्धान्त

अध्याय चार : ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित लोकगीतहरूको सङ्कलन

अध्याय पाँच : ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित लोकगीतहरूको वर्गीकरण र विश्लेषण

अध्याय छ : उपसंहार

उपर्युक्त अध्यायहरूलाई आवश्यकता अनुसार शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी अन्तमा परिशिष्ट तथा सन्दर्भसूची पनि समावेश गरिएको छ ।

# परिच्छेद दुई
# ललितपुर जिल्लाको संक्षिप्त परिचय

## २.१ भौगोलिक परिचय

नेपाल अधिराज्यको पाँचवटा विकास क्षेत्रमध्ये मध्यमाञ्चल विकास क्षेत्रको बागमती अञ्चलमा आठवटा जिल्लाहरू रहेका छन् । आठवटा जिल्लाहरूमध्ये ललितपुर जिल्ला एक हो । नेपाल उपत्याका भनेर इतिहासमा उल्लेखित हालको काठमाडौं उपत्यकाका तीन जिल्लाहरू; काठमाडौं, भक्तपुर र ललितपुर मध्ये ललितपुर जिल्ला उपत्यकाको दक्षिणी भागमा अवस्थित छ । झण्डै दुई तिहाई भाग पहाड र एक चौथाइ भाग मात्र सहरी क्षेत्र रहेको यस जिल्लामा अति सुगमदेखि अति दुर्गम क्षेत्र समेत रहेका छन् । ललितपुर जिल्लाको केन्द्र पाटन क्षेत्र सुगम क्षेत्र हो भने दक्षिणी भेगमा डाँडापारि क्षेत्रका गा.वि.स.हरू दुर्गम क्षेत्र हुन् ।

### २.१.१ भौगोलिक अवस्थिति

नेपालको मानचित्रमा ललितपुर जिल्लाको फैलावट २७°२२", उत्तरदेखि २८°५०" उत्तरी अक्षांशसम्म र ८५°१४" पूर्वी देशान्तर ८५°२६" पूर्वी देशान्तरसम्म रहेको छ । यस जिल्लाको उचाइ समुद्र सतहदेखि ४५७ मी. देखि २७९१ मि.सम्म रहेको छ । जिल्लाको धरातल मध्ये दुई तिहाइ भाग ओगटेको क्षेत्रको आधाभन्दा बढी भाग दुर्गम र विकट रहेको छ । यस जिल्लाका दुर्गम क्षेत्रमा प्यूटार, आश्राङ, गिम्दी, ठूलादुर्लुङ आदि गा.वि.स.हरू पर्दछन् भने चौधरे, दल्चोकी, भट्टेडाँडा आदि गा.वि.सहरू पनि विकट नै छन् । (बार्षिक प्रगति समीक्षा प्रतिवेदन, २०६६)

### २.१.२ ललितपुर जिल्लाको भौगोलिक सिमाना

यस जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिममा काठमाडौं, उत्तरमा भक्तपुर र दक्षिणीमा मकवानपुर जिल्ला रहेका छन् । यस जिल्लाको क्षेत्रफल ३८५ वर्ग किलोमिटर छ (पूर्ववत, पृ. १) । ललितपुर जिल्लालाई काठमाडौं र मकवानपुरसँग छुट्याउने नदी वागमती शङ्खमूलदेखि ठूलादुर्लुङको हेलटारबेसीसम्म बग्दछ । त्यस्तै ललितपुर र काभ्रेलाई छुट्याउने दुर्लुङ खोलाले ललितपुरका तीन गा.वि.स., कालेश्वर, चन्दनपुर र ठूलादुर्लुङलाई छोएको छ ।

त्यसै गरेर भक्तपुर र ललितपुरलाई मनहरा खोलाले छुट्याएको छ । यस बाहेक फूलचोकी, महाभारत पर्वतमालाले काभ्रे र ललितपुरको सिमाना अलग पारेको छ ।

## २.१.३ जलवायु

यस जिल्लाको औसत अधिकतमम तापक्रम २६°६०" से. सम्म रहेको छ । यस जिल्लाको वार्षिक वर्षा सरदर १२३.२६ मि.मि. छ भने औसत सापेक्षित आद्रता ५० देखि ८० प्रतिशतसम्म रहेको छ । यस जिल्लामा मुख्यतया तीन प्रकारको हावापनी पाइन्छ :

(१) **सम-उष्ण प्रदेशीय हावापानी** (Sub-tropical climate)

जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने ४५७ मि. देखि १००० मि. सम्मको भू-भाग तथा जलाधार क्षेत्रका खोचहरूमा यस प्रकारको हावापनी पाइन्छ । यस क्षेत्रमा वार्षिक सरदर औसत तापक्रम २०° से. सम्म रहेको छ ।

(२) **न्यानो समशीतोष्ण हावापानी** (Warm Tropical Climate)

महाभारत पवर्त शृङ्खलाको १००० मि. देखि २००० मि. सम्मको भू-भागमा यस प्रकारको हावापानी पाइन्छ । यस क्षेत्रमा वार्षिक वर्षा सरदर २०० देखि २४०.० मि.लि. र औसत तापक्रम १५° देखि २०° से. सम्म रहेको छ । त्यस्तै वार्षिक वर्षा सरदर २००० देखि २४०० मि.लि. छ ।

(३) **उष्ण समशीतोष्ण हावापनी** (Cool Temperate Climate)

यस प्रकारको हावापानी विशेषतः महाभारत पर्वत शृङ्खलाको उच्च भू-भाग अर्थात् २००० मि. भन्दा माथिको उचाइमा रहेको क्षेत्रमा पाइन्छ । वार्षिक वर्षा १३०० देखि २००० मि.लि. हुने यस क्षेत्रको सरदर तापक्रम १०° देखि १५° से. सम्म हुने गर्दछ (श्रोत : वा.प्र.स.प्र. : २) ।

## २.१.४ नदी तथा खोलाहरू

ललितपुर जिल्ला मध्य क्षेत्रमा रहेको जिल्ला हो । तसर्थ यस जिल्लामा कुनै पनि हिमालय शृङ्खला पर्दैन । हिमाल नभएकोले गर्दा यस जिल्लामा रहेका खोलानालाहरू वर्षाको पानीमा आधारित छन् ।

यस जिल्लामा कुल ६५ वटा नदी तथा खोलाहरू रहेका छन् । जसको कुल लम्बाई ३१४.९ कि.मि. छ । यस जिल्लामा रहेका खोलानालाहरूलाई मुख्य रूपमा ६ वटा खण्डमा विभाजन गर्न सकिन्छ । (वार्षिक समीक्षा प्रतिवेदन, २०६६ : ३)

(१) **गोदावरी**

ललितपुर जिल्लाको उत्तरी भेगमा बग्ने गोदावरी खोला प्रमुख रहेको यस खण्डमा लुभु खोला सहायक खोला रहेको छ । यस खोलाले कुल ४२,९६ कि.मि. लम्बाई ओगटेको छ ।

(२) **कोडकु खोला**

यस खोलालाई कर्मनाशा खोला समेत भनेर चिनिन्छ । महाभारत पर्वतमालादेखि ग्वार्कोसम्म यस खोलाले आगेटेको कुल क्षेत्रफल २८.७५ कि.मि. रहेको छ ।

(३) **नख्खु खोला**

भारदेउको माथिल्लो खण्ड गुप्तेश्वरदेखि सुरुभई चोभार नजिक वागमतीमा समाहित हुने यस खोलाले कुल ५४.८५ कि.मि. ओगटेको छ । यसका सहायक खोलाहरू, लेले, बडुन्चुली, नल्लु खोला आदि हुन् ।

(४) **खानी खोला**

महाभारत पर्वतको दक्षिणी पाखोबाट प्रवाहित हुने यो खोला नै ललितपुरको सबैभन्दा लामो खोला हो । ११३.३८ कि.मि. लम्वाइ भएको यस खोलाको सहायक खोलाहरू ठोस्ने खोला, तिप्चे खोला, सानावास, टुंगुन, पँधेरो खोला, धामी खोला, रानी खोला समनडोल खोला, रिगिन खोला, वैतर्णी खोला आदि प्रमुख रहेका छन् ।

(५) **दुर्लुङ खोला**

यस जिल्लाको भागमा रहेको यो खोला पूर्वतर्फ बगेको छ । कुल लम्वाई २७.१९ कि.मि. रहेको यस खोलामा देउता खोला, ज्यामिरे खोला, गिम्दा खोला, सिस्नेखोला आदि मिसिएका छन् ।

(६) **वागमती नदी**

ललितपुर जिल्लाको सबैभन्दा लामो सीमाना नदीको रूपमा रहेको वागमती नदीले ललितपुरको उप-महानगर क्षेत्रको भू-भागलाई काठमाडौंसँग छुट्याएको छ भने भैसेपाटी हुँदै बुगमतीसम्म काठमाडौं र ललितपुरको बीचमा नै रहेको छ । घुसेलदेखि ठूलादुर्लुङ्गसम्म पुग्दा ६ वटा गा.वि.स. माल्टा, प्यूटार, आश्राङ र गिम्दी समेतलाई मकवानपुरबाट अलग बनाएको छ ।

## २.१.५ धार्मिक महत्त्वका नदीहरू/खोलाहरू

ललितपुर जिल्लाको दक्षिणी भेगमा केही नदी तथा खोलाहरू धार्मिक महत्त्व बोकेका छन् । यस प्रकारका प्रमुख नदीहरूमा लेलेमा पर्ने तिलेश्वर (लेले) खोला, गोटीखेल गा.वि.स.मा पर्ने वैतर्णी खोला (स्थानीय नाम : मसान खोला) कालेश्वर महादेवको पाउबाट झरेको देउता खोला (ठूलादुर्लुङ्ग) र खुर्मी खोला (गिम्दी) महत्त्वपूर्ण छन् भने यस क्षेत्रका जनताहरू वागमतीलाई पनि श्रद्धा गर्दछन् ।

## २.१.६ प्रमुख ताल, पोखरीहरू र धाराहरू

यस जिल्लामा थुप्रैं मानव निर्मित तथा प्राकृतिक ताल पोखरीहरू रहेका छन् भने मनव निर्मित धाराहरू पनि प्रसिद्ध छन् । यस्ता ताल, पोखरी र धाराहरूको वितरण तल दिइएको छ :

| क्र.सं. | ताल, पोखरी र धाराको नाम | स्थान |
|---|---|---|
| १ | प्रयाग पोखरी (ज्या पोखरी) | लगनखेल, प्रयाग पोखरी |
| २ | सुन्धारा | पाटन सुन्धारा |
| ३ | नागदह | धापाखेल |
| ४ | बोझे पोखरी | इमाडोल |
| ५ | कटुवाल दह | डुकुछाप |
| ६ | बोके दह | छम्पि |
| ७ | ग्वालिन दह | डुकुछाप |
| ८ | जङ्गे दह | दुर्लुङ |

यस बाहेक चापागाउँ, ठेचो, सुनाकोठी, लगनखेल, मङ्गलबजार, जावालाखेल लगायतका क्षेत्रमा थुप्रै धारा र पोखरीहरू रहेका छन् ।

## २.१.७ धार्मिक तथा पर्यटकीय क्षेत्र

ललितपुर जिल्ला धार्मिक तथा पर्यटकीय दुवै दृष्टिले सम्पन्न नै मान्न सकिन्छ । यस जिल्लाका कैयौं सम्पदाहरू विश्वसम्पदा सूचीमा समेत सूचीकृत छने भने वन, मन्दिर लगायत स्थानहरू समेत महत्त्वपूर्ण छन् । ललितपुरमा रहेको पाटन दरबार क्षेत्र, बङ्गलामुखी, लगायत क्षेत्रहरू विश्वसम्पदा सूचीमा समेत सूचीकृत छन् । जिल्लाको सहरी तथा ग्रामीण भेगमा रहेका धार्मिक तथा पर्यटकीय स्थलको सूचीलाई यस प्रकारले हेर्न सकिन्छ ।

### (क) धार्मिक स्थलहरू

| क्र.सं. | मन्दिर वा धार्मिक स्थलको नाम | स्थान |
|---|---|---|
| १ | वटुक भैरव मन्दिर | लगनखेल |
| २ | महालक्ष्मी मन्दिर | लगनखेल |
| ३ | कृष्ण मन्दिर | मङ्गलबजार |
| ४ | वंगलामुखी मन्दिर | कुम्भेश्वर |
| ५ | बालकुमारी मन्दिर | बालकुमारी |
| ६ | पञ्चेश्वर महादेव मन्दिर | कसुन्ती |
| ७ | हिरण्य वर्ण महाविहार | नागवहाल |
| ८ | अशोक स्तुप | लगनखेल |
| ९ | वज्रवाराही मन्दिर | चापागाउँ |
| १० | टीकाभैरव | टीका भैरव, लेले |
| ११ | तिलेश्वर महादेव मन्दिर | लेले |
| १२ | गुप्तेश्वर महादेव मन्दिर | भारदेव |
| १३ | महाँकाल मन्दिर | गोटीखेल |
| १४ | कालेश्वर महादेव मन्दिर | ठूलादुर्लुङ्ग, गोटीखेल र गिम्दीको सिमाना |
| १५ | कालाभैरव मन्दिर | ठूलादुर्लुङ वडा नं. २ |
| १६ | महाकाली मन्दिर | भट्टेडाँडा |
| १७ | छम्पिदेवी मन्दिर | छम्पि-२ |
| १८ | विशंखु नारायण मन्दिर | विशंखु |
| १९ | सन्तानेश्वर महादेव मन्दिर | झरुवासी |
| २० | मच्छिन्द्र नाथको मन्दिर | वुङमती |
| २१ | कार्य विनायक गणेश | वुङमती |

## (ख) पर्यटकीय स्थलहरू

(१) पाटन दरबार क्षेत्र

(२) वज्रवाराही वन क्षेत्र

(३) दक्षिणी भेगका विभिन्न भञ्ज्याङहरू

## २.२ सामाजिक जनजीवन

### २.२.१ जनसङ्ख्या

राष्ट्रिय जनगणना २०५८ अनुसार ललितपुर जिल्लाको कुल जनसंख्या ३,३७,७८५ छ । जिल्लाको जनसंख्याको विवरणलाई तलको तालिकामा देखाएको छ ।

| | | |
|---|---|---|
| महिला | १,६५,३३० | ४८.९५% |
| पुरुष | १,७२,४५५ | ५१.५% |
| जनसंख्या वृद्धि दर | | २.७३% |
| दस वर्षको वृद्धि | ८०६९९ | |
| लैङ्गिक अनुपात | १०४.३१ | |
| जनघनत्व | ८७७.३६ व्यक्ति/वर्ग कि.मि. | |
| घरधुरी संख्या | ६८९९२ | |
| औसत परिवार सदस्य संख्या | ४.९ जना | |
| सहरी जनसंख्या | १६२९९१ | |
| गा.वि.स.को जनसंख्या | १७३६३६ | |

(स्रोत : डब्लु.डब्लु.डब्लु डी.डी.सी. ललितपुर. जी.ओ.भी. एन.पी.)

### २.२.२ जनजीवन

ललितपुर जिल्ला बहुभाषी, बहुजाति एवं बहुधर्मी जनताहरू बसोवास गर्ने जिल्ला हो । यस जिल्लामा ब्राह्मण, क्षेत्री, नेवार, तामाङ, थारू, मगर, कामी, दमाईं, राई, लिम्बू, गुरुङ, ठकुरी आदि जातिहरू बसोवास गर्दछन् । ब्राह्मणमा घिमिरे, वजगाइँ दुलाल, दाहाल, तिमसिना, तिमल्सिना, आचार्य, हुमागाइँ सापकोटा, आचार्य, वासकोटा, नेउपाने, चालिसे,

गुरागाईं, सत्याल चौरेल, चापागाई, आदि प्रमुख छन् भने क्षत्रीहरूमा थापा, बस्नेत, कुँवर र राणा थरका मानिसहरू प्रमुख छन् । त्यसैगरी नेवारमा श्रेष्ठ, महर्जन, डंगोल, ताम्राकार, देशार, मानन्धर, अमात्य, चित्रकार, तण्डुकार, ताम्राकार, शिल्पकार, सिंह, डंगोल आदि हुन् भने तामाङमा वाइवा, सिंतान, स्याङतान, बल, पाखिन, नेगी, सिंगार, न्यासुर, मोक्तानले थोकर, घिसिङ, ब्लोन, घलान, दोङ आदि रहेका छन् । त्यसैगरी सिजाली, थापा, बुढा, क्याप्छाकी खवास, दर्लामी, पुलामी, लामिछाने, बुढा, आले जस्ता मगर थर भएका मानिसहरू यस जिल्लाको दक्षिणी भेगमा रहेका छन् । ललितपुर जिल्लाको दक्षिणी पहाडको गिम्दी र ठूलादुर्लुङ्मा मात्र केही संख्यामा ब्राम् (वराम) जाति बसोवास गर्दछन् भने ठूलादुर्लुङ्गको गुम्राङ र सिलिङ्गो क्षेत्रमा सुनुवारहरू बसोवास गर्दछन् । दलचोकी, गोटीखेल दम्पि, गोदावरी गा.वि.स. क्षेत्रमा केही संख्यामा पहरीहरू पनि बस्दछन् । दमाई, कामीहरू भने प्रायः सबैतिर बसोवास गरेको पाइन्छ भने सार्कीहरू छम्पि र लेले बाहेक अन्य क्षेत्रमा नभेटिए पनि उपत्याकामा भने भेटिन्छन् ।

### २.२.३ मुख्य पेसा

ललितपुर जिल्लाको अधिकांश भू-भाग कृषि योग्य भएकाले यहाँको मुख्य पेसा कृषि नै हो । विशेष गरेर दक्षिणी पहाडका सबै क्षेत्रका जनता कृषिमा आधारित छन् भने उपत्यका भित्रको क्षेत्रमा व्यापारलाई नै मुख्य पेसा अपनाएको पाइन्छ । कृषिमा विशेष गरेर तरकारी खेती, पशुपालन, कुखुरापालन प्रमुख रहेको छ भने ललितपुरको दक्षिणी पहाडको डाँडापारिका ठूलादुर्लुङ, गिम्दी, आश्राङ, प्यूटार आदि क्षेत्रमा कफी खेती निकै प्रसिद्ध रहेको छ । सरकारी  सेवामा प्रवेश गर्नेको संख्या निकै कम छ ।

### २.२.४ व्यापार व्यवसाय

यस जिल्लाको भौगालिक अवस्था हेर्दा विकट नै मान्न सकिन्छ । यातायातको सुविधा सबैतिर नहुनाले काठमाडौं जिल्लासँग बाहेक अन्यत्र सुविधाजनक व्यापार गर्न कठिन छ । यो जिल्ला व्यापारिक नाकाको रूपमा प्रयोग हुन नसकेको भए पनि सम्भावना भने नरहेको होइन । तराई र काठमाडौंको व्यापारिक सम्भावना फराकिलो रहेको छ । विशेष गरेर यस जिल्लाको भेगमा उत्पादन हुने दुःध, खुवा, अम्रिसो, कफी आदि र गेडागुडी तथा तरकारी नै यस जिल्लाका स्थानीय व्यापारिक वस्तु हुन् । उपत्यकाभित्रका प्रमुख व्यापारिक केन्द्र पुल्चोक, कोपुण्डोल, लगनखेल, मङ्गलबजार, कुमारीपाटी, सातदोबाटो, ग्वार्को,

जावालाखेल आदि प्रमुख हुन भने दक्षिणी पहाडको प्रमुख व्यापारिक केन्द्र टीका भैरव र चापागाउँ हो, त्यस्तै गोटीखेल तथा चन्दनपुर क्षेत्रका क्षेत्रका व्यापारिक केन्द्र हुन् । धेरै सम्भावना बोकेर पनि गिम्दी र ठूलादुर्लुङ्ग क्षेत्र भने यातायातको असुविधाले गर्दा विकसित हुन सकेका छैनन् ।

## २.२.५ यातायात

ललितपुर जिल्लाको नगर क्षेत्रमा यातायातको सुविधा राम्रो छ भने भेगमा भने सडक सुविधा निकै कम छ । कच्ची बाटो मार्फत भेगमा जनताहरू आफ्ना आवश्यकतालाई टारिरहेका छन् । ठूलादुर्लुङ्ग, गिम्ती लगायत क्षेत्रमा हालसम्म पनि मोटर पुगेको छैन भने अन्य गा.वि.स.हरूमा जोखिमपूर्ण अवस्थामा कच्चीबाटो मार्फत यातायातको प्रयोग गरिँदै छ ।

यहाँको सडकको विवरणलाई यसप्रकार हेर्न सकिन्छ :

| | | | |
|---|---|---|---|
| (१) | नगरपालिका क्षेत्रक | कालोपत्रे | १२२ कि.मि. |
| (२) | लगनखेल लामाटार | कालोपत्रे | ७ कि.मि |
| (३) | चापागाउँ लगनखेल | कालोपत्रे | ७ कि.मि |
| (४) | चापागाउँ-छपेली-भट्टडाँडा | कच्चीबाटो | ३२ कि.मि. |
| (५) | लेले चन्दनपुर | कच्ची बाटो | ४५ कि.मि. |
| (६) | लगनखेल- बुंगमती-खोकना | पक्की वाटो | ७ कि.मि. |

(स्रोत : जि.वि.स.ल.पु.)

## २.२.६ सञ्चार

यस जिल्लामा रहेको नगर क्षेत्र र उपत्यकाभित्रका गा.वि.स क्षेत्रमा सञ्चारको सुविधा राम्रो भए पनि २० वटा गा.वि.स.हरूमा नेपाल टेलिकमको तारसहितको फोन सुविधा छैन । सी.डी.एम.ए. फोनको माध्यमबाट सञ्चारको सुविधा प्रदान गरिएको यस क्षेत्रमा हुलाकको लोकप्रियता अझै कायम छ । दक्षिणी भेगका गा.वि.स. क्षेत्रहरूमा रेडियो नेपाल र नेपाल टेलिभिजनको प्रसारण राम्रोसँग टिप्दैन भने केही एफ.एम.को प्रसारणको

पहुँच पुगेको छ । जिल्लामा सञ्चारको समग्र स्थितिलाई हेर्दा हुलाक नै प्रमुख रहेको छ । यस जिल्लामा रहेको हुलाकको विवरण यस प्रकार छ :

जिल्ला हुलाक - १

इलाका हुलाक - ११

अतिरिक्त हुलाक - ३४

(स्रोत : जिल्ला हुलाक कार्यालय, ल.पु.)

## २.२.७ उद्योग धन्दा

ललितपुर जिल्ला उद्योगको क्षेत्रमा धेरै पछाडि छ । पाटन औद्योगिक क्षेत्र बाहेक ठूला उद्योग यहाँ छैनन् । स्थानीय रूपमा भने घरेलु तथा कुटिर उद्योगहरू सञ्चालनमा छन् । यस प्रकारका उद्योगहरूमा लुभु लामाटार क्षेत्रमा कपडा, गोदावरी कोडकु क्षेत्रका वेतबाँसका सामान, पाटन मङ्गलबजार क्षेत्रमा भाँडा वर्तन, ठेचो खोकना तेल, चन्दनपुर ठूलादुर्लुङ खुवा, चापागाउँ लेले रोडा ढुङ्गा प्रमुख रहेका छन् । ग्वार्को चक्रपथ क्षेत्रमा गार्मेन्ट तथा छम्पि सानागाउँ क्षेत्रमा इँटा उद्योग सञ्चालित छन् । यस प्रकारका उद्योगहरूले प्रत्यक्ष अप्रत्यक्ष रूपमा जनतालाई रोजगारी प्रदान गरेका छन् ।

## २.२.८ स्वास्थ्य

स्वास्थ्यको क्षेत्रका यो जिल्ला स्थान अग्रणी रहे पनि ग्रामीण क्षेत्र भने पछाडि नै छ । भेगमा सरकारी स्वास्थ्य चौकी बाहेक अरू सेवा उपलब्ध छैनन् । समग्रमा भन्नु पर्दा जिल्लाको स्वास्थ्य क्षेत्रको विकासलाई सन्तोषजनक नै मान्न सकिन्छ । सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूको विवरणलाई यसप्रकार हेर्न सकिन्छ ।

| | | |
|---|---|---|
| जिल्ला जनस्वास्थ्य कार्यालय | - | १ |
| अस्पताल | - | १ |
| मेडिकल कलेज | - | १ |
| हेल्थ पोष्ट | - | १० |
| उप-स्वास्थ्य चौकी | - | २९ |
| प्राथमिक स्वास्थ्य केन्द्र | - | ३ |
| आयुर्वेद स्वास्थ्य केन्द्र | - | ३ |

युनानी औषधालय - २
होमियोप्याथिक अस्पताल - १
जिल्ला आयुर्वेद अस्पताल - १

(स्रोत : जिल्ला जनस्वास्थ्य कार्यालय ल.पु.)

## २.२.९ भाषिक एवं साहित्यिक परिचय

### २.२.९.१ भाषिक परिचय

भाषिक प्रयोगका हिसाबले ललितपुर जिल्लालाई सम्पन्न मान्न सकिन्छ । राजधानी काठमाडौंसँगै जोडिएको यस जिल्लामा देशभर बोलिने सबै भाषिक समुदाय बसोवास गर्दछन् । यस जिल्लाको जनसंख्याको विवरणलाई हेर्दा मातृभाषाको रूपमा प्रयोग गरिने विभिन्न भाषाको विवगरणलाई तल देखाइएको छ :

**तालिका नं. १**

| क्र.सं. | जाती | मातृभाषा | जनसंख्या |
|---|---|---|---|
| १ | क्षत्री | नेपाली | ६५३५५ |
| २ | ब्राह्मण | नेपाली | ४०२६४ |
| ३ | कामी | नेपाली | १९२८ |
| ४ | दमाई | नेपाली | १८०९ |
| ५ | नेवार | नेवारी | १३६२०० |
| ६ | तामाङ | तामाङ | ४००५९ |
| ७ | मगर | मगर | ११८१६ |
| ८ | राइ | राई | ५९५७ |
| ९ | गुरुङ | गुरुङ | ४९३४ |
| १० | ठकुरी | नेपाली | २५१७ |
| ११ | पहरी | पहरी | ३२७७ |
| १२ | लिम्बू | लिम्बू | २१८७ |
| १३ | थारू | थरू | २३८१ |
| १४ | सार्की | नेपाली/नेवारी | २७९८ |
| १५ | अन्य | विविध | १६३०३ |
| | | जम्मा | ३३७७८५ |

(स्रोत : आदिवासी जनजाती जिल्ला सम्न्वय समिति, ललितपुर, अन्तिम पृष्ठ)

### २.२.९.२ साहित्य

साहित्यको क्षेत्रमा ललितपुर जिल्लाले निकै ठूलो फड्को मारेको छ । जिल्लामा सञ्चार र विद्युत सुविधा पहिलेदेखि राम्रो भएकाले साहित्यको पृष्ठभूमि राम्रो बन्न पुगेको हो । यस जिल्लामा ठूला ठूला साहित्यिक संस्थाहरू पनि रहेकाले साहित्यको क्षेत्रमा थप टेवा पुगेको छ । साझा प्रकाशन, जगदम्वा प्रकाशन जस्ता प्रकाशन गृह यस जिल्लामा रहेका छन् । जसले राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय स्तरमा समेत नेपाली साहित्यको जगेर्नाको कार्य गरिरहेका छन् । देशकै सबैभन्दा ठूलो पुरस्कार रहेको मदन पुरस्कार गुठी समेत यसै जिल्लामा रहेको छ । नेपाली साहित्यको क्षेत्रमा योगदान पुऱ्याउने थुप्रै व्यक्तिहरू यस जिल्लामा छन् । दीक्षित परिवार (पाटन ढोका) को योगदान नेपाली साहित्यको फाँटमा अतुलनीय नै छ । मनु व्राजाकी, डोर बहादुर विष्ट जस्ता प्रसिद्ध साहित्यकारहरूले ललितपुरमा बसेर साहित्यमा योगदान पुऱ्याइरहेका छन् । साहित्यको जगेर्ना गर्ने क्रममा भू.पू. शिक्षमन्त्री केशर बहादुर विष्ट, पूर्व सांसद मिठाराम शर्मा, स्व. श्यामकृष्ण बाँसकोटा आदि व्यक्तिहरूको योगदान पनि महत्त्वपूर्ण छ भने भीम प्रसाद दुलाल यस जिल्लाको मात्र होइन देशको विभिन्न स्थानीय घटनामा आधारित कविता र गीत सिर्जना गर्ने लोककविका रूपमा चर्चित छन् ।

नेपाली साहित्यको जगेर्ना गर्ने क्रममा यस जिल्लामा रहेका कैयौं व्यक्तिहरूले संघ संस्थाहरू गठन गरेर संगठित कार्यहरू समेत गर्दै आएका छन् । विशेष गरेर नेपाली लोक साहित्यको क्षेत्रमा यस्ता संस्थाहरूले आफ्नो भूमिकालाई सवल बनाउने क्रममा दक्षिणी पहाडलाई नै केन्द्रविन्दु बनाएका छन् । हृदराज घिमिरे, प्रेमप्रसाद ढकाल, रेवती दहाल आदिको सक्रियतामा बज्रबाराही भजन मण्डली, तेजबहादुर सत्याल, मुकुन्द पराजुली आदिको सक्रियतामा माहाँकाल ग्रामीण विकास समूह आदि संस्थाहरूले नेपाली लोक साहित्यको जगेर्नामा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । त्यसैगरी इन्दिरा लामा (नल्लु) रामकुमार सापकोटा ठूलादुर्लुङ्ग जस्ता लोकगायकहरू पनि यसै जिल्लामा रहेर लोकगीतको जगेर्नामा लागिरहेका छन् ।

साहित्यको सेवा गर्ने क्रममा केही साहित्यिक पत्रिका र एफ.एम. रेडियोहरू पनि सक्रिय छन् । हिमाल  खबर पत्रिका, शिक्षक मासिक, अन्नपूर्ण पोष्ट जस्ता राष्ट्रिय स्तरका पत्रपत्रिका ललितपुरबाट नै प्रकाशित हुन्छन् भने कान्तिपुर एफ.एम., रेडियो सगरमाथा,

इ.सी.आर. एफ.एम., हेडलाइन्स एण्ड म्युजिक एम.एम. आदि रेडियो स्टेसनहरूले पनि नेपाली साहित्यको जगेर्ना गरिरहेका छन् ।

## २.२.१० धार्मिक परिचय

ललितपुर जिल्लामा विभिन्न धर्मावलम्वीहरू बसोवास गर्दछन् । हिन्दु र बौद्ध धर्म वा मान्ने बीचमा त नङ र मासुको नै सम्बन्ध छ । जिल्लामा मानिँदै आएको धर्म मान्नेहरूको संख्यालाई तल हेर्न सकिन्छ ।

| | |
|---|---|
| हिन्दुधर्म | ७०% |
| बौद्ध | २६% |
| अन्य | ४% |

(स्रोत : आदिवासी जनजाति स्मारिका, २०६६ : ६०)

## २.२.११ ललितपुरका जातजातिहरू

ललितपुर जिल्लामा विभिन्न जातजातिहरू बसोवास गर्दछन् । यस जिल्लामा रहेको जातजातिको विभाजनलाई यसप्रकार हेर्न सकिन्छ ।

**तालिका नं. २**

| क्र.सं. | जातजातिको नाम | जनसंख्या |
|---|---|---|
| १ | क्षत्री | ६५३५५ |
| २ | ब्राह्मण | ४०२६४ |
| ३ | नेवार | १३६२०० |
| ४ | तामाङ | ४००५९ |
| ५ | थारू | २३८१ |
| ६ | मगर | ११८१६ |
| ७ | कामी | १९२८ |
| ८ | राई | ५९५७ |
| ९ | गुरुङ | ४९३४ |
| १० | दमाई | १८०९ |
| ११ | लिम्बू | २१८७ |
| १२ | ठकुरी | २५१७ |
| १३ | सार्की | २७९८ |
| १४ | पहरी | ३२७७ |
| १५ | अन्य | १६३०३ |

(स्रोत : आदिवासी जनजाति स्मारिका, ललितपुर, २०६६ : ६१)

## २.२.१२ साँस्कृतिक परिचय


ललितपुर जिल्ला बहुधर्मी एवं बहुजाति बसोवास गर्ने जिल्ला भएकाले यहाँको संस्कृतिमा पनि भिन्नता पाइनु स्वभाविक कुरो हो । परापूर्वकालदेखि नै चलिआएका जातीय तथा आफ्नो धर्म विशेषता क्रियाकलापलाई यहाँका मानिसहरूले अवलम्वन गर्दै आएका छन् । यस जिल्लाको सहरी क्षेत्रमा र उपत्यकाभित्र बसोवास गर्ने नेवारहरूले गाइँजात्रा, कृष्ण जात्रा आदिमा परम्परागत नृत्य, झाँकी, लाखे नाच आदि साँस्कृतिक चलनलाई अपनाएको पाइन्छ भने अन्य जातिहरूको भने त्यस्तो छुट्टै साँस्कृतिक पर्व पाइँदैन ।

यस जिल्लाको छम्पि गा.वि.स. क्षेत्रमा बसोवास गर्ने पहरीहरूले गाईजात्रालाई छुट्टै तरिकाले मानेको देखिन्छ । छम्पि गा.वि.स.को इटारी चौरमा सबै पहरीहरू भेला भई हिलो छ्याप्ने तथा मानिसलाई गोरुको रूपमा हलो र जुवाको प्रयोग गरी जोत्ने जस्ता रमाइला दृश्यहरू यहाँ देख्न पाइन्छ तर अन्यत्र भने यसप्रकारको चलन पाइदैन । (स्रोत : भीमसेन शर्मा, ३५, छम्पि-४, इटाटी फाँट)

दसैं, तिहार, राम नवमी, चैत पूर्णिमा, कृष्णाष्टमी, जनैपूर्णिमा लगायत सबै पर्वहरूलाई सबै जातिहरूले समान रूपमा मानिआएको पाइन्छ । यस जिल्लाको सबैभन्दा महत्त्वपूर्ण साँस्कृतिक पर्व रातो मच्छिन्द्रनाथको रथ यात्रा हो । यो जात्रा देशकै सबैभन्दा लामो अवधिको जात्रा पनि हो भने पाटनको कुम्भेश्वर जनैपूर्णिमाको दिनमा हुने झाँक्रीहरूको नाचलाई पनि साँस्कृतिक पर्वका रूपमा लिन सकिन्छ ।

## २.२.१३ शैक्षिक अवस्था

ललितपुर जिल्लाको शिक्षाको क्षेत्रमा निकै ठूलो फड्को मार्न सफल जिल्ला हो । शिक्षाको समग्र चित्र उत्साहजनक भए पनि क्षेत्रमा भने शिक्षाको स्थिति कमजोर नै छ, तापनि निराशाजनक भने छैन । जिल्लाको दक्षिणी भेगमा पर्ने २० वटा गा.वि.स. क्षेत्रमा २०६० साल यता विद्यालयको स्तरोन्नति गर्दै स्थानीय पहलमा मा.वि. र उच्च मा.वि. समेत सञ्चालनमा आएका छन् । यस जिल्लाको साक्षरता प्रतिशत ७०.८ छ जसमा पुरुष साक्षरता ८०.८% र महिला साक्षरता ६०.३% छ । यस जिल्लामा रहेका शैक्षिक गतिविधिलाई तलको विवरणले प्रष्ट पार्दछ ।




(स्रोत : जि.शि.का.ल.पु.)

उच्च शिक्षाको क्षेत्रमा ललितपुर जिल्लामा त्रिभुवन विश्वविद्यालय अन्तर्गतका प्रतिष्ठित क्याम्पसहरू रहेका छन् । यस बाहेक पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालयसँग सम्बन्धन प्राप्त क्याम्पसहरू पनि यस जिल्लामा रहेका छन् । पाटन संयुक्त क्याम्पस, इन्जिनियरिङ्ग क्याम्पस, ललितपुर नर्सिङ क्याम्पस, राष्ट्रिय स्तरका ख्याति प्राप्त क्याम्पसहरू हुन् भने आदर्श कन्या क्याम्पस, नमुना मच्छिन्द्र क्याम्पस जस्ता क्याम्पसहरू शिक्षाको क्षेत्रमा अग्रणी छन् । दक्षिणी ललितपुरमा भने महाकाल क्याम्पस गोटीखेल मात्र उच्च शिक्षा प्रदान गर्न लागि परेको छ । दक्षिणी पहाडमा कुनै पनि अन्य क्याम्पसहरू सञ्चालन भएको छैनन् ।

## २.३ ललितपुर जिल्लाको दक्षिणी भेगको संक्षिप्त परिचय

### २.३.१ भौगोलिक परिचय

काठमाडौं उपत्यकालाई चारैतर्फबाट डाँडाहरूले घेरेका छन् । काठमाडौ उपत्यकाको चारभञ्ज्याङबाट उपत्यका र भेगको सिमाना चापागाउँ स्थित पाटी

भञ्ज्याङबाट छुट्टिन्छ । यसै पाटी भञ्ज्याङको बाहिर पर्ने दक्षिणी तर्फका क्षेत्रहरू नै दक्षिणी भेग हुन् । ललितपुर जिल्लामा रहेका ४१ वटा गा.वि.स. मध्ये २० वटा गा.वि.स. यस भेगमा पर्दछन् । जसको विवरण तल दिइएको छ ।

(१) लेले
(२) देवी चौर
(३) घुसेल
(४) नल्लु
(५) दल्चोकी
(६) भारदेउ
(७) चौघरे
(८) भट्टेडाँडा
(९) मानिखेल
(१०) शंखु
(११) वुखेल
(१२) इकुडोल
(१३) आस्राङ
(१४) गिम्दी
(१५) प्यूटार
(१६) माल्टा
(१७) कालेश्वर
(१८) चन्दनपुर
(१९) गोटीखेल
(२०) ठूलादुर्लुङ्ग

विवरणमा उल्लेख भएका गा.वि.सहरू मध्ये अधिकांश डाँडाकाँडा र भिर पहरायुक्त क्षेत्र हुन् । ठूलादुर्लुङ्ग गिम्दी आश्राङ, माल्टा, इकुडोल, कालेस्वर गा.वि.स. दुर्गम र विकट भू-वनावट भएका क्षेत्र हुन् । ललितपुर जिल्लाको दक्षिणी पहाडलाई निम्नानुसार वर्गीकरण गरेर हेर्न सकिन्छ ।

(१) लेले खोला क्षेत्र

(२) ढुङ्गे खोला क्षेत्र

(३) टुंगुन खोला क्षेत्र

(४) ठोस्ने खोला क्षेत्र

(५) डाँडापारि क्षेत्र

**(१) लेले खोला क्षेत्र**

ललितपुर जिल्लाको दक्षिणी भेगको पहिलो गा.वि.स. र एकमात्र सुगम गा.वि.स. "लेले" हो । लेले गा.वि.सं. पर्ने लेले खोलाको आसपासमा नल्लु देवी चौर, दल्चोकी आदि गा.वि.स. पर्दछन् ।

**(२) ढुंगे खोला क्षेत्र**

फुल्चोकी पहाडको दक्षिणी भागबाट बग्ने ढुंगेखोला क्षेत्रमा भारदेउ, चौधरे, दल्चोकी गा.वि.स. का भू-भाग रहेका छन् ।

**(३) ठोस्ने खोला क्षेत्र**

महाभारत पर्वतको दक्षिणी पूर्व पर्ने सानाबास जङ्गल क्षेत्रबाट बग्ने ठोस्ने खोला क्षेत्रमा चौधरे ढल्चोकी, मानिखेल, वुखेल शंखु, दल्चोकी भट्टेडाँडा आदि गा.वि.स. पर्दछन् ।

**(४) टुंगुन खोला क्षेत्र**

यस क्षेत्रमा कालेश्वर, चन्द्रनगर, गोटीखेल, मानिखेल, इकुडोल, प्यूटार माल्टा आदि खोलाहरू पर्दछन् ।

**(५) डाँडापारि क्षेत्र**

भौगोलिक हिसावले अति विकट यो क्षेत्रलाई डाँडापारी भनिन्छ । कालेश्वरको थुम्कोदेखि माझखण्डसम्मको क्षेत्रबाट दक्षिणीतर ठूलादुर्लुङ, गिम्दी, आश्राङ, प्युटार आदि गा.वि.स. पर्दछन् ।

## २.२.३ नदी खोला तथा झरनाहरू

ललितपुर जिल्लामा रहेका खोलानालाहरू तथा जलस्रोतको विवरण यसै अध्ययनको २.१.४ मा नै वर्णन गरिसकेको छ । तथापि दक्षिणी ललितपुर भेगमा पर्ने केही प्रमुख नदी, खोला तथा झरनाहरूका विवरण प्रस्तुत गरिएको छ ।

**(क) सरस्वती कुण्ड**

ललितपुर जिल्लाको लेले स्थित यो कुण्ड धार्मिक दृष्टिले एकदम महत्त्वपूर्ण छ । सरस्वती पूजाको दिनमा उपत्यका लगायत देशका विभिन्न स्थानबाट दर्शनार्थीको घुइँचो लाग्ने यो कुण्डले निकै ठूलो चर्चा पाएको छ ।

**(ख) वैतर्णी धाम**

स्थानीय रूपमा मात्र होइन जिल्लाभरि नै प्रसिद्ध रहेको वैतर्णी धाम दक्षिणी पहाडको गोटीखेल गा.वि.स.मा पर्दछ । यस धाममा स्नान गरेमा जस्तै पापी भए पनि क्षमा प्राप्त हुने जनविश्वास छ ।

**(ग) रिंगीन खोल झरना**

मानिखेल गा.वि.स. पर्ने यो झरना झण्डै ३००-४०० मिटरसम्म उचाइबाट खस्दछ प्रचार प्रसारको कमीले यो झरना खासै नाम नचलेको देखिन्छ ।

**(घ) सिस्नेखोला झरना**

ठूलादुर्लुङ गा.वि.स. पर्ने यस झरनाको उचाइ २०० हात छ भन्ने स्थानीय कथनलाई नकार्न सकिँदैन । दुर्लुङ खोलामा खस्ने हुनाले यसको दृश्य पनि राम्रो देखिन्छ ।

उल्लेखित झरनाहरू बाहेक ठूलादुर्लुङ्गको गिम्दा खोला, ग्रुमाङ खोला, देउता खोला, गिम्दीको खुर्मी खोलामा प्रशस्त झरनाहरू छन् तर मानव वस्ती र बाटोको समेत कठिनाइले प्रचार हुन सकेको छैन ।

## २.३.३ डाँडा तथा भञ्ज्याङहरू

ललितपुर जिलको दुई तिहाइभन्दा बढी माग पहाड र डाँडाकाँडाले ओटगेको छ । डाँडाकाँडाको नागवेली नै दक्षिणी पहाडको परिचय हो ललितपुरको दक्षिणी भेगमा रहेका डाँडाकाँडा र भञ्ज्याङहरूको संक्षिप्त परिचय यसप्रकार देखाउन सकिन्छ ।

(१) पाटी भञ्ज्याङ

(२) तीनपाने भञ्ज्याङ

(३) सिंगाने भञ्ज्याङ

(४) शशीपा भञ्ज्याङ

(५) वतासे डाँडा

(६) खोर भञ्ज्याङ

(७) ढुडीघारी डाँडा

(८) उन्यू चौर डाँडा

(९) वटुके थुम भञ्ज्याङ

(१०) सोला भञ्ज्याङ

**(१) पाटी भञ्ज्याङ**

ललितपुर जिल्लालाई र पहाड भनेर छुट्याउने भञ्ज्याङ यो पाटी भञ्ज्याङ चापागाउँ र लेलेको बीचमा पर्दछ । काठमाडौं उपत्यकाको सम्पूर्ण भू-भाग स्पष्ट देखिने यो भञ्ज्याङबाट दक्षिणतिर पहाडी भेग मात्र पर्दछन् भने उत्तरतिर ललितपुरको काठ क्षेत्र तथा उपत्यका पर्दछन् ।

**(२) तीनपाने भञ्ज्याङ्**

भट्टेडाँडा र दलचोकी गा.वि.स.को बीचमा पर्ने यो भञ्ज्याङ दक्षिणी पहाडको माल्टा, आस्राङ, प्यूटार आदि क्षेत्रबाट उपत्यका छिर्ने नाका हो । प्रस्तावित (निर्माणाधीन) कान्ति राजपथ यसै भञ्ज्याङबाट हेटौंडा पुग्दछ ।

**(३) सिँगाने भञ्ज्याङ**

चौघरे गा.वि.स. मा पर्ने यस भञ्ज्याङको पुरानो नाम सिम भञ्ज्याङ हो । तामाङ भाषामा सिमको अर्थ चिसो हुने भएकाले नाम अनुसारको वातावरण ठयाक्कै मेल खान्छ । यस भञ्ज्याङ्बाट ललितपुर जिल्लाका दक्षिणी पहाडका प्रायः डाँडाकाँडा देखिने हुँदा पर्यटकीय दृष्टिले समेत महत्त्वपूर्ण रूपमा यसलाई लिन सकिन्छ ।

**(४) शशीपा भञ्ज्याङ**

यो चन्दनपुर गा.वि.स. मा पर्ने भञ्ज्याङ् हो । यहाँबाट ललितपुरका उत्तरीभागमा रहेका डाँडाकाँडादेख्न सकिन्छ मात्र होइन तराईको भू-भाग तथा काभ्रेपलाञ्चोक जिल्लाको धेरै डाँडाकाँडाको दृश्यावलोकन गर्न सकिन्छ । बतासे डाँडा पनि यसै शृङ्खलामा पर्दछ ।

### (५) खोर भञ्ज्याङ्

मानिसको वस्ती कम भएको समयमा वन्यजन्तुको भय हुने भएकाले वन्यजन्तुलाई खोर थाप्ने स्थान भएकाले खोर भञ्जयाङ् भनिएको यो भञ्ज्याङ लामो शृङखलामा रहेको छ । प्रसिद्ध उन्यूचौर, कतवन भञ्ज्याङ र शंखुको लाँकुरी भञ्ज्याङ पनि यसै शृङखलामा पर्दछ ।

### (६) ढुटीघारी डाँडा

ललितपुर जिल्लाको सबैभन्दा लामो डाँडा नै ढुटीघारी डाँडा हो । काभ्रेपलाञ्चोकको दुङखर्कदेखि सुरु भएको यो डाँडो मकवानपुर जिल्लाको सिमानासम्म जोडिएको छ । यस डाँडाको दक्षिणपट्टि गिम्दी, ठूलादुर्लुङ, आस्राङ, प्यूटारका सम्पूर्ण भू-भाग पर्दछन् यस डाँडाबाट मकवानपुर लगायत तराईको धेरै भू-भाग देख्न सकिन्छ ।

### (७) वटुके थुम डाँडा

कचौरा वा वटुका जस्तो भू-बनावट भएको यो थुम्को ठूलादुर्लुङ्ग र गिम्दी गा.वि.स.को उच्च भागमा पर्दछ, दुवैतिर खोलाहरू (खुर्मी खोला र गिम्दा खोला) रहेको यो भञ्ज्याङ प्रकाकृतिक रूपमा जति आकर्षक भए पनि विकटताले गर्दा आजकाल सो स्थान चैत पूर्णिमाको दिनमा मात्र प्रयोगमा आउने गर्दछ ।

### (८) सोला भञ्ज्याङ

राणाकालीन अवस्था र सो पछाडि समेत सूचना सङ्केतको रूपमा लिइने सोला भञ्ज्याङहरू दक्षिणी पहाडको डाँडापारि भेगमा थुप्रै छन् । निश्चित सङ्केतद्वारा सूचना प्रदान गर्ने उद्देश्य पूर्तिका लागि वटुवाहरूको बढी आवतजावत हुने स्थानमा यस्ता भञ्ज्याङहरू छन् । हाल प्रचलनमा नरहेको यो प्रक्रिया ऐतिहासिक महत्त्वको नमुना हो । गिम्दी ठूलादुर्लुङ्ग आश्राङ प्यूटार क्षेत्रमा यसप्रकारका सोला भञ्ज्याङहरू भेटिन्छन् । विशेष गरेर महामारी रोग, पशुरोग आदि हुँदाको समयमा यी भञ्ज्याङ हुँदै कुनै पनि पाकेका खाद्य वस्तु ओसार पसार गर्न निषेध गरिने कुरा स्थानीय बासिन्दाहरू बताउँछन् ।

### (९) मन्दिर तथा धार्मिक स्थलहरू

ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रशस्त मन्दिर तथा धार्मिक स्थलहरू छन् । केही महत्त्वपूर्ण धार्मिक स्थलहरूको चर्चा यस खण्डमा गरिने छ ।

(१) कालेश्वरी महादेव मन्दिर

(२) महाकाल मन्दिर

(३) टीका भैरव मन्दिर

(४) सरस्वती मन्दिर

(५) गुप्तेश्वर

(६) कालाभैरव मन्दिर

(७) चुनदेवी मन्दिर

(८) सिद्ध मन्दिर

**(१) कालेश्वर महादेव मन्दिर**

ललितपुर जिल्लाको दक्षिणी पहाडको सबैभन्दा उच्च स्थानमा रहेको मन्दिर कालेश्वर महादेव मन्दिर हो । गिम्दी, ठूलादुर्लुङ र गोटीखेल गा.वि.स.को शिरोभागमा अवस्थित यो मन्दिर आश्चर्यको विषय बनेको छ । पानीको असुविधा भए पनि हाल आकाशे पानी सङ्कलन गर्ने उद्देश्यले ठूला ठूला ट्याङ्की निर्माण गरिएको छ । श्रीपञ्चमी र चैत पूर्णिमा मेला लाग्ने यो मन्दिरमा पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमाको दिनसम्म एक महिनाभरि नै दर्शनार्थीको भीड लाग्दछ । स्वस्थानी व्रतकथामा उल्लेख गरिएको अनुसार सतीदेवीको अङ्ग पतन भएको मानिने हुनाले पनि यस मन्दिरको विशेष महत्त्व रहेको छ ।

**(२) माहाँकाल मन्दिर**

ललितपुरको गोटीखेल गा.वि.स. २ मा रहेको महाँकाल मन्दिर टुंगुन खोला क्षेत्रको महत्त्वपूर्ण मन्दिर हो । वैतर्णी धाम नजिकै रहेको यो मन्दिरमा तीज पर्वमा ठूलो मेला लाग्दछ भने दसैं (आश्विन/कार्तिक) पर्वको नवरात्रिको वेला पनि यहाँ ठूलो घुइँचो लाग्दछ । ठूलो चट्टान माथि अवस्थित यो मन्दिर प्राकृतिक सौन्दर्यको मनमाहेक दृश्यले समेत भरिपूर्ण छ ।

**(३) टीका भैरव मन्दिर**

ललितपुर जिल्लाको लेले गा.वि.स. मा पर्ने यो मन्दिर लेले खोला र नल्लु खोलाको दोभानमा छ । काठमाडौं उपत्यकाभरि नै परिचित यो मन्दिरमा हरेक शनिवार दर्शनार्थीको

भिड लाग्दछ भने दसैंका बेला बलि दिने यस मन्दिरमा चैत्र पूर्णिमाको दिनमा ठूलो मेला लाग्दछ ।

(४) **सरस्वती मन्दिर**

ललितपुर जिल्लाको लेले गा.वि.स.मा रहेको सरस्वती मन्दिर काठमाडौं उपत्यकामा प्रायः विद्यार्थीहरूका लागि परिचित स्थल हो । माघ शुक्ल पञ्चमीका दिन यहाँ निकै ठूलो मेला लाग्दछ ।

(५) **गुप्तेश्वर मन्दिर**

भारदेउ गा.वि.समा पर्ने यो मन्दिर फूलचोकी पहाडको दक्षिणी भागमा पर्दछ । गुफाभित्र रहेको यो मन्दिर निकै रहस्यमय समेत छ ।

(६) **कालभैरव मन्दिर**

ठूलादुर्लुङ्ग गा.वि.स. को वडा नं. २ मा रहेको यो मन्दिर पनि गुफाभित्र रहेको छ । विभिन्न प्राकृति स्वरूपका आकृतिमय यो मन्दिरको गुफाको दुरी २० मिटर रहेको छ । निकै आकर्षक स्वरूपका चित्रहरू हुनु नै यस मन्दिरको विशेषता हो ।

(७) **चुनदेवी मन्दिर**

गोटीखेल गा.वि.स.को वडा नं. ९ मा पर्ने यो मन्दिर पनि आकर्षक छ । सानो ढुँगामाथि अडिएको विशाल चट्टान हेर्दा जादुमय लाग्ने यो मन्दिर पर्यटकीय रूपमा निकै आकर्षण रहे तापनि प्रचारको कमीले चर्चाशून्य छ ।

(८) **सिद्ध मन्दिर**

परम्परादेखि नै कुनै पनि मूर्ति नराखिएको सिद्ध मन्दिर ठूलादुर्लुङको ठाटी भञ्ज्याङमा रहेको छ । विशेष गरेर पशुधनको सुरक्षाको लागि सिद्धलाई निकै महत्त्व दिने डाँडापारि क्षेत्रमा सिद्धको लागि कुखुराको बलि दिने चलन छ ।

## २.३.४ जात्रा तथा मेलापर्वहरू

ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रायः सबैजसो गा.वि.स. मा कुनै न कुनै मेला लाग्ने गर्दछ । यस प्रकारका मेलामा स्थानीय देवी देवताको पूजा गर्ने रातभरि बत्ती जगाउने दोहोरी खेल्ने र नाटक देखाउने आदि रमाइला क्रियाकलाप गरिन्छ । यस क्षेत्रमा हुने केही प्रमुख जात्रा तथा मेलापर्वहरूको सूची तथा प्रस्तुत गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १. | वैशाख पूर्णिमा | - | ठूलादुर्लुङ वरपीपल जात्रा |
| | | | मानिलेख माने जात्रा |
| | | | कतवन माने जात्रा |
| | | | शंखु मगर गाउँ जात्रा |
| २. | जेठ पूर्णिमा | - | गुप्तेश्वर जात्रा |
| ३. | जनै पूर्णिमा | - | गोटी खेल वैतर्णी धाम मेला |
| ४. | श्रृषि पञ्चमी | - | गोटीखेल महाकाल जात्रा |
| | | | चन्दनपुर नमनडोल महाकाल जात्रा |
| ५. | नवरात्र | - | गोटीखेल महाँकाल मेला |
| ६. | नागपञ्चमी | - | ललितपुर लेले सरस्वती कुण्ड मेला |
| ७. | वसन्त पञ्चमी | - | लेले सरस्वती कुण्ड मेला |
| | | | कालेश्वर महादेव मेला |
| ८. | ठूलो एकादशी | - | कटुवावेसी वागमती जात्रा |
| | | | नमन जात्रा-चन्दनपुर |
| | | | ठूलादुर्लुङ्ग-१, कपिराम जात्रा |
| ९. | कार्तिक कृष्ण पञ्चमी | - | दुर्लुङको देवी जात्रा |
| | विवाह पञ्चमी | - | ठूलादुर्लुङ वागमती जात्रा |
| १०. | माघे संक्रान्ति | - | गिम्दी जात्रा |
| ११. | फागु पूर्णिमा | - | कालाभैरव जात्रा, ठूलादुर्लुङ्ग |
| १२. | बालाचर्तुदर्शी | - | गोटीखेल वैतर्णी मेला |
| | | | गोटीखेल पशुपति मेला |
| | | | वागमती दुर्लुङ्ग खोला दोभान जात्रा |
| १३. | चैतपूर्णिमा | - | ललितपुर जिल्लाकै सबैभन्दा ढबी महत्त्वपूर्ण कालेश्वर जात्रा |

माथि उल्लेखित जात्राहरू बाहेक हरेक गा.वि.स.मा कुनै न कुनै जात्राहरू चलिरहेका हुन्छन् । प्रायः जात्रा मनाइने समय रातको समय हुन्छ । जहाँ लोकगीत र लोक भजनले यस भेगका मानिसहरू भरपुर मनोरञ्जन गर्दछन् ।

## २.४ ललितपुर जिल्लाको दक्षिणी भेगको जनजीवन

### २.४.१ सामाजिक जनजीवन

ललितपुरको दक्षिणी भेगमा विशेष गरेर ब्राह्मण, क्षत्री, तामाङ र मगर जाति बसोवास गर्दछन् । दमाई कामी, सार्की लगायत अन्य जातिहरूको भने यस क्षेत्रमा निकै कम संख्यामा बसोवास रहेको छ । दक्षिणी पहाडका मानिखेल चौधरे, भारदेउ, नल्लु, मानिखेल, ठूलादुर्लुङ, गिम्दी आदि गा.वि.स.मा तामाङहरूको जनसंख्या निकै बढी छ भने अन्यत्र गा.वि.स.हरूमा तामाङहरूको जनसंख्या निकै बढी छ भने अन्यका गा.वि.स.हरूमा ब्राहमण क्षत्री लगायत सबै जातिहरू सरोवरी नै बसोवास गर्दछन् । मगरहरूको बसोवास रहेको क्षत्र गिम्दी र दल्चोकी गा.वि.स. हो भने सुनुवार जातिहरू ठूलादुर्लुङमा मात्र बसोवास गर्दछन् । ठूलादुर्लुङ र गिम्दीमा मात्र बसोवास गर्ने अर्को जाति बराम (ब्राम्) हो जुन जाति ललितपुरका अन्य गा.वि.स.मा पाइँदैनन् । दक्षिणी ललितपुरमा नेवारको संख्या लेलेमा केही बाक्लो भए पनि अरू गा.वि.स.मा पुरानो घरवार भएका नेवार भेटिँदैनन् । दमाई कामीहरूको एकीकृत बसोवास कुनै पनि गा.वि.स. मा छैन । प्रायः सबै गा.वि.स.मा फाट्टफुटट्ट बसोवास गरेका पाइन्छ । ललितपुरको, दक्षिणी भेगमा बस्ने पहरीजाति गोटीखेल, दल्कचोकी र लेले गा.वि.स.मा पनि थोरै संख्यामा रहेका छन् भने सार्कीहरू भने केही संख्यामा लेले गा.वि.स. मा मात्र पाइन्छन् ।

### २.४.२ मुख्य पेसा र आर्थिक अवस्था

ललितपुर जिल्लाको दक्षिणी भेगको मुख्य पेसा कृषि हो । यस जिल्लाको प्राय सबै गा.वि.स. हरूमा खेतीयोग्य जमिन प्रशस्त भए तापनि भिरालो धरातल भएका कारण उब्जनी भने हुँदैन । खेती योग्य जमिन प्रशस्त भएका स्थानहरूमा गोटीखेल, मानिखेल, वुखेल, चन्दनपुर, गोटीखेल, लेले, शंखु, प्यूटार, आश्राङ, प्यूटार आदि क्षेत्रमा धान फल्दछ भने धान फल्ने अरू क्षेत्र लेले खोला क्षेत्र हो । प्रमुख रूपमा लेले खोला क्षेत्र र टुंगुन र आलुको उत्पादन हुने गर्दछ । यस क्षेत्रमा कृषि र खेतीपाती पछाडि भेगको ठूलादुर्लुङ्ग, गिम्दी, आश्रङ, प्युटार आदि क्षेत्रमा धान फल्दछ भने धान फल्ने अरू क्षेत्र प्मुखरूपमा लेले खोला क्षेत्र र टुंगुन खोला क्षेत्रमा पनि धान खेती हुन्छ । लेक भेगमा मकै र आलुको उत्पादन हुने गर्दछ । यस क्षेत्रमा कृषि र खेतीपाती पछाडि पशुपालन मुख्य रूपमा आउँछ । डाँडापारि भेगका ठूलादुर्लुङ्ग चन्दनपुर, गिम्दी, आश्राङ, प्यूटार आदि क्षेत्रमा कफी खेती पनि

राम्रोसँग फस्टाएको छ । यस क्षेत्रको मुख्य व्यापारिक वस्तु कफी, अम्रिसो, दुध खुवा र तरकारी तथा गेडागुडी प्रमुख रहेका छन् ।

### २.४.३ विद्युत सेवा

विद्युतको क्षेत्रमा ललितपुर जिल्ला निकै पछाडि छ । उपत्यका बाहिर रहेका बीस वटा गा.वि.स. लेले बाहेक अन्य १९ वटा गा.वि.स. मा भरखर मात्र राष्ट्रिय स्तरको प्रसारणको कार्य सञ्चालन भइरहेको छ । स्थानीय रूपमा भने केही साना निजी स्तरका घट्टे जलविद्युत आयोजनाहरू प्रत्येक गा.वि.स. क्षेत्रमा सञ्चालनमा रहेका छन् ।

### २.४.४ सञ्चार सुविधा

ललितपुरको दक्षिणी भेगमा पर्ने लेले गा.वि.स. बाहेक अन्य १९ गा.वि.स.मा नेपाल टेलिकमको टेलिफोन लाइन विस्तार हुन सकेको छैन । वुखेल गा.वि.स.को उन्यूचौरमा रिपिटर टावर स्थापना भए पछि सि.डि.एम.ए. प्रविधि मार्फत भर्खरै मात्र सञ्चार सुविधा शुरू भए पनि भौगोलिक कारणले भरपर्दो भने छैन । यस क्षेत्रमा नेपाल टेलिकमको प्रि-पेड, पोष्टपेड, एन सेल तथा यु.टी.एल.को सेवा भने सुरु भएको छैन । यस क्षेत्रमा रेडियो नेपालको प्रसारण राम्रो नै छ भने टेलिभिजनको प्रसारण भरपर्दो छैन । हुलाकको प्रयोगमा खासै न्यूनता नआएको यस क्षेत्रमा प्रत्येक गा.वि.स.मा हुलाक कार्यालयहरू छन् ।

### २.४.५ यातायात

दक्षिणी ललितपुरको प्रमुख बाटोहरू लेले-चन्दनपुर मोटरवाटो र कान्ति राजपथ दुईवटा मात्र छन् । यस क्षेत्रमा रहेका बाटाहरू सबै कच्ची छन् । स्थानीय प्रयासबाट हाल प्रायः सबै गा.वि.स.मा मोटर पुग्न थालेका छन् । हालसम्म पनि मोटरवाटो नपुगेको गा.वि.स. ठूलादुर्लुङ गिम्दी आदि छन् । यस क्षेत्रमा रहेका मोटबाटोहरू हिउँदमा मात्र मोटरचल्न सक्ने अवस्थाका छन् । सबैजसो वाटोहरू उचित योजना विना निर्माण भएकोले सडक मापदण्ड अनुसार छैनन् ।

### २.४.६ संस्कृति र परम्परा

दक्षिणी भेगमा बसोवास गर्ने सबै जातिहरूको आ-आफ्नै धर्म र संस्कृति भए तापनि साँस्कृतिक सहिष्णुता यहाँ पाइन्छ । यहाँका सबै चाडपर्वहरूलाई साझा पर्वको रूपमा मान्ने चल्छ छ । दसैं तिहार, तिज, माघे संक्रान्ति, साउने संक्रान्ति, फागु पूर्णिमा, चैते पूर्णिमा

आदि पर्वलाई साझा रूपमा मान्ने चलन छ । यस पर्वलाई खासै भिन्न रूपमा मानिँदैन । दसैंमा जमरा राख्ने पशुबलि दिने चलन सबै जातिमा समान छ ।

ब्राह्मण क्षत्री, दमाई, मगर, नेवार सबैको संस्कृतिलाई छुट्टै रूपमा अध्ययन गर्न सकिँदैन, जन्मेदेखि मृत्यसम्म गरिने संस्कारहरू समान छन् । न्वारन, पास्नी, व्रतबन्ध, विवाह, श्राद्ध जस्ता कार्यमा समान विधि अपनाइएको पाइन्छ । सबै जातिहरूको संस्कारम एकरूपता पाइए पनि तामाङहरूको संस्कार भने फरक छ । हालका दिनमा धेरै खर्च गर्ने, तडक भडक देखाउन देखाउने चलन विस्तारै हराउँदै गएको छ भने तामाङहरूले पनि आफ्नो मामा फुपुको छोराछोरी बीचमा हुने विवाह हुने प्रायः अन्त्य नै भएको छ ।

### २.४.७ शैक्षिक अवस्था

ललितपुर जिल्लाको दक्षिणी भेगमा शिक्षाको अवस्था सन्तोषजनक छैन । वीस वटा गा.वि.स. क्षेत्र भएको यस भेगमा सबै भन्दा पुरानो शैक्षिक संस्था गोटीखेलको महाँकाल मा.वि.को हो भने त्यसपछि भट्टेडाँडा, कालेश्वर गा.वि.स.मा मा.वि. तहसम्म अध्यापन संचालित छन् । दक्षिणी पहाडको शैक्षिक केन्द्र गोटीखेल भएकाले यस क्षेत्रमा हालम्म वी.एड.सम्मको अध्ययन महाँकाल क्याम्पसमा मात्र संचालित छ भने अन्यत्र निजी स्तरमा उच्च मा.वि. संचालन हुने तरखरमा छन् । शिक्षाको क्षेत्रमा यस भेगमा निजी स्तरका शैक्षिक संस्थाको उपस्थिति नगन्य रूपमा मात्र छ । चौघरे गा.वि.स. बाहेक सबै गा.वि.स. मा मा.वि. सम्मको अध्ययन सञ्चालन भए पनि विद्यार्थी संख्या भने निकै कम छ । त्यस्तै अनुभवी र दक्ष शिक्षकहरूको अभाव पनि त्यतिकै छ । जे होस् शिक्षाको क्षेत्रमा विस्तारै पाइला चाल्ने क्रममा ललितपुरको दक्षिणी क्षेत्र अघि बढेको छ ।

## २.५ निष्कर्ष

ललितपुर जिल्ला उपत्यकाको दक्षिणीमा पर्ने जिल्ला हो । यस जिल्लाको दुई तिहाइ भाग पहाडले घेरिएको छ । विभिन्न जातिहरूको बसोवास रहेको यस क्षेत्रमा सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम छ । परम्परागत कृषि पेसामा आधारित यहाँका मानिसहरू मेहेनती छन् । सरकारको मुख ताक्ने भन्दा आफ्नै प्रयासबाट विकास र निर्माणका कार्यहरू सम्पन्न गर्दै विकटताले दिएको अभिशापलाई क्रमशः बदल्ने प्रयासमा सफलोन्मुख हुँदै अगाडि बढेका त्यहाँका मानिसहरू हरेक समस्यालाई सम्भावनाको नजरले हेर्दछन् ।

यस जिल्लाको उच्च भेगमा स्याउ, लोकता, खेतीको सम्भावना छ भने वेसी भागमा अलैची, कागती लगायत खेती संचालनमा छन् । ललितपुरको डाँडापारि भेगमा कफी खेतीले भविष्य उज्यालो बनाउँदै छ भने चन्दनपुर, कालेश्वर, मानिखेल, वुखेल क्षेत्रमा रहेका किसानहरूले गर्ने पशुपालन र तरकारी खेतीले जीवनस्तर माथि उकासिँदै छ। निजी स्तरमा सञ्चालित जलविद्युत, मोटरवाटो आदिले यहाँका जनताको सक्रियतामा विश्वास गर्न सकिन्छ ।

दक्षिणी ललितपुरको जनसंख्याको ठूलो हिस्सा स्वास्थ्य सेवाको सुविधालाई भने अझै पनि सहरमाथि नै निर्भर हुन वाध्य छन् । यस क्षेत्रमा हेल्थ पोष्ट बाहेक ठूला स्वास्थ्य केन्द्र छैनन् । बाटोको राम्रो व्यवस्था गर्न सकेमा यस क्षेत्रको भविष्य सुनौलो हुने छ तर सरकारको ध्यान पुग्नु पनि जरुरी छ । निजी क्षेत्रको सक्रियतालाई सरकारले समेत चासोपूर्वक समेटन् सकेमा यस क्षेत्रको विकास सम्भावना देखिन्छ अन्यथा ललितपुर ? भनेर धेरै पछिसम्म पनि अनौठो रूपमा रहन सक्ने कुरालाई नकार्न सकिँदैन ।

# परिच्छेद तीन
# लोकगीत सिद्धान्त

## ३.१ लोकगीतको परिचय र परिभाषा

लोक साहित्य एक सशक्त र प्राचीन एवम् लोक प्रिय साहित्य हो । लोक साहित्य शब्द लोक र साहित्य शब्दमा समास भएर बनेको शब्द हो । लोक साहित्य श्रुति परम्परामा आधारित जीवित साहित्य हुनाको कारण यसको प्रचलन मौखिक परम्परामा युगौयुगदेखि चलिआएको छ । बालक होस् वा वृद्ध होस सबै उमेर समूहले आफ्नो उमेर सापेक्ष अभिव्यक्त गर्ने लोकगीतले सुख, दुःख, पीडा, हाँसो जस्ता सबै भावलाई समेटन् सक्ने हुँदा सर्वप्रिय बन्न सकेको छ । लोकगीतमा नृत्य तत्त्व र सङ्गीत समेत रहने हुनाले लोक साहित्यका फाँटमा लोकगीतको छुट्टै तर विशेष महत्त्व स्थान रहेको छ । सबै उमेर समूहका मानिसहरूले सबै अवसरहरूमा समय सापेक्ष भाव व्यक्त गर्न सक्ने हुँदा लोक साहित्य अन्य विधाहरूको तुलनामा लोकगीत निकै महत्त्वूर्ण स्थानमा छ ।

प्रत्येक भाषामा लोकगीतहरू रहेका हुन्छन् । यो फरक प्रकारको लघु रचना हो । लोकगीतको सुरुवात कहिले र कहाँबाट कुन परिवेशमा भयो भन्ने कुराको अनुसन्धान गर्नु त्यति सजिलो विषय होइन । लोकगीतको सुरुवात मानिसको विकाससँगै जोडिएर आएको हुनसक्छ र रचना अज्ञात व्यक्तिहरूद्वारा भएको हुन सक्छ तापनि समाजले लोकगीतलाई विगतदेखि वर्तमान समयसम्म पनि ग्रहण गरिरहेको छ । समाजका घटना र सामाजिक यथार्थबाट लोकगीत निर्माण हुने भएकाले समाज नै लोकगीत निमार्णको स्रोत हो ।

लोकगीतका सम्बन्धमा लोक साहित्यका अन्वेषकहरूले विभिन्न समयमा आफ्ना धारणा व्यक्त गरेका छन् । सबै विद्वान्हरूले सामाजिक घटना, जनजीवन, दुःख, पीडा, खुसी जस्ता भावहरूको उपज नै लोकगीत हो भन्ने कुरा व्यक्त गरेको पाइन्छ । लोकगीतमा परिभाषा फरक भए पनि यसको अन्तरभाव भने सवैमा समान पाउँन सकिन्छ । केही प्रसिद्ध विद्वान्हरू तथा लोक साहित्यका अन्वेषक एवम् साहित्यकारहरूको परिभाषालाई यहाँ समावेश गरिएको छ ।

लोकगीतको परिचय दिने सिलसिलामा लोक साहित्यका अध्येता लक्ष्मण लोहनीले भनेका छन् “बसन्तको हरियालीमा, चैते हुरीमा, जेठको खडेरीमा, दिनभरको थकाइमा,

डम्फू, मादल, झ्याली, करताल, खैजेडी, मजुरा र बाँसुरीको रन्कोमा रोदीघरबाट एकडाँडालाई वहपारी, कलकलाई रहेका खोलानालाहरूको अविरल धुनमा सहेलिदै गएका सुरिला मधुर मधुरकण्ठ च्याङवा र च्याङवीको साहिँला र साहिँलीको हृदय फुटेर आएका चोखा सङ्गीतमय उद्गारलाई हामी लोकगीत भन्दछौ (लोहनी, २०२२ : ८) ।

लोकगीतको चर्चा विद्वान्हरूले मात्र होइन स्थानीय गायकहरूले गरेको वर्णनबाट पनि प्राप्त हुने गर्दछ । यसप्रकारको परिचय ललितपुरको दक्षिण ठूलादुर्लुङ्गका प्रसिद्ध श्लोकवाचक केदारनाथ वासकोटाले आफ्नो सानो पुस्तकमा यसप्रकारले गरेका छन् :

*तीन लोक चौधै भुवनमा जताततै सुनिने*
*चार जात छत्तीस वर्ण एक माला उनिने*
*गीत हो उत्तम ! उसमा पनि लोकगीत अझै माथि*
*गाउँछ जसले समिप बसेर बन्ने छ छिटै साथी ॥*
*विरह वेदना, दुःख र पीडालाई पढन सकिने गीत*
*इतिहास धर्म र रीतीलाई देखाउँछ सजिलो सित*
*शक्ति छ गीतमा मन शान्त पार्ने ओखती हो यो एक*
*सुन्दा छ रमाइलो तर उद्देश्य लोकगीतमा अनेक ॥ (१)*
(बाँसकोटा, २०५० : २)

लोकगीतको परिभाषा दिने क्रममा बालकृष्ण समले लोकगीतलाई आफूगीत भनेका छन् । महाकवि लक्ष्मी प्रसाद देवकोटाले त लोकगीत गाउने गायकलाई ‘हलेन केलर’ को संज्ञा दिएका छन् (देवकोटा, २०५७ : ५३) ।

प्रसिद्ध लोक साहित्यकार कृष्णप्रसाद पराजुलीका अनुसार “युगौयुगदेखि मौखिक परम्परा तथा श्रुति परम्पराबाट आउने एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अलिखित साहित्य नै लोक सहित्य हो; यो व्यक्ति विशेषको रचना भएर पनि सामूहिक हुन्छ अनि अलिखित भएर पनि जनमानसमा रहिरहन्छ” (पराजुली, २०५७ : २६) ।

लोकगीतको परिभाषा दिने क्रममा माहेनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेलले भनेका छन्, “लोभावना र विचारको मौखिक एवम् श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ” (शर्मा र अन्य, २०६३ : ७४) ।

युगौयुगदेखि परम्पराको रूपमा आएको लोकगीतले नेपाली साहित्यमा ठूलो स्थान ओगट्न सफल भएको छ । त्यसमा पनि लोकगीत शास्त्रीय तथा आधुनिक गीतलाई समेत उछिनेर प्रतिस्पर्धा भन्दा अगाडि एक्लै लोक प्रियताको शिखर चढेको गीतको क्षेत्रमा अव्वल दर्जा ओगटेको छ । यसो हुनाले मुख्य कारण नै लोकगीतमा समेटिएका विषयवस्तु हुन् । चूडामणि बन्धुको लोकगीत सम्बन्धी परिभाषाले उल्लेखित तथ्यको निवारण गर्न सक्छ । उनका अनुसार “लोकगीत भनेको लोक जीवनको सुख-दुःख, आशा-निराशाका साथै लोकको चाल चलन विधि व्यवहार आस्था र मान्यताको चित्रण हो” (बन्धु, २०५८ : ११५) ।

लोकगीतको सुरुआत कहिले भयो वा कसरी भयो भन्ने कुरा पत्ता लगाउनु महत्त्वपूर्ण कुरा हुन सक्छ तथापि यसको बनावट र प्रस्तुति शैलीले भने मानिसलाई मोहित पार्न सक्छ । वास्तवमा सभ्यताको विकाससँगै लोकगीतको सुरुआत भयो अझ स्पष्ट रूपमा भन्नुपर्दा मानव सम्भताको विकाससँगै उसका दुःखः, सुख र निराशा र उत्साहहरू पनि सँगै विकसित हुन थाले । त्यसैको अभिव्यक्तिले साङ्गीतिकता पायो र गीत बन्न गयो भन्ने अनुमान गर्न सकिन्छ । यस सन्दर्भमा कृष्ण विलास पौड्यालका अनुसार “मानव समाजमा शिक्षाको प्रचार भए पछि नै शास्त्रीय सङ्गीतको विकास भई अनेकन नियमहरू बन्न पुगे तर लोकगीत स्वच्छन्द भावावेगको अजस्रं प्रवाह भएकाले यो नियम साधित नभई उन्मुक्त हुन्छ” (पौडयाल, २०५८ : १३) ।

लोकगीत सर्वप्राचीन विधा हुनाको नाताले अन्य साहित्यका विधासँग यसको निकटता हुनु स्वभाविक हुन्छ । यसो भन्दैमा साहित्यको प्रभाव लोक साहित्यमा पर्न सक्छ वा परेको छ भन्ने चाहिँ अवश्य होइन । वासुदेव त्रिपाठी र अन्य विद्वान्हरूले यस सम्बन्धमा उल्लेख गरेअनुसार “गीत नै विश्वका सबै भेगका भाषाहरूमा कविता परम्पराको आदि स्रोत देखा पर्छ । लोकगीत र लोकगाथा एवम् लोकगाथा चक्रकै कोखबाट प्राचीन मुक्त तथा प्रबन्धात्मक खण्डकाव्य, महाकाव्य जन्मिएका हुन्” (त्रिपाठी र अन्य, २०६० : २६) ।

यसरी विभिन्न परिभाषालाई दृष्टिगत गर्दा लोकगीतको जन्म समाजबाट भएको र समाजका हरेक सहज र असहज परिस्थितिका उपजका रूपमा भएको देखिन्छ । मानिसले आफ्नो खुसी वा दुःखलाई होस वा परिश्रम गर्दाको थकाइलाई हो हरेक कुराको महसुसलाई तथा अनुभवलाई समेत गीतको माध्यमबाट व्यक्त गर्दछन् । यसरी व्यक्त गरिएको अनुभव नै पछि सामाजिक सम्पत्ति बन्न पुग्छ र लोकगीतको रूपमा समाजमा रहिरहन्छ । यसप्रकारको अनुभव हरेक उेमरका मानिसको छुट्टाछुट्टै हुन्छ । बालक, वृद्ध, युवा तथा वयस्कले आफ्नो

उमेरमा गरेका यस्ता अनुभव छुट्टाछुट्टै हुन्छन् तर जुनसुकै उमेरको अनुभव भए पनि सबै उमेर समूहका मानिसले लोकगीतलाई रुचाउनु एउटा पृथक विशेषता हो ।

लोकगीत अलिखित इतिहास हो । यो समाजको विशेषता हो । मानव सभ्यता विकासको प्रमाण पनि । अज्ञानतावश रचिएको भए पनि कालान्तरसम्म पनि लोकगीतले आफ्नो स्थान सबैभन्दा उत्कृष्ट कायम राखेको छ ।

## ३.२ लोकगीतका तत्वहरू

### ३.२.१ पृष्ठभूमि

लोक साहित्यका विभिन्न विधाहरू मध्येको एक सर्वाधिक लोकप्रिय विधा लोकगीत हो । समाजमा रहेको रहन-सहन, रीतिरिवाज, संस्कृति, सभ्यता आदिको प्रतिबिम्ब लोकगीतमा भेट्न सकिन्छ । लोक जीवनको स्वतस्फूर्त भावना प्रवाहित हुने हुँदा लोकगीतमा समाजमा रहेका आवाजहरू प्रतिबिम्बित हुन्छन् । लोकगीत शून्यबाट उठेको एउटा त्यस्तो आवाज हो जसले समाजले इतिहास, विकास र चेतनाको वास्तविक स्वरूपलाई ऐना झैं छर्लङ्ग पार्न मद्दत गर्दछ ।

समाजमा रहेका विभिन्न कथा व्यथालाई समेट्न सक्षम लोकगीतले समाजकोरुचि अनुसारको स्वरूप धारणा गर्दछ । समयको परिवर्तनसँगै लोकगीतमा पनि विभिन्न कुराहरू थपिँदै जान्छन् । समयको गतिसँगै वर्तमानको प्रतिबिम्बलाई लोकगीतले समेट्ने हुनाले लय, सङ्गीत भाषा तथा नृत्य आदि पक्षमा पनि समय अनुरूप परिवर्तन हुने गर्दछन् । कतिपय गीतहरूलाई विभिन्न भाकामा गाइएको पाइन्छ । तर पनि गीतका अन्तरवस्तुमा भने परिवर्तन हुँदैन न त अन्तरभाव नै परिवर्तन हुन्छ । यस अर्थमा हेर्दा कतिपय लोकगीतलाई एकै स्वरूपमा ग्रहण गरिन्छ भने कतिपय गीतहरू स्थान विशेषमा परिवर्तन गरिएको पाइन्छ । तर स्थान अनुसार स्वरूप वा लक्ष्यमा परिवर्तन गरिए तापनि यसको आन्तरिक तत्त्व भने यथावत रहन्छ ।

लोकगीत जुनसुकै समयमा वा जो सुकै व्यक्तिद्वारा निर्माण भए तापनि यसको संरचना निश्चित तत्त्वहरूको संयोजनबाट हुने गर्दछ । गीतमा आवश्यक तत्त्वहरू मिलेन वा पुगेन भने गीत गीत नभएर साधारण गफ जस्तो बन्न जान्छ । गीतमा रस हुनु जरुरी छ । यदि रस भएन भने गीत निरस बन्दछ र त्यसलाई कसै पनि रुचाउँदैनन् ।

लोकगीतका तत्त्वहरूको वर्णन गर्ने क्रममा पनि विद्वान्हरूले आ-आफ्नै ढङ्गले तर्क प्रस्तुत गरेका छन् । प्रत्येक विद्वान्हरूका तर्कहरू आफ्नो स्थानमा मजवुद पनि छन् । विषय वा भावको उपस्थितिमा रसको भरपूर स्वाद दिन सक्नु पर्छ भन्ने कुरा विद्वान्हरूले बताएका छन् । रसको अनिवार्यता, घटनाको प्रधानतामा पनि विद्वान्हरूले जोड दिएका छन् । विभिन्न समयमा विद्वान्हरूकल उल्लेख गरेका लोकगीतका तत्त्वहरूका बारेमा तल उल्लेख गरिएको छ ।

लोक साहित्यका अध्येता शम्भु कोइरालाले लोकगीतमा हुनुपर्ने तत्वको बारेमा निम्नानुसार उल्लेख गरेका छन् (कोइराला, २०५५ : १३)

[१] शीर्षक
[२] लय विधान
[३] भाव विधान
[४] संरचना
[५] विधागत आयाम
[६] शिल्प सौन्दर्य
[७] लय र भाका

लोकगीतका अध्येता चूडामणि बन्धुले लोकगीतमा निम्नानुसार तत्त्वहरू हुनुपर्छ भन्ने कुरा उल्लेख गरेका छन् (वन्धु, २०५८ : ११५) ।

[१] कथ्य
[२] भाषा
[३] चरण र पद
[४] स्थायी वा अन्तरा
[५] रहनी र कथन
[६] लय र भाका

नेपाली लोकगीतका तत्त्वका बारेमा मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेलले निम्नानुसार उल्लेख गरेका छन् । (शर्मा र अन्य, २०६३ : ७५) ।

[१] भाव र विचार
[२] उद्देश्य
[३] भाषा
[४] शैली

उपर्युक्त आधारमा हेर्दा लोक साहित्यका विभिन्न अध्येताहरूले आ-आफ्नै दृष्टिले तत्त्वहरू उल्लेख गरेको पाइन्छ । विद्वान्हरूको वर्णनको आधारलाई समेट्दै लोकगीतका तत्त्वहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

| | | |
|---|---|---|
| १. | विषय वा भाव | ५. भाषा |
| २. | लय वा भाका | ६. शैली |
| ३. | सङ्गीत | ७. नृत्य- हावभाव |
| ४. | विषयको प्रस्तुति | |

**(१) विषय वा भाव**

लोक जीवनको दुःख, सुख आदिको भाव लोकगीतमा व्यक्त हुने गर्दछ, लोक वा समाजको यथार्थ सेरोफेरो लोकगीतमा समेटिने हुँदा धर्म, संस्कृति, इतिहास, दर्शन आदि विषयलाई लोकगीतले व्यक्त गर्दछ । प्रत्येक गीतका छुट्टाछुट्टै भाव हुन्छन् । बालगीतमा पाइने भाव वयस्कहरूको गीतमा हुँदैन । असारे गीतमा पाइने भाव मङसीरे गीतमा हुँदैन । अतः लोकगीतमा व्यक्त हुने विषय वा भावले गायकको अवस्था, परिस्थिति एवम् मनका कुरा समेत स्पष्ट हुने हुँदा विषय वा भाव पक्षको स्थान लोकगीतमा महत्त्वपूर्ण रहन्छ । यस अर्थमा विषयमा विना वा भाव विनाको गीत कल्पना गर्न सकिँदैन ।

**(२) लय वा भाका**

लोकगीतको पहिचान गर्ने मुख्य तत्त्व लय वा भाका हो । लय विनाको गीत जीवन्त रहन कठिन छ । यस अर्थमा लोकगीतको आत्माको रूपमा लय वा भाकालाई लिन सकिन्छ । लय वा भाका स्थान वा क्षेत्रअनुसार तथा गायकको रुचि अनुसार फरक फरक हुन्छ । निश्चित लय हुँदैन र लयको निर्धारण गर्न मिल्दैन पनि । सङ्गीतको साथमा लय संयोजन गरिएका लोकगीतहरू मनमोहक हुन्छन् । तर सबै लोकगीतमा सङ्गीतको भूमिका नरहन सक्छ । यद्यपि सबै लोकगीतहरू कुनै न कुनै लयमा गाइन्छ । एउटा लोकगीतमा प्रयोग हुने लय अर्को गीतमा प्रयुक्त हुँदैन । जस्तै साधारण झ्याउरे गीतलाई असारे गीतको लय प्रयोग गर्ने हो भने त्यो अनौठो मात्र होइन कर्णप्रिय बन्न सक्दैन । यसप्रकार लोकगीतको तत्त्वको रूपमा लय वा भाकालाई पनि लिनुपर्ने हुन्छ ।

**(३) सङ्गीत**

ध्वनिपुञ्जको प्रवाहबाट उत्पन्न हुन विशिष्ट स्वर वा आवाजलाइ सङ्गीत भनिन्छ । लोकगीतमा सङ्गीत अनिवार्य तत्त्व हो । सङ्गीत आन्तरिक र बाह्य दुई प्रकारका हुन्छन् । सङ्गीतको रूपमा स्थानीय सामग्रीहरूको प्रयोग गर्ने र लोकगीतलाई मनमोहक बनाउने चलन लोकप्रिय रूपमा कायम रहेको छ । लोकगीतमा सङ्गीतको महत्त्वलाई सर्वाधिक

मान्यता दिइएकाले नै कतिपय गीतहरू त सङगीत वा वाध सामग्रीहरूकै नामबाट समेत परिचित छन् । जस्तै डम्फूगीत, खैजेडी भजन आदि । गीतको लय वा भाकालाई समेत सङगीतले अझ सुमधुर बनाउँदछ तर लोकगीतमा प्रयोग हुने सङ्गीत सामग्रीहरू भने अन्य गीतमा भन्दा फरक हुन्छन् । डम्फू, मुजुरा, खैजेडी, करताल सहनाइ, चाँप जस्ता सामग्री क्रमलाई आजकाल विद्युतीय सामग्री समेत प्रयोगमा आए तापनि मादल, मुरली, वाँसुरी, सारङ्गी, टुङना आदिको प्रयोगले नै लोकगीत श्रुतिमाधुर्य बन्न सक्दछ । यसप्रकार लोकगीतमा सङ्गीत महत्त्वपूर्ण तत्त्वको रूपमा आउने गर्दछ ।

(४) **विषयको प्रस्तुति**

लोकगीतको प्रस्तुति अन्य गीतहरूको तुलनामा भिन्न हुन्छ । लोकलयमा आधारित रहेर भावलाई सङ्गीतमय बनाउँदै गाउने लोकगीतमा विषयको प्रस्तुतिलाई सरल तरिकाले व्यक्त गरिन्छ जसले गीतलाई सुश्रव्य एवम् सुमधुर बनाउने मात्र होइन श्रोताले सहज रूपमा ग्रहण गर्ने हुनपुग्छ । विषयको प्रस्तुतिलाई नदीको प्रवाहझैं गरिने हुँदा लोकगीतले श्रोतालाई लठ्ठ पार्न सक्छ । विषय प्रस्तुतिको उचित संयोजन नै लोकगीतको प्रमुख विशेषता समेत भएकाले विषयको प्रस्तुतिले लोकगीतको महत्त्वपूर्ण तत्त्वको रूपमा भूमिका खेल्दछ ।

(५) **भाषा**

कुनै पनि गीतहरू निश्चित भाषामा संरचित हुने हुँदा लोकगीत पनि भाषाको प्रयोग विना बाँच्न सक्दैन । कथ्य रूपमा हस्तान्तरित हुने हुँदा लोकगीतमा प्रयोग हुने भाषा प्रयुक्त पदावली, वाक्य तथा वाक्यांशहरूमा कथ्य भाषाको शुद्धता र ठेटपन पाइन्छ । परम्पराबाट आएको भए तापनि लोकगीतको भाषाशैली स्तरीय नै हुने गर्दछ । लोकगीतमा प्रयोग हुने भाषा सरल र स्पष्ट हुने हुँदा लोकप्रियता कायम हुन सहज हुन्छ । यसप्रकार भाषा लोकगीतको अनिवार्य तत्त्वको रूपमा देखा पर्दछ ।

(६) **शैली**

शैली भन्नाले रचना शिल्प वा गीतको बुनोटलाई बुझाउँदछ । साहित्यका अन्य विधाहरूको तुलनामा लोकगीतको संरचना फरक हुन्छ । गीतको वुनोट भन्नाले भाव, कथानक, रस, अलङ्कार, भाषा, चरण, लय आदि कुरालाई जनाउँछ । अतः यी सव कुराहरूले बुनिएको संरचना नै लोकगीत भएकाले लोकगीतमा शैलीको भूमिका रहन्छ । शैली विनाको गीत कर्णप्रिय बन्न सक्दैन ।

### (७) नृत्य-हावभाव

लोकगीतले समाजको यथार्थ समेट्ने हुँदा गीतमा नृत्य वा हावभावको भूमिका महत्त्वपूर्ण रहनु स्वभाविक हो । कतिपय लोकगीत त नृत्य विना प्रस्तुत गर्न समेत सकिँदैन । डम्फूगीत, बालुन, खैजेडी भजन जस्ता गीतहरू नृत्य विना प्रस्तुत गर्न सकिँदैन । तर यसो भन्दै सबै लोकगीतमा हावभाव वा नृत्यको जरुरी नै रहन्छ भन्ने चाहिँ होइन । तर नृत्य हावभाव व्यक्त गर्न मिल्ने गीतहरू बढी लोकप्रिय रहन्छन् । तसर्थ नृत्य-हावभाव पनि लोकगीतको अनिवार्य तत्त्वको रूपमा रहन्छ ।

## ३.३ लोकगीतका विशेषताहरू

लोकगीत भनेको लोक जीवनको रागात्मक, स्वर्स्फूत, लयात्मक अभिव्यक्ति भएकाले यसमा लोक जीवनका दुःख, सुख, आँसु, हाँसो, आशा-निराशाका साथै लोकको चालचलन विधि व्यवहार, आस्था र मान्यता एवम् साँस्कृतिक तथा धार्मिक विधि व्यवहारको चित्रण हुन्छ । लोकगीतबाट नै लोकको सम्पूर्ण अवस्थाको सूचना प्राप्त गर्न सकिने हुँदा यसको अध्ययनबाट धेरै कुराको जानकारी प्राप्त हुन्छ । संसारमा लिपिको आविस्कार हुनुभन्दा अगाडि नै लोकगीतको प्रचलन भएकाले लोकगीतको सम्बन्ध कथ्य भाषासँग रहेको हुन्छ । श्रुतिपरम्पराबाट नै हस्तान्तरण हुँदै जीवन्त रहेको लोकगीतले पूर्व-पश्चिम, लेक-वेसी, पर्व, मेला, जात्रा, संस्कार जस्ता सबै क्षेत्र ओगटेको छ । मानव सभ्यताको विकाससँगै लोकगीत पनि क्रमशः विकास हुँदै आउने क्रममा धेरै आरोह अवरोह छिचोल्दै वर्तमान विद्युतीय सङ्गीतको प्रतिस्पर्धामा समेत लोकगीतले महत्त्वपूर्ण स्थान पाउनु चानचुने कुरा होइन । अलिखित भएर पनि अस्तित्वमा रहन सक्नु लोकगीतको एउटा पृथक विशेषता हो । जुन अरू गीतमा जति चर्चा गरे पनि अपूरो र अधूरो रहन सक्छ । लोकगीतका विशेषताका बारेमा विद्वान्हरूले छुट्टाछुट्टै धारणा व्यक्त गरेका छन् । केही विद्वान्हरूको विचारलाई तल प्रस्तुत गरिएको छ ।

लोकगीतको विशेषतालाई समेट्ने क्रममा वेनी जंगम रावलले "इतिहासको रित्तो ठाउँलाई भर्न सक्ने लोकगीतले देशीय संस्कृतिको महत्त्वपूर्ण पाटो सम्हालेर आएको हुन्छ" भनेकी छन् (रावल, २०६६ : ४६) । यस भनाइले लोकगीतले देशको संस्कृतिको परिचय दिएर गीतको इतिहासको रिक्ततालाई समेत पूर्ति गर्दछ भन्ने विशेषतालाई उजागर गर्न खोजेको छ ।

लोकगीतका अध्येताद्वय धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतका विशेषतालाई यसप्रकार देखाएका छन् (थापा र अन्य, पूर्ववत् : ८६) ।

१. गतिमा तिव्रता हुनु,

२. सरल, सरस, प्रभावशाली अभिव्यक्ति तथा शब्द विन्यास हुनु,

३. सार्वजनिक मौलिक संवेग पाइनु,

४. सूक्ष्म विश्लेषणको अपेक्षा, प्रभावोत्पादक स्थूल चित्र हुनु,

५. स्थान र समसामयिकताको प्रभाव (छाप) पाइनु ।

लोकगीत विशेषतालाई केलाउने क्रममा माहेन राज शर्मा र खगेन्द्र प्रसाद लुइटेलले निम्नानुसार विशेषताको उल्लेख गरेका छन् (शर्मा र अन्य, २०६३ : ७७-७८) ।

१. रचनाकार र रचनाकाल अज्ञात,

२. मौखिक एवम् श्रुति परम्परामा आधारित,

३. सामूहिक अभिव्यक्ति,

४. परिवर्तनशील,

५. सरल र सहज,

६. लयात्मक र साङ्गीतिकता,

७. स्थायीको पुनरावृत्ति,

८. मनोरञ्जनात्मक र उपदेशमूलक,

९. स्वच्छन्द प्रकृति,

१०. मर्मस्पशी र प्रभावकारी,

११. हार्दिकताको प्रधानता,

१२. लोकतत्त्वको प्रधानता,

१३. भावगत एकोन्मुखता,

१४. प्रगीतात्मक

लोक साहित्यका अध्येता तुलसीमान श्रेष्ठले लोकगीतको विशेषतालाई समेट्ने क्रममा लोकगीतले आञ्चलिक परिचय दिने विशेषता बोकेको हुन्छ भन्ने सन्दर्भमा

यसप्रकारको धारणा व्यक्त गरेका छन्, “लोक साहित्यले लोकलाई चिनाउँछ, समाजलाई चिनाउँछ । डेउडा गीतले सुदूर पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सिङ्गो पश्चिम नेपाललाई चिनाएको छ । सँगिनी गीतले पूर्वी नेपाललाई चिनाउँछ र झ्याउरे, चुड्का, रोइला आदि गीतले मध्य क्षेत्रको चिनारी गराउँछ” (श्रेष्ठ, २०६६ : २९) ।

लोकगीत मानव जीवनका अनेकपक्षहरूसँग प्रत्यक्ष सम्बन्ध राख्ने विधा भएकाले जीवन श्रृङखला झैं विविध विशेषता रहनु स्वभाविक हुन्छ । जीवनका विविध पक्षहरूसँग सम्बन्ध राख्दै युगौयुगदेखि फैलिदै र मौलाउँदै आएको लोकगीतका विशोषताहरूलाई निश्चित रूपमा राख्नु वा खुम्च्याउनु अन्याय हुन जान्छ । तापनि लोकगीतका विशेषताहरूलाई समेट्ने क्रममा लोकगीतका अध्येताहरूले दिएका विचारलाई सम्मान गर्नु उपयुक्त हुन्छ । यस्तै विशेषताहरूको बारेमा चर्चा गर्ने क्रममा धेरै विद्वान्हरूका विचारको संयोजन गर्दै अध्येता कृष्ण प्रसाद पराजुलीले औल्याउनु भएको बुँदाहरूले लोकगीतका विशेषताहरूलाई समेट्न खोजेको छ तर यसो भन्दैमा अन्य विद्वान्हरूको विचारलाई कमजोर ठान्नु वा हालसम्म प्राप्त उपलब्धिलाई नै पूरा भएको ठान्नु भने उचित हुँदैन । यहाँ पराजुलीले देखाएका विशेषताहरूलाई संक्षेपमा वर्णन गरिएको छ । ती विशेषताहरू यसप्रकार छन् (पराजुली, २०५८ : १३८) ।

१. अज्ञात रचयिता,

२. सामूहिक भावभूमि,

३. मौखिक परम्परा र गतिशीलता,

४. सहजता र स्वभाविकता,

५. मौलिकता र सहजता,

६. स्वच्छन्दता,

८. स्थान र भाषिकाको प्रयोग ।

### १. अज्ञात रचयिता

लोकगीतको जन्म समाजबाट नै भएको हुँदा यसको रचनाकार को हो ? यसको रचना कहिले भयो भन्ने जस्ता प्रश्नहरू अनुत्तरित नै छन् । लोकगीतले मानव जीवनमा घटेका घटनालाई प्रमुख विषय बनाउने हुँदा मावन सभ्यताको इतिहाससँगै लोकगीतको इतिहासलाई जोडेर हेर्नुपर्ने हुन्छ । पुस्तौ पुस्तादेखि हालसम्म फैलिदै, झांगिदै र मौलाउँदै आएको लोकगीतको रचनाकार, रचना स्थल र रचना भएको समयका सन्दर्भमा कुनै व्यक्ति,

स्थान र समयलाई किटानी साथ भन्न सकिने स्थिति छैन । जसले जहाँ, जुन समयमा रचना गरेको भए पनि यो हृदयग्राह्य हुने हुँदा अर्को व्यक्तिले आफ्नो मनको गीत मानेर ग्रहण गर्दछ । कसले कहिले र किन रचना गऱ्यो भन्नेतर्फ ग्रहण गर्ने व्यक्ति वा सङ्कलन कर्ता सोच्न आवश्यक ठान्दैन । यस अर्थमा लोकगीतको रचनाकार गौण रहेर पनि गीत प्रसिद्ध बन्न पुग्छन् ।

## २. सामूहिक भावभूमि

लोकगीत समाजको सम्पत्ति हो । लोकगीतका रचनाकारको निकट सम्बन्ध समाजसँग नै रहने हुँदा लोकगीतका रचनाकारले समाजमा रहेका धर्म, कर्म, संस्कार, रीतिरिवाज, विधि व्यवहार आदि विषयवस्तुको परिचय र वर्णनमा केन्द्रित रहेर लोकगीतको रचना गर्ने हुँदा लोकगीतमा सामूहिक स्पन्दनको प्रवेश हुन्छ । लोकगीतको विषयवस्तुले समाजलाई नै मोहति पार्ने हुँदा सामूहिक भावभूमि लोकगीतको विशेषता हो ।

## ३. मौखिक परम्परा र गतिशीलता

लोकगीतहरू मौखिक परम्परामा आधारित रहेर युगौयुगसम्म हरेक व्यक्ति र समूहलाई प्रवाहित पार्दै मौखिक रूपमा समाजमा अस्तित्वमा रहेका छन् । समाजले ग्रहण गर्ने हुँदा यसको गतिशीलता पनि समाजबाट नै निर्धारण हुने गर्दछ । मौखिक परम्परामा जीवन्त बन्दै गीत गायनको प्रक्रियामा अगाडि बढ्ने क्रमसँगै रचनाकार लुप्त बन्दै जान्छन् र गीत भने एक व्यक्तिबाट अर्को व्यक्ति (एक कान दुई कान मैदान) हुँदै समाजको वृहत्तर क्षेत्रलाई प्रभावित पार्दछ र सामूहिक भावभूमिको रूपमा आफ्नो अस्तित्व कायम गर्न सफल हुन्छ । अतः अनादि कालदेखि मौखिक परम्परामा जीवन्त बन्दै पुस्तौपुस्तासम्म चलिरहने गतिशील चलिरहेका दसौंपुस्ता अगाडिका गीतहरू समेत आफ्नो यथाअस्तित्वमा रहन सफल छन् ।

## ४. सहजता र स्वभाविकता

लोकगीतमा हरेक प्रकारका व्यवहारिक सहजता पाउन सकिने हुँदा लोक जीवनका हरेक पक्षहरू लोकगीतमा समावेश हुन्छन् । सामाजिक यथार्थतामा नै आधारित रहेर लोकगीत निर्माण हुने हुँदा भावनामा कृतिमताको लेश समेत पाइँदैन । कुन लयमा गीत गाउने भन्ने विषयमा पनि कुनै खास नियम नभएकाले गायकले आफ्नो रुचि अनुसारको लय वा भाकामा गीत गाउन सक्छ । यसरी आफ्नो रुचि अनुसारको लय वा भाकामा गाउन सकिने हुँदा सहजता रहन सक्छ भने गायकले आफ्नो प्रस्तुतिलाई स्वभाविक रूपमा प्रस्तुत

गर्न सक्छ । यसप्रकार सहजता र स्वभाविकतालाई लोकगीतको विशेषताको रूपमा लिनु उपयुक्त हुन्छ ।

### ५. मौलिकता र सहजता

लोक वा समाजले स्वीकार गरेको हुनाले लोकगीत स्वतः स्फूर्त रूपमा विकसित हुने गर्दछ । लोकमानसको भावनालाई स्वभाविक रूपमा उजागर गर्ने हुँदा लोकगीत समाजमा रहेका हरेक वर्ग र समुहका लागि उत्तिकै लोकप्रिय बन्न सक्छ । लोकगीतमा प्रयोग हुने भाषामा सामजिक पृष्ठभूमि पाइने भएकाले हृदयका उद्‌गार एवम् प्रत्येक व्यक्तिका व्यक्तिगत चाहना, भोगाइ तथा अनुभूतिलाई यसले समेट्न सक्दछ । मौखिक रूपमा एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दै जाने हुँदा गीतहरू अनूदित नभई मौखिक रूपमा नै हस्तान्तरण हुन्छन् । यसो हुँदा गीतमा आफ्नोपन हुने गर्दछ । समाजले सजिलैसँग ग्रहण गर्ने हुनाले गीतहरू जीवन्त बन्न पुग्दछन् । सरल स्वभावका निश्च्छल हृदयबाट पैदा भएका अनुभूतिलाई नै लोकगीतको रूपमा व्यक्त गरिने हुँदा गीतहरू सरल हुने गर्दछन् । यसप्रकार लोकगीतको रूपमा व्यक्त गरिने हुँदा गीतहरू सरल हुने गर्दछन् । यप्रकार लोकगीतके विशेषताको रूपमा सरलता र मौलिकतालाई लिन सकिन्छ ।

### ६. स्वच्छन्दता

लोकगीतको निर्माण अज्ञात समयमा भए पनि गीत सिर्जना हुनको लागि एउटा निश्चित परिस्थिति, अवस्था वा अवसरको आवश्यकता पर्ने हुन्छ । यस आधारमा हेर्दा मेलापात, संस्कार, पर्व, प्रेमप्रसङ्‌गहरू आदि अवसरमा व्यक्त हुने लोकगीतका भावना र भाकाहरू समेत फरक फरक हुने गर्दछन् । एउटा समय वा प्रसङ्गमा गाइने गीत अर्को समय वा प्रसङ्गमा नमिल्ने हुँदा समय अनुसार सुहाउँदा गीतहरू समाजमा भण्डारको रूपमा रहेका छन् । कथनपद्धति फरक फरक हुनाले लोकगीतका स्वरूप र प्रकार समेत भिन्न देखिने भएकाले कथनमा विविधता लोकगीतको विशेषताको रूपमा लिइएको छ ।

### ७. स्वच्छन्दता

लोकगीतको निर्माण शास्त्रीय सङ्‌गीतको नियम बन्नुभन्दा पहिले नै भएको हुनाले लोकगीत शास्त्रीय नियमको वन्धनबाट मुक्त हुन्छ । समय र परिस्थिति अनुसार लोकलयमा लोकगीतको प्रष्फुटन हुने हुँदा र देश, काल र परिस्थिति अनुरूपकै लोकगीत निर्माण हुने हुँदा लोकगीतले छन्द, गण जस्ता शास्त्रीय बन्धनबाट मुक्ति पाएको हुन्छ । सामाजिक सम्पत्तिको रूपमा लोकगीत स्वच्छन्द बन्दै आएर समाजमा लोकप्रिय रूपमा रहेका छन् ।

८.	**स्थान र भाषिकाको प्रयोग**

लोकगीत समाजको सम्पत्ति भएकाले गीतमा भौगोलिक अवस्था र निश्चित भूगोलमा बसोवास गर्ने मानिसहरूको भाषा समावेश भएको हुन्छ । जुन भूगोलको गीत हो सो क्षेत्रको भाषाले प्रभुत्व जमाउनु स्वभाविक हुन्छ । स्थान विशेषका भाषाले लोकगीतको शब्दको चयन प्रक्रियालाई प्रभावित पार्दछ । लोकगीतमा निश्चित क्षेत्रको सरोफेरोको शब्दहरू अत्याधिक प्रयोग भएको पाइन्छ । स्थानीय शब्दहरूको प्रयोगका आधारमा लोकगीतको आञ्चलिकता वा स्थानीयता समेत पहिचान हुने गर्दछ । स्थान विशेषको भाषिकाको प्रयोग हुने भए तापनि अर्थ भने सर्वग्राही नै हुने गर्दछ । यसप्रकार स्थान विशेष भाषिकाको प्रयोग हुनु लोकगीतको आफ्नै विशेषता हो । जुन विशेषताको कारण गीतको प्रकृति हेरेर कुन क्षेत्रको गीत हो भन्ने छुट्याउन समेत सजिलै सकिन्छ ।

## ३.४ नेपाली लोकगीतको सिर्जना र अध्ययन परम्परा

### ३.४.१ नेपाली लोकगीतको सिर्जना

लोकको गर्भबाट जन्म लिएको लोक साहित्यको सर्वाधि रुचाइएको विधा हो लोकगीत । पुस्तौपुस्तादेखि श्रुतिपरम्पराबाट आफ्नो अस्तित्व जोगाइ राख्न सफल हुनु नै लोकगीतको वैशिष्टय हो । समाजमा लोकगीतको सिर्जनालाई मानव सभ्यताको विकाससँगै जोडे हेर्ने गरिएको छ । समाजको विकास सँगसँगै भाषा एवम् साहित्यको समेत विकास हुने हुँदा लोकगीतको सुरुआत मानिसको विकासक्रमसँगै अभिन्न रूपमा आएको मान्न सकिन्छ । युगौयुगदेखि समाजको प्रिय बन्दै आएको लोकगीत र लोकभाकाहरू अति मार्मिक मात्र होइनन् चित्तचोर पनि हुन्छन् । समाजको सवै पक्षलाई सरल एवम् सहज ढङ्गले स्वभाविक रूपमा जव लोकगीतका भावहरू गुन्जन्छन् त्यसबेला समाजको यथार्थ स्वरूप छर्लङ्ग हुन्छन् । मौखिक परम्परामा जीवित रहन सफल लोकगीतले एकपुस्तादेखि अर्को पुस्तासम्मको मौलिकतालाई कायम राख्न सफल हुँदै वर्तमान समयसम्म पनि नवीनतम् आभास दिलाउने सफलता हासिल गरेका छन् । लोकगीतले समाजमा आफ्नो स्थानलाई लोकप्रियताको उच्च शिखरमा उभ्याएको छ । गीतको माध्यमबाट समाजको यथार्थ स्पष्ट रूपमा देखिने हुनाले लोकगीत र मानिसको सभ्यताको विकास चरणलाई छुट्याएर हेर्न मिल्दैन ।

नेपाली भाषाको लिखित रूप तेह्रौ शताब्दीको प्रारम्भमा मात्र पाइए तापनि यसको व्यवहारिक प्रयोग विक्रमको छैटौदेखि एघारौ शताब्दीका बीचमा भएको हो भन्ने विज्ञहरूका

भनाइ रहेको छ (पराजुली, २०४९ : १६) मोतीलाल पराजुलीले बताएको यो तथ्यको आधारमा के अनुमान गर्न सकिन्छ भने नेपाली साहित्यको सिर्जना विधिको यस लामो अवधिपूर्व नै जननी भाषाको रूपमा रहेको प्राकृतिक एवम् संस्कृत भाषाबाट समेत नेपाली भाषामा लोक साहित्यको प्रभाव हस्तान्तरित भएको हुन सक्ने सम्भावनालाई समेत विश्वास गर्न सकिन्छ ।

पुस्तौपुस्तादेखि हस्तान्तरित हुँदै आएको र हस्तान्तरण हुँदै जाने प्रक्रिया निरन्तर रहिरहेको लोकगीतको जन्मभूमि समेत अन्यत्र नभएर यही समाजबाट भएको हो । समाजमा प्रचलित धर्म, संस्कृति, चाड, पर्व, यात्रा, जात्रा, मेलापात, रीतिरिवाज आदि मान्ने क्रमसँगै लोकगीतको जन्म भएको हो । लोकगीत पनि अरू विषयभैँ व्यक्ति विशेषको रचना नै हो तर विस्तारै समाजको सम्पत्ति हुने क्रममा लोकगीतले प्रत्येक व्यक्तिको भावनालाई समेट्दै जान्छ र व्यक्तिले गीतलाई आफ्नो व्यक्तिगत जीवनको घटनासरह स्वीकार गर्दछ । लोक समाजबाट नै सिर्जना हुने लोकगीत समाजको साभा सम्पत्ति हो । त्यसमाथि कसैले पनि अधिकार जाउने प्रयत्न समेत गर्दैन । संक्षेपमा भन्नुपर्दा समाजका हरेक पक्षको वास्तविक चित्र नै लोकगीत सिर्जनाको आधार मान्नु उपयुक्त हुन्छ ।

कुनै पनि वस्तु सिर्जना हुनको लागि निश्चित परिस्थिति आवश्यक हुन्छ । मानिसले आफ्नो जीवन भोगाइका क्रममा विभिन्न परिस्थितिको सामना गर्नुपर्ने हुन्छ । यो मानिसको स्वभाव पनि हो । मानिसले आफूलाई परिआएका दुःखहरू व्यक्त गर्ने तरिका फरक फरक हुन्छन् । दुःख व्यक्त गर्दाको कतिपय तरिकाहरू अनुकरणीय समेत हुन्छन् । यस्ता भावनाहरूको अनुकरणले विस्तारै कुनै लय धारणा गर्दछ र गीत बन्दछ । यसबाहेक रमाइला क्षणहरूलाई पनि व्यक्त गर्दा गीत बनेको देखिन्छ । यतिमात्र होइन मानिसले अरूप्रति गर्ने माया, श्रद्धा, आस्था, विश्वास, घात, प्रतिघात, चोट जस्ता कुराले पनि गीतको निर्माण भएका छन् । जे होस्, लोकगीत यही समाजको गीत हो । समाजमा घट्ने घटनाहरू कुनै न कुनै अवस्थामा व्यक्तिहरूका जीवनसँग मेल खान पुग्दा उसले आफ्नो यथार्थ घटना सम्भेर ग्रहण गर्नु र समाजमा कुनै न कुनै तरिकाले प्रस्तुत गर्दा नै गीतको प्रसारण हुन्छ । यसरी नै लोकगीतहरू सिर्जना हुने, समाजमा लोकप्रिय हुने तथा युगौयुगसम्म जनजीव्रोमा रहने गरेको छ । यसप्रकार समाजका हरेक पक्षको वास्तविक चित्र नै लोकगीत सिर्जनाको आधार देखिएको छ । लोकगीत सिर्जना गर्न न कुनै नियम हुन्छ न त कुनै शास्त्र नै । समाज नै लोकगीत सिकाउने गुरु र शास्त्र पनि हो ।

## ३.४.२ नेपाली लोकगीतको अध्ययन परम्परा

हालसम्म लोकगीतको कुनै पनि अभिलेख छैन । यो श्रुतिपरम्परामा जीवित रहेको छ । लोक साहित्यका अन्य विधाहरू पनि लोकप्रिय त छन् तापनि अन्य विधाको तुलनामा लोकगीत सर्वग्राह्य हुन्छ । लोकगीतको प्राचीन रूप नपाइए तापनि यसको पृष्ठभूमि वैदिक युगभन्दा पनि पुरानो रहेको छ । वेद भन्नु नै आदिम लोक साहित्य हो । लिखित साहित्यको आगमन वा सुरुवात भन्दा धेरै पहिलेदेखि लोक साहित्यले समृद्धिका स्तम्भहरू जनयुद्धमा गाडिसकेको थियो । जसको अभिव्यक्ति लोकगीतमा हुन्छ (इन्साइक्लोपेडिया व्रिटानिका, खण्ड-९ : ४४४) ।

वेदको समयभन्दा पनि अगाडि (Early Vedic Civilization) नै नाचगान र मनोरञ्जनको चरन थियो भन्ने तथ्यहरू फेला परेका छन् । इ.पू. १००० भन्दा अगाडि नै (ऋग्वेदको समयभन्दा पनि अगाडि) यसप्रकारको प्रयोग संस्कृतिविद् तथा पुरातत्त्वविद्हरूले फेला पारेका छन् । प्रेम खत्री र पेशल दाहालका अनुसार पूर्ववैदिक समयमा विभिन्न चाडपर्वहरू मनाएर नाचगानको आयोजना गरिन्थ्यो । नगरा, ढोल, वीणा र बाँसुरी आदिको वाजाको उल्लेख ऋगदेवमा पाइन्छ (खत्री र दाहाल, २०५४ : ११४) ।  त्यसबाट पनि लोकगीतको परम्पराबारे थाहा हुन्छ । यसबाट लोकगीतको परम्पराबारे स्पष्ट हुन सकिन्छ । यस आधारमा हेर्दा लोकगीतको परम्परा आजभन्दा ३००० वर्ष पुरानो भएको सिद्ध भइसकेको छ ।

नेपाल लोक साहित्यमा लोकगीतको अध्ययनलाई सहज बनाउन र विश्वासिलो आधार खडा गर्न गीतको अध्ययन परम्परा र अध्ययनको विकासक्रमलाई ख्याल गर्नुपर्ने हुन्छ । विभिन्न समयमा लोक साहित्यका अध्येता एवम् विद्वान्हरूले यसको विकासक्रमलाई निर्क्यौल गरी निचोड समेत निकालेका छन् । केही प्रमुख अध्ययन परम्परालाई संक्षेपमा उल्लेख गरिएको छ ।

नेपाली लोक साहित्यका अध्येता धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकगीतको अध्ययन परम्परालाई छुट्याउन विभिन्न चरणमा विभाजन गरेका छन् । अध्ययन परम्परालाई सरल र सहज तुल्याउने गरी गरिएको विभाजन यसप्रकारको छ (थापा र अन्य, पूर्ववत् : ३२) ।

१.	प्रथम चरण : वि.सं. १९५२ - १९५७ सम्म (वीर शमशेरको शासन कालदेखि हाजिर माने गीत प्रसारसम्म)

२.	द्वितीय चरण : वि.सं. १९५८ - २००७ सम्म (गोरखापत्रको प्रकाशनदेखि प्रजातन्त्र रेडियो स्थापनासम्म)

३.	तृतीय चरण - वि.सं. २००८ देखि हालसम्म

लोक साहित्यका अर्का चर्चित विद्वान् कृष्णप्रसाद पराजुलीले पनि लोकगीतलाई तीन चरणमै विकास भएको भनी उल्लेख गरी तीनवटा चरणमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त हुने बताएका छन् (पराजुली, पूर्ववत् : ९४) ।

**(१)	पृष्ठभूमि**

(क)	इ.पू. ४००० देखि इ.पू ५०० सम्म ऋगदेवदेखि बौद्ध जातकसम्म

(ख)	छैटौं शताब्दीदेखि१८७१ (नेपाली डवली परम्परा) सम्म

(ग)	वि.सं. १८७२ पिनासको कथादेखि १९४५ (हाजिरमाने गीत प्रचार) सम्म

**(२)	प्रारम्भ - वि.सं. १९४६ देखि १९९५ सम्म**

(रोमाञ्च कथा, लहरी साहित्य, सवाई साहित्य तथा लिपिमूलक सङ्कलनको प्रारम्भिक प्रचलन, वीर सिक्कादेखि सवाई साहित्यसम्म)

**(३)	विकास**

(क)	स्तरीय सङ्कलन (वि.सं. १९९६ - वोधविक्रम अधिकारीको नेपाली दन्त्य कथादेखि २०१० सालसम्म)

(ख)	अनुसन्धान तथा विशेषणमूलक क्रम [वि.सं. २०१० देखि (डाँफेचरीदेखि) हालसम्म]

लोक साहित्यका विद्वान् चूडामणि बन्धुले पनि अध्ययन  परम्परालाई तीन तहमा नै विभाजन गरेर लोकगीतको ऐतिहासिकतालाई प्रष्ट पार्न जमर्को गरेका छन् (बन्धु, पूर्ववत् : १००) ।

(१)	सम्बर्द्धन काल - प्रारम्भदेखि १९९८ सम्म ।

(२)	सङ्कलन काल - वि.सं. १९९८ देखि २०२४ सालसम्म ।

(३)	अध्ययन अनुसन्धान काल - वि.सं. २०२४ पछि ।

लोक साहित्यको क्षेत्रमा सुपरिचित व्यक्तित्व तुलसीमान श्रेष्ठले नेपाली लोकगीतको अध्ययन परम्परालाई तीन चरणमा विभाजन गर्दा लोकगीत प्रति न्याय हुने उल्लेख गरेका छन् (श्रेष्ठ, पूर्ववत् : २९) ।

(१) **प्रथम काल - सम्वर्द्धन काल (सुरुदेनि १९९६ वि.सं. सम्म)**

मोतीराम भट्टको उखानको वखानदेखि वोधविकक्रम अधिकारीको नेपाली दन्त्य कथा १९९६ भन्दा अगाडिको समयसम्म

(२) **द्वितीय चरण - सङ्कलन काल (वि.सं. १९९६ - २०२३ सम्म)**

बोध विक्रम अधिकारीको नेपाली दन्त्य कथा (१९९६) देखि आर.डी. र एल.एल.को नेपालका जाति र तिनका लोकगीत (२०२३) सम्म ।

(३) **तृतीय चरण - प्राज्ञिक - शैक्षिक काल (२०२४) देखि हालसम्म**

तुलसी दिवसको लोकवार्ता एक वैज्ञानिक शास्त्र (वि.सं. २०२४) देखि पछि भएका त्रि.वि. लगायत शिक्षण संस्था तथा लेखकहरूको अनुसन्धानमूलक कार्य ।

यस प्रकार लोक साहित्यका क्षेत्रमा विभिन्न समयमा विद्वान्हरूले लोकगीतको अध्ययन र अनुसन्धानलाई निरन्तरता दिँदै आएका छन् । लोकगीतको कालक्रमिक विभाजन गर्दै अध्ययन परम्परालाई श्रृङ्खलावद्ध रूपमा प्रष्ट पारेका छन् । लोक साहित्यको सशक्त विधा लोकगीतको अध्ययन परम्पराका सम्बन्धमा अध्येताहरूको अध्ययन, अनुसन्धान र विश्लेषणलाई समेत दृष्टिगत गर्दै यहाँ केही चर्चा गरिएको छ ।

लोक साहित्यको उत्पत्ति लोक समाजबाट भएको हो र मानव विकाससँगै भएको हो । मानिसले आफ्ना पीडा वा खुसीलाई क्रमशः व्यक्त गर्दै जाँदा पछि अनुकरणीय बन्न पुग्नुको परिणाम स्वरूप लोकगीत बन्न गएको आभास हुन्छ । लामो परम्परा भएकाले नै लोकगीत सर्वव्याप्त र सर्वप्रिय पनि त्यत्तिकै छ । नेपाली भाषाको जननी भाषा संस्कृतलाई अध्ययन गर्ने हो भने पूर्व वैदिक कालमै लोकगीतको चलन चलिसकेको कुरा पुराण इतिहासहरूले स्पष्ट पारेको छ । ऋग्वेद विश्वको प्राचीनतम् ग्रन्थ हो भनी प्रमाणित हुनु, सामवेद सङगीतमय हुनु साथै वैदिक ग्रन्थ एवम् पुराण इतिहासहरूमा समेत गीतको चर्चा हुनाले समेत गीतको प्राचीनता वारे स्पष्ट हुन्छ ।

नेपाली लोकगीतको विकासक्रमलाई हेर्दा उपत्यकाका लिच्छवि तथा मल्ल राजाहरूको पालामा भएको डबली परम्पराले ठूलो सहयोग पुऱ्याएको देखिन्छ । नेपाली साहित्यको जरो केलाउँदै जाँदा हामी लोकगीतमा नै पुग्नु पर्ने हुन्छ । नेपाली भाषाले लिखित रूप पाउनुपूर्व सातौं आठौं शताब्दीतिरको समयमा नै नेपाली लोकगीतको प्रवेश भइसकेको मान्न सकिने देखिन्छ ।

समाजमा हुने राजनीतिक परिवर्तनले साहित्यमा पनि प्रभाव पार्दछ । लोकगीत पनि यसबाट अछुतो  रह सक्दैन । समाजको परिणामले परिवर्तनले, जनतामा निराशा, खुसी तथा उमङ्ग पैदा हुनको परिणामले साहित्यमा पनि त्य प्रकारको प्रभाव पर्ने हुँदा लोकगीतमा पनि सो प्रभाव परेको सोझै देखिन्छ । चाहे नेपाल एकीकरण गर्दाको वखत होस, चाहे २००७ सालको प्रजातन्त्र प्राप्ति २०१७ सालको प्रजातन्त्र गुमेको अवस्था होस जनतामा पैदा भएका भावनाका प्रतिबिम्बहरू नेपाली लोकगीतमा देखिएको छ । पृथ्वीनारायण शाहको पालामा भएको नेपाल एकीकरणको समयमा नेपाली जनतामा आएको उत्साहले गर्दा एकीकरणको अभियानमा सफलता हाँसिल गर्ने श्रृङखला पार गरिरहेका सेनालाई हौसला समेत मिलेको स्पष्ट हुन्छ । यसबाट के स्पष्ट हुन सक्छ भने लोकगीतले समाजको यथार्थलाई मात्र बताउने होइन अझ अगाडि बढेर परिवर्तन र सफलताको प्रेरणा समेत प्रवाह गर्न सक्छ । राष्ट्र एकीकरणको अभियानमा अघि बढ्दै जाँदा वि.सं. १८४६ ताका जुम्ला रिसायतलाई नेपालमा मिलाउने क्रममा त्यस क्षेत्रका तत्कालिन शासक शोभान शाही भोटतिर भाग्दै थिए । त्यसबेला एक जुम्लावासीले लोकभाकामा भनेको गीतको नमूनाबाट पनि केही कुरा प्रष्ट हुन्छ । जुन गीतलाई बाबुराम आचार्यले “पुराना कवि र कविता” मा जस्ताको तस्तै भाषा उतारेका छन् ।

*“भातु खाया शुभान शाही ताउली हाल्या कुम्ला*
*जिती आए गोरख्या जनिमार जुम्ला” (२)*

(आचार्य, २०३६ : ९)

त्यसै गरेर कालिभक्त पन्तले “डोटेली लोक साहित्य” नामक पुस्तकमा उतारेको एउटा गीत तथा दयाराम श्रेष्ठले “प्रारम्भिक कालको नेपाली साहित्यको इतिहास र परम्परा” मा उतारेको एउटा गीतलाई क्रमशः यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

*“खोला खोला नहिँडनु होला*
*अङ्ग्रेजले हिर्काउँछ वम गोला” (३)*

(पन्त, २०३२ : २०)

*ड्याङ ड्याङ र डुङडुङ डरलाग्यो वाजा*
*राति राति हिड्ने गोरखाली राजा (४)*

(श्रेष्ठ, २०३८ : ६८)

माथि उल्लेखित दुवै गीतमा सूचनाको सङ्केत देख्न सकिन्छ । जसले जनतालाई सूचना दिने भरपर्दो कार्य गरेको छ ।

## ३.५ निष्कर्ष

नेपाली लोकगीतको प्रचलन पुरानो भए तापनि अध्ययन परम्परा भने धेरै पुरानो छैन । २००७ सालको परिवर्तन पश्चात् लोकगीतको विषयमा धेरै ठूलो प्रगति भएको देखिन्छ । यस पूर्व नै लोकगीतका क्षेत्रमा प्रगति भएका छन् । वि.सं. १९५८ मा गोरखापत्रको स्थापनाले लोकगीतको प्रचारमा थप टेवा दियो । २००७ सालको परिवर्तनसँगै भएको रेडियो नेपालको स्थापना, २००९-१० तिर लोकगीत सङ्ग्रहालयको स्थापना, २०१० सालमा डाँफेचरी पत्रिकाको प्रकाशन २०३२ मा हाम्रो संस्कृति प्रकाशन आदिले लोक साहित्यका हरेक विधाहरू फस्टाउने मौका पायो ।

लोकगीतको क्षेत्रमा विद्वान्हरूले योगदान पुऱ्याउने क्रममा थुप्रै पुस्तकहरू प्रकाशन भएका छन् । जसका माध्यमबाट नेपाली समाजमा छरिएर रहेका लोकगीतको सङ्ग्रहालयको स्थापना, २०१० सालमा डाँफेचरी पत्रिकाको प्रकाशन २०३२ मा हाम्रो संस्कृति प्रकाशन आदिले लोक साहित्यका हरेक विधाहरू फस्टाउने मौका पायो ।

लोकगीतको क्षेत्रमा विद्वान्हरूले योगदा पुऱ्याउने क्रममा थुप्रै पुस्तकहरू प्रकाशन भएका छन् । जसका माध्यमबाट नेपाली समाजमा छरिएर रहेका लोकगीतको सङ्कलन मात्र होइन प्रचारप्रसार समेत भएको छ । यस क्षेत्रमा अथक योगदान पुऱ्याउने क्रममा लक्ष्मण लोहनीको रोदी घर (२०१३), सत्यमोहन जोशीको हाम्रो लोक साहित्य (२०१४), काजीमान कन्दङवाको “नेपाली जनसाहित्य” (२०२०) हरिहर जोशीको “सोरठी” (२०२३), कालिभक्त पन्तको “हाम्रो साँस्कृतिक इतिहास” (२०२८), धर्मराज थापा र हंसपुरे सुवेदीको  “नेपाली लोक साहित्यको विवेचना” (२०४१), कृष्णप्रसाद पराजुलीको “नेपाली लोकगीतको आलोक” (२०५७), मोतीलाल पराजुलीको “नेपाली लोकगाथा” (२०४९), शम्भु कोइरालाको “लोक साहित्य : सिद्धान्त र विश्लेषण” (२०५८), चुडामणि वन्धुको “नेपाली लोक साहित्य” (२०२८), मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेलको लोकवार्ता विज्ञान र लोक साहित्य

(२०६३) जस्ता पुस्तकहरूको प्रकाशनले पनि लोकगीतको अध्ययनमा ठूलो मद्दत पुगेको छ (शर्मा, र अन्य, २०६४) ।

लोक साहित्यको महत्त्वपूर्ण अङ्ग लोकगीतको अध्ययनमा त्रि.वि.ले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । स्नातक तहको नेपाली विषयमा लोकगीत समावेश गर्नु, स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रममा पहिलो वर्षमा पच्चीस पूर्णाङ्कको अनिवार्य पाठ्यक्रम लोक साहित्यको लागि छुट्याउनु तथा दोस्रो वर्षको पाठ्यक्रममा एकसय पूर्णाङ्कको लोक साहित्यको पाठ्यक्रम ऐच्छिक रूपमा निर्धारण गर्नु तथा एक सय पूर्णाङ्कको शोधपत्रमा लोक साहित्यलाई समेत ऐच्छिक रूपमा अनुसन्धानमूलक कार्यका लागि निर्धारण गरेर यस क्षेत्रमा चासो भएका विद्यार्थीहरूका लागि सुनौलो अवसर समेत प्रदान गरेको छ ।

यसका साथै विभिन्न पत्रपत्रिकाहरू, रेडियो, नेपाल, एफ.एम. र कलाकारहरू र सङकलकहरू समेतको प्रयासमा लोकगीतको सङ्कलन र सम्बर्द्धनका कार्य हुँदै आएका छन् । लोक साहित्यको यति ठूलो क्षेत्रका लागि यी कामहरू नपुग नै छन् । लोकगीतको प्रमुख ठूलो श्रोतका लागि यी कार्यहरू नपुग नै छन् । लोकगीतको प्रमुख श्रोत ग्रामीण क्षेत्र हो । तसर्थ ग्रामीण क्षेत्रमा छरिएर रहेका विभिन्न समुदायका परम्परागत गीतलाई समेत सङ्कलन गर्न सके लोकगीतको मात्र होइन समग्र साहित्यको नै सेवा हुन सक्छ भन्ने कुरा निर्विवाद छ ।

## ३.६ नेपाली लोकगीतको वर्गीकरण

### ३.६.१ पृष्ठभूमि

मानिस सर्वश्रेष्ठ प्राणी हो । श्रेष्ठताको मूलकारण नै चेतना हो । मानिसले आफ्नो चेतनालाई व्यक्त गर्न सक्नु नै अरू प्राणीको कित्ताबाट मानव समाज छुट्टिएर चेनाको शिखरमा चढाउने माध्यम हो । चेतनाको विकास भन्नु नै सभ्यता हो । यसका कैयौं चरण पार गर्दै मानव समाज आजको विकसित रूपमा आएको हो । समाजमा बस्ने क्रममा मानिसले हरेक कुरालाई सहज रूपमा स्वीकार्दछ । आफ्नो सामुन्ने आउने हरेक अवस्थालाई ग्रहण गर्न सकेको कारण मानव समाजले धेरै कुरा प्राप्त गर्न सक्दछ । लोकगीत पनि मानव समाजको प्राप्ति नै हो । मानवले जीवन भोगाइलाई व्यक्त गर्ने क्रमबाट हुने प्राप्तिले नै पुस्तौपुस्तासम्म आफ्नो अस्तित्वको परिचयात्मक छाप छाड्न सफल हुन्छ । मानिसले आफ्नो अनुभवबाट प्राप्त उपलब्धि मध्ये लोकगीतलाई प्रमुख रूपमा लिन सकिन्छ । साहित्यको अभिन्न अङ्ग लोकगीत समाजको सम्पत्ति पनि हो । लोक जीवनको अभिन्न अङ्ग लोकगीत

सर्वस्वीकार्य समेत हुन्छन् । कुनै पनि लोकगीत त्यस्ता छैनन् । जसलाई कुनै पनि व्यक्तिल मेरो सम्पत्ति भन्न सकोस् । लोकगीतको क्षेत्र यति विस्तृत छ कि यसले मानिसले मन र मस्तिष्कसँग अभेध र अटुट सम्बन्ध राखेको छ । गीतमा मायाप्रिती गारिन्छ, विरह पोखिन्छ, अनि गीतबाट कैयौं दिन बिताउन र रात कटाउन सकिन्छ । ठूला साना, उच्च वा नीच सबैले लोकगीत गाइरहन सक्छन् । लोकगीतको प्रयोगका सन्दर्भमा महाकवि देवकोटाले व्यक्त गरको एउटा विचारलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । देवकोटाले लक्ष्मी निबन्ध सङ्ग्रहमा यसो भनेका छन्, "यहाँ बाग्नर कोदाली खनिरहेका, सेक्सपियर हलो जोतिरहेका, टिनियस र टर्नर भेडा चराइरहेका, सोक्रेटिज गुफामा घोतलिरहेका, कालिदास आषाढको पन्धमा धारा प्रवाह गीत गाइरहेका, सान्द्रो दाउराको भारी बोकिरहेका र हेलेन केलहरू गीत गाइरहेका छन् (देवकोटा पूर्ववत् : ५७) ।"

यस प्रकारको वृहत् क्षेत्र ओगटेको लोकगीतलाई वर्गीकरण गर्नु कठिन हुन्छ । आकाशका तार गन्नु झैं अप्ठेरो हुन सक्छ । लोकगीतका भाका गन्नु असम्भव प्रायः नै छ । तैपनि केही उपलब्ध लोकगीत एवम् लोकगीतका बारेमा अनुसन्धा गर्ने अनुसन्धानकर्ता तथा विद्वान्हरूले गरेको अध्ययन अनुसन्धानबाट गरिएको वर्गीकरणको आधारलाई समेत दृष्टिगत गर्दै लोकगीतको वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

## ३.६.२ नेपाली लोकगीतको वर्गीकरण

लोकगीत वृहत, क्षेत्र ओगटेको सामाजिक सम्पत्ति हो । राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा यसको अध्ययन गर्ने कार्य भइरहेका छन् । अन्तर्राष्ट्रिय स्तरमा गरिने वैज्ञानिक अध्ययन अनुसन्धानले त्यस क्षेत्रको रहस्यमय तथ्यहरू पत्ता लगाउन सफल भए तापनि नेपाली अनुसन्धानको फाँटमा भने समस्याको तहसम्म हालसम्म पनि पुग्न सकिएको छैन । नेपाली संस्कृतिसँग निकट केही भारतीय विद्वान्हरूले गरेको वर्गीकरणले समेत यहाँको लोकगीतको अध्ययनमा केही टेवा मिल्न सक्ने देखिएकाले यस वर्गीकरणलाई समेत यहाँ समावेश गरिएको छ ।

भारतीय लोक साहित्यका अध्येता डा. कृष्णदेव उपाध्यायले गरेको वर्गीकरण अनुसार हेर्दा निम्न प्रकारका लोकगीत रहेका छन् (उपाध्याय, सन् १९७६ : १०) ।

१. संस्कार सम्बन्धी गीत

२. ब्रत सम्बन्धी गीत

३. ऋतु सम्बन्धी गीत

४. जाति सम्बन्धी गीत

५. श्रम सम्बन्धी गति

६. विविध गीत

त्यसै गरेर अर्का भारती विद्वान्सत्येन्द्रले भने लोकगीतको वर्गीकरणलाई चार भागमा छुट्याएका छन भने अन्य भारतीय विद्वान्हरू मध्ये राम नरेश त्रिपाठीले एघार, सूर्यकिरण परिकले उनन्तीस प्रकारमा वर्गीकरण गरेका छन् (उपाध्याय पूर्वतव् : ५६-५७) ।

नेपाली लोक साहित्यको अध्ययनमा नेपाली विद्वान्हरूले ढिलै भए तापनि केही महत्त्वपूर्ण कार्य गरेका छन् । यस क्रममा केही नेपाली विद्वान्हरूको वर्गीकरणलाई संक्षेपमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

नेपाली लोकगीतको वर्गीकरणलाई सत्यमोहन जोशीले निम्न आठवटा प्रकारमा विभाजन गरेका छन् (जोशी, २०१४ : १४५) ।

१. भजनका रूपमा गाइने लोकगीत ।

२. नृत्यसँग उनिएका लोकगीत ।

३. प्रेममय जीवनसँग गाँसिएका लोकगीत ।

४. चाडवाडसँग समन्वय भएका लोकगीत ।

५. सामयिक लोकगीत (असारे, दाइँगीत, मालसिरी आदि)

६. युद्ध क्षेत्रमा सञ्चार गर्ने लोकगीत (कर्खा)

७. कथा गाँसिएका लोकगीत ।

८. उत्सवमा झिकिने लोकगीत ।

लोक साहित्यका प्रसिद्ध व्यक्तित्व धर्मराज थापा र हंसपुरे सुवेदीले सात प्रकार भनेर छुट्याएका छन् ( थापा र अन्य, पूर्ववत : ८२) ।

१. सामानय गीत

२. संस्कार गीत

३. ऋतु वा व्रतसम्बन्धी गीत

४. कर्म गीत

५. पर्व गीत

६. लोकनृत्य गीत

७. विविध लोकगीत

साहित्यकार मोहन राज शर्मा र खगेन्द्र प्र. लुइटेलको वर्गीकरण भने यस प्रकारको छ (शर्मा र अन्य २०६३ : ८४) ।

१. सदाकालिक वा बाह्रमासे लोकगीत

२. सामयिक लोकगीत

लोक साहित्यका अध्येता मोतीलाल पराजुलीको वर्गीकरणले भने अलि फरक दृष्टिकोण देखाउन प्रयत्न गरेको छ (पराजुली, २०४९:२८) ।

१. संस्कारका आधारमा - धार्मिक अनुष्ठान वद्ध र अनुष्ठानमुक्त गीत ।

२. रसका आधारमा - वीर, श्रृङ्गार वा प्रेम, करुण, शान्त ।

३. प्रस्तुतिका आधारमा - गेय, वाध, वाधगेय, नृत्य, नृत्यवाद्य

४. आकारका आधारमा - लघु, मध्यम र वृहत्

५. विषयका आधारमा ऐतिहासिक, पौराणिक, सामाजि र विविध ।

लोकसंस्कृतिका अध्येता टेकबहादुर खत्रीले नेपाली लोकगीतलाई निम्नानुसार सात भागमा विभाजन गरेका छन् (खत्री, २०३५ : १७) ।

१. वीर रस र करुण रसका गीतहरू - कर्खा ।

२. घटना प्रधान लोकगीत - सवाई ।

३. चाड पर्वका गीत - देउसी, भैलो ।

४. विवाह पर्वमा गाइने गीत - खाँडो ।

५. नृत्य गीत - देउडा, घाटु ।

६. भजन रूपका लोकगीत - बालन, सँगिनी ।

७. दोहोरी लोकगीत - घासेगीत, असारे गीत ।

नेपाली लोक साहित्यका प्रखर अध्येता चूडामणि बन्धुले गरेको वर्गीकरणलाई यसरी हेर्न सकिन्छ (वन्धु, २०५८ : १२१) ।

१. सहभागिताको आधारमा लोकगीत ।

२. लय वा भाकाको आधारमा लोकगीत ।

३. प्रकार्यका आधारमा लोकगीत ।

लोकगीत सबै लिङ्ग, वर्ग र अवस्था अनि भूगोलमा गाइने गीत हो । लोकगीतका अध्येता कृष्ण प्रसाद पराजुलीले गरेको वर्गीकरणको प्रायः सबै कुरालाई समेटेको आभास हुन्छ । जसलाई संक्षेपमा प्रस्तुत गरिएको छ (पराजुली, २०५७ : १४६) ।

**१. क्षेत्रका आधारमा**

नेपालमा विभिन्न क्षेत्रमा गाइने छुट्टाछुट्टै प्रकारका गीतहरू यस प्रकारको वर्गमा पर्दछन् । जस्तै : पूर्वमा गाउने पूर्वेली गीत, पश्चिमका गीत, काँठे लोकगीत आदि ।

**२. जातीय दृष्टिमा**

जात विशेषले गाउने लोकगीतहरू यस प्रकारका गीत छन् । जस्तै : तामाङ सेलो, शेर्पाली गीत, नेवारी गीत, भोजपुरी गीत, मैथिली गीत आदि ।

**३. कार्यअवस्थाका आधारमा**

यस वर्गमा संस्कार गीत र कर्मगीतहरू पर्दछन् । जस्तै विवाह, पास्नी आदिमा संस्कारगीत र कर्मगीतहरू गाइन्छन् । जस्तै विवाह, पास्नी आदिमा गाइने गीत, रोपाइँ गीत, दाई गीत आदि :

**४. उमेरका आधारमा**

उमेर वा अवस्थाका आधारमा फकर फरक गीत हुन्छन् । बालकहरूले गाउने बालगीत, युवायुवतीका प्रेमगीतहरू, वृद्धावस्थाको धार्मिक गीत अदि यस अन्तर्गत पर्दछन् ।

**५. स्वरूपका दृष्टिमा**

गीतको आयामका आधारमा यसलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

(क) आकारका आधारमा

(ख) बुनोटका आधारमा

**६. प्रस्तुतिका आधारमा**

गीत प्रस्तुति गर्ने तरिकाले लोकगीतलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

(क) वाद्यवादन सहित

(ख) वाद्यावादन रहित

यसबारे कृष्ण प्रसाद पराजुलीले लोकगीतको वर्गीकरण निम्न दुई आधारमा समेत गर्न सकिने बताएका छन् (पराजुली, पूर्ववत्, १४८ : १४९) ।

**१. वर्ष चक्रीय आधार**

यसलाई दुई प्रकारमा विभाजन गरिएको छ ।

(क) बाह्र मासे गीतहरू

(ख) ऋतुकालीन गीतहरू (कर्म गीत र पर्वगीत समेत)

**२. जीवनचक्रिय गीतहरू**

यस अन्तर्गत संस्कार गीत, धार्मिक गीत, उमेर अनुसारका गीत तथा नृत्य गीतहरू पर्दछन् । पराजुलीको वर्गीकरणको प्राय : सबै लोकगीतलाई समेट्न सक्षम भएको छ ।

विभिन्न विद्वान्हरूले विभिन्न समयमा गरेको वर्गीकरणलाई ध्यान दिँदै नेपाली लोकगीतहरूको सूचीलाई यसप्रकार समेटन् सकिन्छ ।

**नेपाली लोकगीत**

**सदाकालिक वा बाह्रमासे गीतहरू**

- झ्याउरे गीत
- सँगिनी
- डेउडा
- रोइला
- ख्याली/सालैजो
- चुड्का
- बारमासा
- शिशु गीत
- सेलो
- धान नाच र पालम
- घाँसे गीत
- टुङ्ना
- हाक्पारे

**सामयिक लोकगीतहरु**

- मागल
- सगुन
- फाग
- पडेली
- भोलाउलो
- मालसिरी
- तिजेगीत
- भैलो
- देउसी
- होरी/फागु
- बसन्त
- जेठे
- असारे
- दाइँगीत
- भूआगीत
- रत्यौली
- मारुनी
- सरैली
- गौरा

## ३.७ निष्कर्ष

मानव  जीवनको दुःख सुखको माध्यम बनेको लोक गीतले मानव समाजमा घटेका विभिन्न घटना र वास्तविकतालाई छर्लङ्ग पार्दछ । समाजका हरेक पक्षको प्रतिनिधित्व गर्ने हुनाले विभिन्न विद्वान्हरुले विभिन्न समयमा लोकगीतको विषयमा गरेको खोज र अनुसन्धानले लोकगीतको अध्ययनलाई धेरै फराकिलो तुल्याइएको छ । अनुसन्धान कर्ताहरूले लोकगीतको समेट्न सक्ने विविध पक्ष अनुसार परिभाषा र विशेषता फरक देखाए तापनि लोकगीतमा अटाउने तत्वहरू भने समान पाइन्छ । मेलापातमा गाइने गीत होस् वा घाँस दाउराको बेलामा प्रत्येक समयमा गाइने गीतमा लोकको भावना केन्द्रित हुने गर्दछ । समग्रमा अध्ययनका मूल्याङ्कन गर्ने हो भने लोक गीतले नेपाली समाजको दुःख, सुख, पीडा, हाँसो जस्ता पक्षलाई नै समेट्न सक्ने देखिन्छ ।

यसप्रकार नेपाली समाजमा छरिएर रहेको लोक सम्पत्तिको रूपमा रहेको लोकगीतका बारेमा विभिन्न समयमा विभिन्न विद्वान्हरूले आफ्ना अनुसन्धानमूलक कार्य गरेका छन् र अनुसन्धानको कार्य निरन्तर रूपमा भइरहेका पनि छन् । विभिन्न क्षेत्र, उमेर, अवस्थामा छुट्टाछुट्टै रूपमा परिचित र लोकप्रिय लोकगीतहरूको वर्गीकरणको विषयमा समेत विद्वान्हरूले छुट्टाछुट्टै धारणा व्यक्त गरेका छन् । यस्तै वर्गीकरणको साझा विन्दुलाई पहिल्याउँदै ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

# परिच्छेद चार

# ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित नेपाली लोकगीतहरूको परिचय र वर्गीकरण

## ४.१ पृष्ठभूमि

लोक समाजबाट रचिएका श्रुतिपरम्परामा आधारित लोकगीतको वर्गीकरण गर्नु गहनतम कार्य हो । अध्येताहरूको प्रयासबाट भएका वर्गीकरणलाई आधार मानेर यस क्षेत्रमा प्राप्त लोकगीतहरूलाई गीतको प्रकृति अनुसार वर्गीकरण गरिएको छ । ललितपुर जिल्लाको परिचय तथा दक्षिणी ललितपुरको बारेमा संक्षिप्त जानकारी अघिल्लो परिच्छेदमा नै गरिएकाले यस परिच्छेदमा भने लोकगीतहरूको बारेमा चर्चा गरिएको छ ।

ललितपुर जिल्ला मध्यपहाडी जिल्ला भएकाले यो क्षेत्र अधिकांश भू-भागमा रहेको छ । यस जिल्लाको दक्षिणी भेगमा धेरै प्रकारका लोकगीतहरू नपाइए तापनि पुराना र संस्कृतिमा आधारित गीतहरू पाइन्छन् । नयाँ पुस्ताले नयाँ स्वरूपका गीतहरूलाई लोकगीतका रूपमा दक्षिणी ललितपुरमा प्रसारित गरेको देखिन्छ ।

## ४.२ ललितपुरको दक्षिणी भेगमा प्रचलित लोकगीतको वर्गीकरण

ललितपुर जिल्लाको दक्षिणी भेगमा विभिन्न लोकगीतहरू प्रचलनमा रहेका छन् । यस क्षेत्रमा प्राप्त भएका लोकगीतहरूलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

**१. पर्वगीत**

(क) मालसिरी (दशैंमा गाईने गीत)

(ख) देउसीगीत (तिहारमा गाईने गीत)

(ग) तीज गीत (तीजमा गाईने गीत)

(घ) भैलो गीत (तिहारमा गाईने गीत)

**२. संस्कार गीत**

(क) खाँडो (विवाहमा गाईने गीत)

(ख) सिलोक (विवाहमा गाईने गीत)

(ग) रत्यौली (विवाहमा गाईने गीत)

३. **कर्मगीत (श्रमगीत)**

(क) असारे गीत (रोपाइँ गीत)

(ख) मंसिरे गीत (दाइँ गीत)

४. **बाह्रमासे गीतहरू**

(क) एकोहोरो

(ख) जुहारी

(ग) भजन

(घ) शिशु गीत

(ङ) नारी आवाजका गीत

(च) सेलो

(छ) ख्याली

(ज) चुड्का

(झ) भ्याउरे गीत

(ञ) मारुनी गीत

(ट) घाँसे गीत

## ४.३ लोकगीतहरूको वर्गीकृत परिचय

### ४.३.१ पर्वगीत

ललितपुर जिल्लाको दक्षिणी भेग बहुभाषी र बहुजाति बसोवास गर्ने क्षेत्र हो । यस भेगमा विशेष गरेर साउने संक्रान्ति, जनै पूर्णिमा, तिज, दशै तिहार, मङ्सिर, पूर्णिमा, माघे संक्रान्ति, फागु पूर्णिमा चैतेदशै जस्ता पर्वहरू मनाउने चलन छ। चाडपर्व मनाउने क्रममा विभिन्न प्रकारका खाना, शुभकामना आदानप्रदान आदिको चलन छ। यसबाहेक चाडपर्वलाई रमाइलो बनाउन मनोरञ्जनमूलक गतिविधि समेत हुने गर्दछ । संस्कारलाई जोगाउने क्रममा संस्कृतिमूलक गतिविधि हुने गर्दछ । चाडपर्वको क्रमलाई रमाइलो बनाउन दशैं, तिहार आदि चाडमा विभिन्न गीतहरू गाउने चलन छ जसको चर्चा तल गरिएको छ।

### ४.३.१.१ रागमालसिरी

सम्पूर्ण नेपालीहरूको महान चाडको रूपमा मनाइने वडा दशैको उपलक्ष्यमा गाउने यो गीत अरू बेला गाउने चलन छैन । विशेष गरेर यो गीत भाद्र शुक्ल अष्टमी (काय अष्टमी) देखि आश्विन शुक्ल पूर्णिमा भर गाउने चलन छ । परम्पराको यो चलनलाई खास गरेर घटस्थापनाको दिनदेखि दुर्गा आरधना गर्ने विधिको रूपमा मात्र गाएर परम्परामा परिवर्तन हुन थालेको देखिन्छ । मालश्रीको रूपमा समेत परिचित यो गीत शक्ति र वीरताको गीत हो । जसको नमूना तल प्रस्तुत गरिएको छ ।

**नमूना**

*जयदेवी भैरवी दर्शन भवानी ! असुर विनाशिनी, जगत्‌की हितकारिणी*
*श्रीदेवी भगवती दुर्गा भवानी ! जय देवी गोरखकाली दर्शन देऊ भवानी*
*हे हृदयजननी, हे चण्डिके त्रिलोकी, जगत्‌को प्रतिपाल गर माई*
*हा हा दुर्गे ! प्रचण्डरुपिणी, कालिके प्रतिपाल गर !*
*शुंभ-निशुंभ असुर मारी दुःख हरने सिरकालिका*
*गङ्गा-यमुना त्रिवेणी सँगमा मोक्षदायिनी कालिका*
*चन्द्ररुपिणी प्रचण्डरुपिणी रक्तबीजनिपातिनी*
*शङ्ख चक्र गदा पद्मले कोटी वान साजिनी*
*लालरूप कपडा बीच असुरमारिणी सुधारिणी*
*रक्तीजको नाश गरन प्रकट हुनुभो है कालिका*
*जयदेवी कालिका, हे अम्बिका माता !*
*सरन आयौं बालक हामी हर है सुख दुःख अम्बिका ! (५)*

(सूचक : भीमसेन शर्मा, रमेश शर्मा, छम्पी-४, हुनमठ)

### ४.३.१.२ भैलो गीत

शुभ दीपावली भनेर चिनिने तिहारलाई नेपालभरि नै धुमधामका साथ मनाइने प्रचलन अनुरूप यस क्षेत्रमा पनि तिहारलाई ठूलो/महत्त्वपूर्ण चाडको रूपमा मनाइन्छ । कार्तिक कृष्ण औंसीका दिन पर्ने गाईतिहारको दिनमा गाईको पूजा गर्ने, साँझमा लक्ष्मी पूजा गर्ने घरलाई बाहिर र भित्र उज्यालो पार्ने गरी दियो तथा मैनवत्ती बाल्ने गरिन्छ । साँझमा लक्ष्मी पूजा गरिसकेपछि वर्षभरिको सबैभन्दा ठूलो दानका रूपमा लिइने भैलीलाई दान दिने चलन छ । यस अवसरमा औंसीका रातमा महिलाहरूद्वारा भैलो खेलिन्छ । भैलो खेल्ने

क्रममा विभिन्न गीतहरू गाईन्छ यस क्रममा गाउने गीत नै भैलो गीत हो । भैलो महिलाहरूले खेल्न साँस्कृतिक पर्व भए पनि पुरुषहरूले पनि भैलो खेल्ने गर्दछन् । यहाँ दुवै खाले भैलो गीतलाई नमूनाको रूपमा देखाइएको छ ।

**(क) महिलाहरूको भैलो गीत**

कार्तिक कृष्ण औंसीका रातमा लक्ष्मी पूजा हुने भएकाले यसै अवसरमा भैलो खेल्ने चलन छ । विशेष गरेर महिलाहरूले गुन्यू, चोली लगाएर, मादल , मुजुर आदि वाद्य सामग्री समेत प्रयोग गरी समूहमा गीत गाउँदै घर घरमा दान ग्रहण गर्न जाने चलन छ । यस बेलामा गाउने गीत नै भैलो गीत हो । महिलाहरूले विभिन्न गीत गाएर कार्तिकको दान सङ्कलन गर्दछन् र आशिर्वाद समेत दिन्छन् । जसको नमुना तल दिइएको छ ।

**नारीहरूको भैलो गीतको नमुना**

*भैलिनी आइन आँगन गुन्यू चालो मागन*
*हे औँसीबारो गाईतिहारो भैलो*
*जसका घरमा फूलैफूल, भित्रिए हुलका हुल*
*हे औंसीबारो गाई तिहारो भैलो*
*यो घरकी आमा कस्ती छिन, चन्द्रमा उदाए जस्ती छिन्*
*हे औंसी बारो गाईतिहारो भैलो*
*घरका बाबा कस्ता छन्, घाम झुल्केका जस्ता छन्*
*हे औंसीबारो गाई तिहारो भैलो*
*धुरीमा फल्ने घिरौला, के के दिन्छन् हेरौंला*
*हे औंसीबारो गाई तिहारो भैलो*
*जसले दिन्छ मानु उसको सुनको छानो,*
*हे औंसी बारो गाई तिहारो भैलो*
*जसले दिन्छु पाथी उसको सुनको छाती,*
*हे औंसीबारो गाई तिहारो भैलो*
*जसले दिन्छ मुरी उसको सुनको धुरी*
*हे औंसीबारो गाई तिहारो भैलो*
*यस घरको सिदा लि, गयौ हामी बिदा लि*
*हे औंसीबारो गाई तिहारो भैलो (६)*

(सरस्वती गौतम भट्टेडाँडा-१)

### (ख) पुरुषहरूद्वारा खेलिने भैलो

नारीहरूद्वारा खेलिने भैलो झैं पुरुषहरूले खेल्ने भैलो पनि यस क्षेत्रमा प्रचलनमा छ। फरक यति मात्र छ नारीहरूको भैलोमा "भैलिनी आइन् आँगन" भनेर शुरू गरिन्छ भने पुरुषहरूको भैलोमा भने यस्ता "भैलीराम" भन्ने खालको गीत प्रयोग गरिन्छ। यसमा एउटा प्रमुख व्यक्तिले निश्चित कुराहरू मार्फत भट्याउँछ भने समूहमा रहेका अन्यहरूले भैलीराम भन्दै घुमेर हावभाव देखाउँछन्।

**पुरुषहरूद्वारा खेलिने भैलोको नमूना**

*आ है भजमन भजमन- भैलीराम*
*है गंगा र तुलसी - शालिग राम*
*ए आयौ हामी - भैली राम*
*है यस बडा घरमा - भैलीराम*
*ए भैली राम खेल्दै - भैलीराम*
*है भैली राम खेल्दै - भैलीराम*
*आ है वर्षमा दिनको - भैलीराम*
*है चाड र पर्व - भैलीराम*
*ए मनाउँदै आयौं - भैलीराम*
*ए यस बडा घरमा - भैलीराम*
*है शरिम लायौ - भैलीराम*
*आहै यो घर कत्रो - भैलीराम*
*है सिंहदरबार जत्रो - भैलीराम*
*ए यो आगन कत्रो - भैलीराम*
*ए टुँडिखेल जत्रो - भैलीराम (७)*

(सूचक; भरत बहादुर कुँवर गोटीखेल - ९)

### ४.३.१.३ देउसी गीत

कार्तिक शुक्ल प्रतिपदाको अर्थात् तिहारको चौथो दिन घरघरमा गोवर्धन पूजा गरिन्छ र राती देउसी खेल्ने चलन रहेको छ। देउसी खेल्नेहरूलाई देउसे भनिन्छ। "भैली राम" झैं देउसी पनि प्रमुख वाचकको पछाडी अरू लाग्दछन्। बलि राजाको आदेश भन्दै गाईने र खेलिने देउसी रे गीतमा विभिन्न सङ्गीतको प्रयोग समेत गरिन्छ भने झ्याउरे गीतलाई समेत देउसीको गीत बनाउने चलन पनि छ। देउसी गीतको मुख्य उद्देश्य दान

प्राप्त गर्नु हो । दान प्राप्त गरिसकेपछि आशिष दिने र अरू घरमा देउसी खेल्ने जाने चलन छ । देउसी गीतको संक्षिप्त नमूना र आशिर्वादलाई समेत तल देखाइएको छ ।

**देउसी गीतको नमूना**

*ए ठेलीमेली ठेलीमेली - देउसी रे*

*ए के को ठेलीमेली - देउसी रे*

*ए देउसेको ठेलीमेली - देउसी रे*

*ए झिलिमिली झिलिमिली - देउसी रे*

*ए के को झिलिमिली - देउसी रे*

*ए बत्तीको झिलिमिली - देउसी रे*

*ए केराकाटी खम्बा - देउसी रे*

*ए पाँच भाइ जम्मा - देउसी रे*

*ए भइकन आयौ - देउसी रे*

*ए हामीमा त्यसै - देउसी रे*

*ए आएका होइनौ - देउसी रे*

*ए बलिराजाको - देउसी रे*

*ए हुकुमले आयौ - देउसी रे (८)*

(सूचक : रमेश तिमल्सिना, महेश तिमल्सिना मानिखेल - ४, ल.पु)

**देउसी गीतको आशिर्वाद**

*एक यस बडा घरमा - देउसी रे ।*

*ए सुख र शान्ति - देउसी रे ।*

*ए सधैं र भरी - देउसी रे*

*ए छाइमा रहोस् - देउसी रे*

*ए ढुङ्गोमा छुँदा - देउसी रे*

*ए सुनैमा ....... - देउसी रे*

*ए माटोमा छुँदा - देउसी रे*

*ए अन्नमा बनोस् - देउसी रे*

*ए लक्ष्मी माताले - देउसी रे*

*ए बासमा गरुन - देउसी रे*

*ए शत्रुहरू सबै - देउसी रे*

*ए वशमा परून् - देउसी रे । (९)*

(रमेश गौतम, केदार गौतम, घुसेल-३)

**देउसी गीत भ्याउरे लयमा**

*आयौ हामी देउसी रे खेल्नलाई*
*तिहारमा रमाइलो गर्नलाई, नाचौन देउसी खेलेर*
*आउने रहर थिएन हामीलाई*
*बलिराजको हुकुमलाई सकेनौ नाच्नलाई, नाचौन देउसी खेलेर,*
*यस घरमा देउसी रे खेलेर*
*जान्छौ हामी रमाइलो गरेर, नाचौन देउसी खेलेर*
*जाडो भयो चिया पानी बसाल्नुस*
*बाहिर आउनुस हरियो नोठ खसाल्नुस, नाचौन देउसी खेलेर (१०)*

(सूचक : राम ब. परियार, ठूलादुर्लुङ्ग-४, ल.पु.)

**आशीर्वाद गीत**

*दाता हो तिमी दाता हो*
*विजय लाख बनोस*
*एसै र घरमा बावा र आमाको*
*वीससय आयू भइजाओस*
*दाता हो ............*
*एसै र घरमा भाइ र बैनीको*
*दाजु र दिदीको*
*वीससय आयु भइ जाओस*
*देउसेको आशिक लागिजाओस*
*दाता हो ............*
*एसै र र घरमा गोठैमा भरि भरि*
*वाखा र पाठा भइजाओस*
*देउसेको आशिंक लागिजाओस*
*दाता हो ............*
*यसै र घरका सकल जानको*
*मनको इच्छा पूरा भओस*
*दाता हो ............*
*यसै र घरमा अनिष्ट कैतबाट कहिले पर्न नजाओस*
*दाता हो ............*
*यसै र घरका कसैको पनि*
*नुहाउँदा केश नझरोस*
*हिडदा ठेस नलागोस*
*हिँडदा ठेस नलागोस*
*सफलताले सधैँ अघि बढाओस*
*दाता हो ............ (११)*

(सूचकः पूर्णिमा कुमार शर्मा, राम परियार, ठूलादुर्लुङ)

## ४.३.१.४ तीजगीत

नेपाली नारीहरूको महान् चाडको रूपमा हरितालिका वा तिजलाई लिइन्छ । भाद्र शुक्ल तृतीयाको दिनमा मनाइने तीज र शुक्ल पञ्चमीका दिनमा मनाइने ऋषि पञ्चमीलाई संयुक्त रूपमा तीज भनिन्छ । भाद्र शुक्ल द्वितीयाको रातमा दर (मिठो परिकारहरू) खाएर त्यसको भोलिपल्ट व्रत बस्ने र श्री महादेवको पूजा गर्ने चलन छ । श्रीमान्को सु-स्वास्थ्य र दीर्घायूका लागि बसिने यो व्रत सत्युगका श्री महादेव र देवी पार्वतीसँग जोडिएको छ । तिजको अन्तिम दिन ऋषि पञ्चमी हो । यस दिनमा खोला/नदी किनारमा गएर अरूधती लगाईत सप्तऋषिहरूको पूजा गर्ने चलन छ । पूजाआजा गरिसकेपछि नारीहरूले आफ्ना साथीहरूसँग मिलेर रमाइलो गर्दछन् । आफ्ना मनका कुराहरू, माइतीको सम्झना, घरमा पाएको पीडा तथा समाजमा भएका विकृति र विसङ्गति ति छेडखान गर्दै तिज गीत गाईन्छ । तिजका अवसरमा नारीहरूले स्वतन्त्रताको भरपूर उपयोग समेत गर्दछन् । तिजको गीतका नमूना तल दिइएको छ ।

**नमूना १**

*बाबा गए विदेशमा आमा मेलापातमा*
*भाइ लिन आउँछ भनी हेरे बाटोमा*
*तिजको बेलामा सबै जान्छन् माइत*
*आफ्नु माइती मुग्लान पारी छैन साइत*
*मेरो स्वामी जहिले पनि घरमा वास हुँदैन*
*मैले जति सम्झाएनि छुँदै छुँदैन*
*सासु मेरी सारै कडा ससुराचै ठिक्क छन्*
*घरको व्यवहार देखेर सधैं दिक्क हुन्*
*देवर मेरा दुवै जना शहरमा पढेका*
*स्वामी राजा अनपढ तेसै सढेका*
*छोराछोरी हुर्के बढे पढाउनलाई गारो छ*
*मन पोल्छ सधैं भरि आँसु धारो छ*
*दिदी बैनी कसैलाई नि यस्तो घर नपरोस*
*भाग्य लेख्ने भावीले अन्याय नगरोस् ।*
*तिजको बेलामा (१२)*
(सूचक : रम्बा घिमिरे, आश्राङ, २)

### ४.३.२ संस्कार गीत

मानिसले जीवन भोगाईका क्रममा विभिन्न संस्कारहरू अवलम्बन गर्दछन् । मानिसको उमेर अनुसार विभिन्न संस्कारहरू उपयोग गरिन्छ । यस्ता संस्कारहरू रमाइलो र मनोरञ्जनमूलक बनाउन गीतहरू गाउने चलन छ । यसप्रकारका अवसरमा गाईने गीतहरूलाई संस्कार गीत भनिन्छ । न्वारन, पास्नी, व्रतबन्ध, विवाह जस्ता संस्कारमा गाईने यस्ता गीतहरू मध्ये यस क्षेत्रमा विवाहका अवसरमा मात्र गीतहरू गाउने चलन छ । जसको बारेमा संक्षेपमा चर्चा गरिएको छ ।

#### ४.३.२.१ खाँडो गीत

संस्कृत भाषाको 'खड्ग' शब्दबाट खाँडो शब्दको निर्माण भएको छ । खाँडो नेपालीहरूको हतियार पनि हो । विशेष गरेर लडाइँमा जाने सिपाही तथा लडाकुहरूलाई उत्साहित पार्न खाँडो गीत गाउने चलन भए पनि विवाहमा यो गीतलाई संस्कारको रूपमा प्रयोग गरिएको छ । यसलाई खाँडो जगाउने पनि भनिन्छ । खाँडोलाई जगाउने खाँडो गीतले देवस्तुति, राजस्तुतित गर्दै वर्णनात्मक शैलीमा विभिन्न विषयवस्तुको वर्णन गरिन्छ । देशको रक्षा, चेलीवेटीको अस्मिताको रक्षा गर्ने, शत्रुलाई युद्धमा परास्त पार्ने सन्दर्भको खाँडो गीतमा स्वदेश रक्षा गर्ने ऐतिहासिक कथानक पाइन्छ । यस गीतमा वाधवादनको प्रयोग गरिँदैन । खाँडोलाई गीतको रूपमा चर्चा गरिए पनि लोक कविता भनी परिभाषित गरिएको पाइन्छ (शर्मा र लुईटेल, २०६३ : १४१) ।

**खाँडो गीतको नमूना**

*धरती धकेल पहरा ठेल, वैरीके नीकट पहुचे खेल*
*काँधे बन्दुक पेस्तोल झलकते थे ।*
*टिस्टामा गई नमो नमः खाँडो पखाली शिवक्षेत्र*
*श्री ५ महाराधिराज बहादुर शाह देवनाम्*
*सदा मसस्त विजयीनाम खाँडो जाग्यो*
*वैरीको टाउकोमा खुडाले ठ्याक्क, ठ्याक्क ठ्याक्क । (१३)*

(सूचक : टीकाबल्लव घिमिरे, आश्राङ-२)

## ४.३.२.२ सिलोक

विवाहको अवसरमा मात्र गाईने यो गीत पनि बाद्यवादन रहित नै हुन्छ । जन्ती लिएर वेहुला पक्ष बेहुलीको घरमा पुगेपछि जव् विवाह कार्य सुरु हुन्छ तव् सिलोकको सुरु गरिन्छ । सिलोक एकोहोरी र दोहोरी गाईन्छ । प्रश्नोत्तर शैलीमा गाईने हुँदा विभिन्न धर्म, दर्शन आदिको वर्णन यसमा हुन्छ । दोहोरी सिलोकमा भने धर्म, अर्थ समाज तथा व्यवहारिक विषयमा गीत मार्फत प्रश्न गर्दै गीत गाईन्छ । सिलोक गाउँदा बेहुला पक्ष र बेहुली पक्ष बीचमा सवाल जवाफ हुने हुँदा यो आक्रमक शैलीमा प्रस्तुत हुने गर्दछ । सिलोकलाई गीतको रूपमा चर्चा गरिए पनि लोक कविता भनी परिभाषित गरिएको पाइन्छ (शर्मा र लुईटेल, २०६३ : १४१) ।

यहाँ एकोहोरी र दोहोरी सिलोकका छोटो नमूना प्रस्तुत गरिएको छ ।

(क) **एकोहोरी सिलोक**

*एउटै घाम उदाई भूतल भरी खुट्टा घुमाई लिए ।*
*एउटै सागरले तिनै भुवनमा रत्नै फिँजारी दिए ॥*
*एउटै काल उठेर प्राणी सबको सात्तो उडाई दियो ।*
*तेस्वी बन सक्तीमान वन सदा एक्लो हुँदा के भयो ॥*
*सानै अङ्कुसका परेर बसमा हात्ती भरिया भए ।*
*साह्रै सानु छ बज्र तैपनि बडा पहाड ध्वस्त गरे ॥*
*बत्ती सानु छ तै पनि सव अँध्यारो कतागो कता ।*
*मोटो लामु भएर के छ र सखे ? चाहिन्छ तेजस्विता ॥ (१४)*

(सूचक : केदारनाथ वास्कोटा, ठूलादुर्लुङ-२)

## ४.३.२.३ रत्यौली गीत

रत्यौली शब्द रातसँग सम्बन्धित छ । रातमा गाईने गीत हुनाले रत्यौली भनिएको हुन सक्छ । तर अरू बेलाको रातमा नभई विवाहको बेला गाईने गीत मात्र रत्यौली गीत हो । यस क्षेत्रमा रत्यौलीलाई रत्तेली पनि भनिन्छ । विशेष गरेर केही वर्ष पहिलासम्म विवाह रातको लगनमा मात्र गरिने चलन थियो । बेहुलापक्ष बेहुली लिन बेहुलीको घरमा जन्ती लिएर गए पछि बेहुलाको घरमा धुमधाम रमाइलो नाच गान गरिने क्रममा रत्यौली गीत गाईन्छ । यसलाई रत्तेली खेल्ने पनि भनिन्छ । रत्यौलीका क्रममा नारीहरूले मादल बजाएर विभिन्न गीतहरू गाउँछन् । गीत गाउने क्रममा विभिन्न मनोरञ्जनात्मक विधिहरू समेत

अपनाइन्छ । महिलाहरूले पुरुषका कपडा लगाएर, ओठमाथि जुँगा हालेर चङ्खे बन्ने, लाहुरे बन्ने, केराको थाममा लट्ठी गाडेर घोडा बनाउने जस्ता नाटकीय गतिविधि समेत हुने गर्दछ । हालका दिनमा रातीको विवाह फाट्टफुट्ट हुने गरेको भए पनि दिउँसोको विवाहमा पनि रत्यौली गाउने प्रचलन भने विद्यमान छ । रत्यौली गीतको नमूना तल देखाएको छ

**रत्यौली गीतको नमूना**

*कान्छाले कान्छीलाई ल्यायो, चंखे र नक्कली*
*वनको वाटो लालटिनी वालेर*
*मेरो भाइ तामाको मुनाले, चंखे र नक्कली*
*दुलही ल्यायो सिन्दुर हालेर .......*
*थाकी आयो यो मेरो कान्छो भाइ, चंखे र नक्कली*
*खुशी होला दुलही पाएर*
*आमा मेरी सधैँकी रोगी छन्, चंखे र नक्कली*
*सुख देलिन् बुहारी आएर ।*
*भाइ त मेरो एस.एल.सी पढेका, चंखे र नक्कली*
*खान लाउन पाएर बढेको*
*दुलही आइन घुम्तीले मुख छोपी चंखे र नक्कली*
*सोह्र वर्षे वैशमा चढेको (१५)*

*(सूचक : गंगा सापकोटा (३५) चौधरे ठोट्ने खोला)*

## ४.४ श्रमगीत

कुनै पनि काम (श्रम) गर्दा गाईने गीतलाई श्रम गीत भनिन्छ । खेतीपातीका समयमा गाउने हुँदा यसलाई कर्म गीत पनि भन्न सकिन्छ । ललितपुरको दक्षिणी भेगमा खेतीपातीको समयमा गाईने श्रमगीतहरूका रूपमा असारे गीत र दाइँ गीत मात्र प्रयोग भएको पाइन्छ ।

### ४.४.१ असारे गीत

असारको बेला यस क्षेत्रमा धान रोप्ने चलन छ । धान रोप्ने क्रमलाई मनोरञ्जनमूलक बनाउन हिलो खेल्ने, पानी छ्याप्ने जस्ता गतिविधि हुने गर्दछन् । असारे गीत ललितपुरको दक्षिणी भेगमा निकै लोकप्रिय रूपमा चलेको गीत हो । विशेष गरेर

दोहोरी शैलीमा गाउने असारे गीतका माध्यमबाट कृषिलाई मात्र होइन सामाजिक तथा व्यक्तिगत दुखेसो व्यक्त गरिन्छ । असारे गीतको संक्षिप्त नमूना तल दिइएको छ ।

**असारे गीतको नमूना**

*हलीलाई दिउँला एकराते दही, बाउसेलाई दिउँला घ्यू ।*
*रोपमा रोप रोपाहार्नी बहिनी, म पाँजिदिउँला बीऊ ॥*
*खेतै र रोप्नु छुपु र छुपु, हातैको मर्मैले ।*
*झ्यालमा बस्ने जिऊ मेरो थियो, दिएन कर्मैले ॥*
*असारै मासको दब्दबे हिलो, छि ! मलाई घिन लाग्छ ।*
*शिरैमा छाता पावैमा जुत्ता, लाउँ भने रिन् लाग्छ ।*
*गाईको कीलो भैंसीको कीलो, कीलोको कीलै छ ।*
*दोपहरे खाजा बाँडौंला भन्थें, हात मेरो हिलै छ ॥*
*एता जा भन्छ उता जा भन्छ, केराको पातैले ।*
*न एता जानु न उता जानु, छोरीको जातैले ॥*
*खेतै र रोप्नु छुपु छुपु, हातको बीउ छउन्जेल ।*
*मिठै र खाउँला राम्रै र लाउँला, बाबाको जीऊ छउन्जेल ॥*
*माली र गाईको एकराते दही, चुकभन्दा अमिलो ।*
*न धुँदा जान्छ न रुँदा जान्छ, यो मनको धमिलो ॥*
*अचारै खाएँ बिचारै खाएँ, दिदीले साँदेको ।*
*मरेंछु भने जोर चिट्ठी आउँछ, धागाले बाँधेको ॥*
*तिरीमा तिरी मुरली मेरा, बजाए रामैले ।*
*सुनबुट्टे छाता देऊ मेरो हात, म मरें घामैले ॥*
*झिली र मिली रमाइलो रैछ, राजाको दरवार ।*
*बालकै कालमा बिहे है गरें, बिग्रियो घरबार ॥ (१६)*

(सूचक : ईन्दिरा तिमल्सीना, मानिखेल-४)

## ४.४.२ मङ्सिरे (दाँइ) गीत

असारमा रोपिएको धान कार्तिक/मङ्सिरमा काटिन्छ । धान काटिसकेपछि धान झार्ने कार्य हुन्छ । धान झार्ने क्रममा दक्षिणी ललितपुरको सबै क्षेत्रमा गोरुको प्रयोग गरिँदैन । दाँइ गर्ने प्रचलन नभएका क्षेत्रमा धान काटेकै दिनमा किसाहरूले आफै धान झार्छन । तर ललितपुरको दक्षिणी पहाडका ठूलादुर्लुङ्ग, गिम्दी, आश्राङ, प्यूटार जस्ता क्षेत्रमा धान काटिसकेपछि सो धानलाई बोटसमेत सुकाइन्छ जसलाई निहिन सुकाउने भनिन्छ । राम्रोसँग

सुकेको धानलाई खलो (खेतमा बनाइएको ठूलो आँगन जस्तै भाग) मा गाडिएको काठको मियोको वरिपरि फिँजाएर सो मियोमा लामो दाम्लोमा दुई वा चारवटा गोरु बाँधेर गोरु धपाइन्छ र धान भ्कार्ने प्रक्रिया सञ्चालन हुन्छ । यस प्रकार धान भ्कार्दा विशेष गरेर रातीको समय प्रयोग गरिन्छ र किसानहरूले गीत गाउँदै गोरु धपाउने तथा धान र पराललाई अलग पार्ने गरिन्छ । यसप्रकारको दाँइ गीत विशेष गरे ठूलादुर्लुङ्गको हेलटार वेसी तथा गिम्दीको कटुवा वेसी क्षेत्रमा अभ्कै पनि गाईन्छ तर यो गीत लोप हुने अवस्था छ । हालका युवापुस्ताले यो गीत गाएको पाइँदैन । जसको नमूना तल प्रस्तुत गरिएको छ ।

**दाँइ गीतको नमूना**

*हो वरदा हो .........*
*मियाको टुप्पामा बसिहाल्यो कोइली*
*आजका वरादालाई घिउको चोइली*
*हो वरदा हो .........*
*अरूका वरादा राता र काला*
*हाम्रा वरादा महादेवका साली*
*हो वरदा हो .........*
*हाम्रा वरादाका वाटुली वाटुली जुरी*
*जुरीका रवै पिच्छे धानका मुरी*
*हो वरदा हो .........*
*आकाशमा हेरौ भ्किलिमिली तारा*
*मियोतिर हेरौं सहका धारा*
*हो वरदा हो ........ (१७)*

(सूचक : केदारनाथ वासकोटा, रणबहादुर गोले ठूलादुर्लुङ्ग २, ल.पु)

## ४.५ बाह्रमासे (विविध) गीतहरू

वर्षभरि नै गाउने गीतहरूलाई वाह्रमासे गीत भनिन्छ । यस प्रकारको गीतहरूका लागि कुनै पनि सांस्कृतिक पर्व वा उत्सवको जरुरी पर्दैन । घाँस, दाउरा काट्दा, बालबच्चासँग खेल्दा, बाटोमा हिँड्दा, पूजा-आजा जस्ता विशेष समारोह, जात्रा, मेला, हाटबजार आदि स्थानमा गाईने गीतहरू बाह्रमासे गीतहरू हुन् । यस प्रकारका गीतहरू एकोहोरी र दोहोरी दुवै खाले हुन्छन् ।, गीतहरू मार्फत दुःख, सुख, माया, प्रेम, संस्कृति,

परम्परा आदिलाई समेटिन्छ । ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित बाह्रमासे गीतहरूको संक्षेपमा परिचय र नमूना तल प्रस्तुत गरिएको छ ।

## ४.५.१ एकोहोरी गीत

यस प्रकारका लोकगीतहरू गाउन कुनै पनि चाडपर्वको आवश्यक पर्दैन । कुनै पनि जात्रा वा पर्वहरूमा यस खालका गीतहरू गाईन्छ । घाँस दाउरा गर्दा वा एक्लै हुँदाको वखतमा गाईने जस्ता गीत मार्फत गाएकले मनको वह पोख्ने क्रममा व्यक्तिगत कुरालाई नै लिने गर्दछ । एकोहोरी गीतको नमूना तल दिइएको छ ।

**एकोहोरी गीतको नमूना**

*बाटो मुनि हरियो बाँसघारी*
*ढल्क्यो जोवन मायाको आस गरी*
*हाँगे सिमल, चरी कहाँ बस्यो पारि हिमाल*
*मत आएँ नौ डाँडा नाघेर*
*तिम्रो माया धेरै नै लागेर*
*यो बैनीको छिन भरको माया*
*बादलुले बनायो घाम छायाँ ।*
*मायालुले हामीलाई ढाँटेर*
*छोडी भाग्यो नौ डाँडा काटेर*
*ढल्किसक्यो बैंशालु जोवान*
*तिम्लाई भेट्दा फुरुङ्ग यो मन*
*फूलको जोवान ओइलेर जाने भो*
*थाहा छैन आज कि भोलि हो (१८)*

(सूचक: रामसरण खवास दल्चोकी-३, ल.पु.)

## ४.५.२ दोहोरी (जुहारी) गीत

कुनै पनि जात्रा पर्व वा विवाह आदि कार्यलाई मनोरञ्जनमूलक बनाउनका लागि दोहोरी गीत महत्त्वपूर्ण हुने गर्दछ । दोहोरी गीत प्रश्नोत्तर शैलीमा गाईने हुनाले यसलाई जुहारी पनि भनिन्छ । विशेष गरेर दुई पक्ष, युवा र युवती बीचमा गाईने यस्ता गीतहरूले माया प्रितिमा नै बढी जोड दिने गर्दछ भने कहिलेकाही धर्मशास्त्रका विषयमा समेत सवाल

जवाफ हुने गर्दछ । यो वाद्यवादन सहित र वाद्यवादन विना पनि गाउने गाउने चलन छ । जसको नमूना तल दिइएको छ ।

**दोहोरी गीतको नमूना**

केटा - *सोला भञ्ज्याङ् घुमाउने चौतारी ।*
*माया लाउने कोही छैन दौंतारी ॥*
*केटी - सोला भञ्ज्याङ् घुमाउने चौतारी ।*
*बल नगर पाउँदैनौ दौतरी ॥*
*केटा - भैरवथुमको रमाइलो पोखरी ।*
*बित्यो जोवन रोज्दैमा दौंतरी ॥*
*केटी - नारनथानमा हिउँ पऱ्यो टल्केर ।*
*खोज अर्कै नबस कल्पेर ॥*
*केटा - खुर्मी खोला धमिलो पानी ।*
*बितिसक्यो कलिलो जवानी*
*केटी - यो दाजु त के सारो कुर्लेको ।*
*बागमतीको बाडीझैं उर्लेको ॥*
*केटा - पारी गाउँको के ठूलो पहिरो ।*
*माया भन्दा पिरती झन गहिरो ॥*
*केटी - ल्याङ् त पिरो सुपारी चाम्रो*
*माया भन्दा पिरती झन राम्रो ॥ (१९)*

(सूचक : मखमली घिमिरे, गिम्दी-२, अम्विका घिमिरे चन्दनपुर - १)

## ४.५.३ भजन कीर्तन

विशेष गरेर पूजा-आजा वा देवकार्यका बेला देवीदेवताको महिमा गाईन्छ । यसरी देवी देवतको महिमालाई भजन कीर्तन भनिन्छ । भजन र कीर्तनलाई छुट्टाछुट्टै रूपमा लिने गरिन्छ । भजनलाई कथा वर्णन गर्ने गीतको रूपमा लिइन्छ भने कीर्तनले सङ्गीतमय वातावरणको सिर्जना हुन्छ । कीर्तनमा छोटा गीतहरू प्रयोग हुन्छन् । विशेष गरेर भजनमा खैंजेडीको प्रयोग अनिवार्य हुन्छ भने कीर्तनमा बाँसुरी, मादल, मुजुरा हार्मोनियम आदि वाद्य सामग्री प्रयोग हुन्छ । ललितपुरका दक्षिणी क्षेत्रमा प्रायः सबैतिर नै कीर्तनको चलन छ तर भजन भने पुराना बुढापाकाले मात्र गाईरहेका छन् । भजन गाउन अनुभवको आवश्यकता पर्दछ । यस क्षेत्रमा विशेष गरेर हालका दिनमा केही युवाहरू समेत भजनको जगेर्ना गर्न

लागिपरेका छन् । विशेष गरेर ललितपुरको ठूलादुर्लुङ्ग, चन्दनपुर, गोरीखेल, मानिखेल, वुखेल, इकुडोल, भट्टेडाँडा, लेले आदि गा.वि.स. क्षेत्रमा भजनको चलन भए पनि कीर्तन भने प्रायः सबै क्षेत्रमा प्रचलनमा छ । यहाँ भजन र कीर्तनलाई छुट्टाछुट्टै रूपमा देखाइएको छ ।

## ४.५.३.१ कीर्तन

भगवानका कीर्ती (कृति) को महिमा गाउनु नै कीर्तन हो । विशेष गरेर सत्य नारायणको पूजा, कृष्ण जन्माष्टमी आदि बेलामा कीर्तन गाउने चलन छ । कीर्तनमा हार्मोनियम, मादल आदि प्रयोग हुन्छ भने स्रोताहरूले तालीको अनिवार्य प्रयोग गर्दछन् । कीर्तनमा प्रमुख व्यक्तिले भनेको कुरालाई दोहोऱ्याउने गरिन्छ । विशेष गरेर नारीहरूमा कीर्तन प्रिय हुन्छ तसर्थ उनीहरू यस्ता बेलामा नाच्ने पनि गर्दछन् कीर्तनको छोटो नमूना तल देखाइएको छ ।

**कीर्तनको नमूना**

*हरे राम हरे राम राम हरे हरे हरे*
*हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे*
*नजाउ भन्दा कृष्ण गए विन्द्रा वनैमा*
*यशोधालाई पिर पऱ्यो भित्री मनैमा*
*हरे राम ............................*
*राम जपौं, कृष्ण जपौं भक्ति गरेर*
*श्री सम्पत्ति सबै एकदिन जान्छौ. छोडेर*
*चौरासी लाख जुनीमाहा मानव चोला पायौ*
*तेरो मेरा भन्दा भन्दै यसलाई गुमायौं*
*हरे राम ............................*
*आखिरीमा खाली हात जान्छौ छाडेर*
*राम जपौ कृष्ण जपौं भक्ति गरेर*
*हरे राम ............................ (२०)*

(सूचक : डम्बर वानिया, प्यूटार-४)

## ४.३.३.२ भजन

देवकार्यमा गाईने गीत मध्ये भजन लोकप्रिय रहेको छ । विशेषतः अनुभव प्राप्त व्यक्तिहरूले मात्र गाउन सक्ने हुँदा लोकप्रिय पनि छ । भजनमा निश्चित आरध्यदेव स्तुति पछि कथालाई धाराप्रवाह रूपमा गीतको रूपमा व्यक्त गरिन्छ । मूल वाचकले कथालाई

व्यक्त समूहमा रहेका व्यक्तिहरूले "नारायण हरि हरि" भन्दै मूल वाचकको गीतलाई दोहोऱ्याउँछन् । गीतमा उल्लेख गरेको भावना अनुरूपका हावभाव र नृत्य गरिने भजनमा खैजेडी, करताल र मुजुराको प्रयोग हुन्छ । पंक्तिबद्ध वा गोलो घेरामा रहेर गाईने भजन सुन्नु जति राम्रो हुन्छ, त्यति नै हेर्न पनि आकर्षक हुन्छ । खैजेडी बजाउँदै नाचेको दृश्य साच्चीकै चित्तचोर समेत हुन्छ । खैजेडी भजनको नमूना तल दिइएको छ

**भजनको नमूना**

*राम राम राम राम नारायण ...... हरिहरि*
*पहिलो आरती, हे नारायण पहिलो आरती*
*हरेराम पहिलो आरती हरेराम पहलो आरती ......*
*सरस्वती माई तिमीलाई पहिलो आरती हरेराम*
*सरस्वती माई तिमीलाई पहीलो आरती नारयण, हरीहरी, ..........*
*आदि देव नमस्तुभ्यम् प्रसिद्ध मम भास्कर ।*
*दिवाकर नमस्तुभ्यम् प्रभाकर नमस्तुते ॥*
*निसकलङ्क कलाधारी गङ्गा धारी सिरोमणि*
*शिरमुकुट निवासाय पूर्णचन्द्र नमस्तुते ॥*
*नायारण, हरिहरि .............................*
*दोस्रो आरती हे नारायण दोस्रो आरती, हरेराम दोस्रो आरती*
*चन्द्र सूर्य देवतालाई दोस्रो आरती ॥*
*नारायण हरिहरि*
*यो जगत सन्सारलाई हर्ने, भर्ने, लीला गर्ने, सृष्टीकर्ता ब्रह्मा हुनुभयो ।*
*पालनकर्ता विष्णु हुनुभयो संहार कर्ता रुद्र हुनुभयो*
*नारायण हरिहरि ..................*
*तेस्रो आरती हे नारायण तेस्रो आरती*
*हरेराम तेस्रो आरती*
*ब्रह्मा विष्णु महेश्वरलाई तेस्रो आरती*
*ऋग, यजु, साम, अथर, इनै चारबाट विश्व भरमा*
*चन्द्र सूर्यको पछि पछि जगत उज्यालो देखाई दिने शास्त्रलाई*
*नारायण हरिहरि ...................*
*चौथो आरति हरेराम चौथा आरति*
*ऋगयजुसाम अथरवेदलाई चौथो आरती*
*नारायण हरिहरि*
*कुन लीला भनौ त हे सबले भन कुन लीला भनौ त*
*वेद पुराण रामायणको कुन लिला भनौत (२२)*

(केदारनाथ वासकोटा र मदन आचार्य, ठूलादुर्लुङ्ग-२)

### ४.५.४ शिशुगीत/बालगीत

बालकहरूको मनोरञ्जनका लागि गाईने गीतलाई बालगीत वा शिशु गीत भनिन्छ । शिशु गीत यस क्षेत्रमा लोकप्रिय रहेको छ । गीतको प्रकृति हेर्दा शिशु गीत वा बालगीतलाई दुई खण्डमा बाडेर हेर्न सकिन्छ ।

(क) शिशुका लागि गाउने गीत

(ख) शिशुहरूद्वारा गाईने गीत

**(क) शिशुका लागि गाउने गीत**

साना-साना बालबालिकाहरू हेरविचार गर्ने क्रममा उनीहरूका अविभावकहरूद्वारा गाईने गीत शिशुका लागि गाईने गीत हो । ठूला मानिसहरूले बच्चाहरूसँग रमाउने र खेल्ने क्रममा यसप्रकारका गीतहरू गाउने गरिन्छ । ललितपुरको दक्षिणी भेगमा गाईने शिशु गीतको नमूनालाई तल प्रस्तुत गरिएको छ ।

**शिशुका लागि गाईने गीत नमूना १**

*तारा वाजी लै लै*
*मामा आए घोडा*
*माइजु आईन डोली, पापा ल्याइन सोली*
*काफल गेडी कुटुक्क, निदाइ नानी लुटुक्क (२२)*

(सूचक : दिपक सापकोटा, चौघरे-५)

**नमूना-२**

*गोठे लौरी गोठै जा*
*नुन लिन भोटै जा*
*कुलो लाग्यो पैराले, थाम्न जा लौराले (२३)*
(सूचक : दिपक सापकोटा, चौधरे)

**नमूना-३**

*आइज चरी काटुँकान*
*लैजा चरी नारनथान*
*चरीको मासु चाम्रो छ*
*हाम्रो नानी राम्रो छ (२४)*

(सूचकः हरि प्र. घिमिरे गोरखिल-२)

**नमूना-४**

*नाचन नानी नाचन, पैसा दिउँला पाँचाना*

*वारुली कम्मर भाँचन, नाच न नानी नाचन*

*लौ लौ भिल्के लौ लौ*

*हाम्रो भिल्के नाच्दै आयो*

*खै खै बाटो छोडन । (२५)*

(सूचक : शिवप्रसाद घिमिरे, चन्दनपुर, नमनडोल)

**(ख) शिशु/बालकद्वारा गाईने गीत**

बालबालिका आफ्नो उमेरसमूहभित्र खेल्दा प्रयोग हुने गीतहरू नै बालगीतहरू हुन् । बालबालिकाहरूले गीत मार्फत मनोरञ्जन, अभिनय र नृत्य समेत गर्ने यस्ता गीतहरू रमाइला हुने गर्दछन् । यस क्षेत्रमा उपलब्ध बालगीतहरूको नमूना तल प्रस्तुत गरिएको छ ।

**गीतको नमूना**

*उडकुसी मुडुकसी लावा चुम*

*चुम्के धारा पुतली*

*साउन मासे आरु*

*आरु पाके रनाजु*

*पल्ला घरकी गोठाली*

*नुन माग्न आइछे*

*नुन, भुक, चुक*

*खाटमुनि लुक (२६)*

(सूचकः जस्मिन शर्मा, ठूलादुर्लुङ्ग-२ ल.पु.)

**नमूना २**

*दौडी कुइरो दौडी, तेरो घरमा, चोर पसो*

*माना चामल लुकायो, बुढो भैसी लडायो ।*

*सातु पिठो फुकायो थोत्रो नाङलो ठटायो । (२७)*

*(अस्मिता शर्मा, जस्मिन शर्मा, ठूलादुर्लुङ्ग-२, ल.पु.)*

**नमूना ३**

*हर हर महादेव पानी देऊ देऊ*

*यतिले पुगेन अलि थपिदेऊ*

*खरानीको डल्लो कति सारो*

*महादेवलाई पानी दिन कति गारो (२८)*

(सूचक : दिपेश सापकोटा, वर्ष ११, ठोटनेखोला)

**नमूना ४**

*हुटिट्याउँले फूल पार्‍यो माली गाइले कुल्चिन्*
*किन कुल्च्यौ माली गाई ? गोठालोले हेरेन*
*किन नहेर्‍या गोठाला ? मानो चामल पाइनँ*
*किन पाइनस मानो चामल ? खेत रोप्न पाइनँ*
*किन रोपिनस खेत ? वर्षा पानी आइन*
*किन आइनस पानी वर्षा ? चिउरी पलाइन*
*किन पलाइनस चिउरी ? पानी आइन*
*किन आइनस पानी ?*
*भ्यागुती कराइन*
*किन नकराको भ्यागुती ? साँपले खान्छ*
*किन खान्छस साँप ? भोक लागेर (२९)*

(सूचक : प्रशान्त बाँसकोटा, ठूलादुर्लुङ्ग, २, ल.पु.)

**नमूना ५**

*कुखुरीकाँ, बासी भात खाँ,*
*खोइ मेरो बासी भात ? विरालोले खायो ।*
*खोइ विरालो मुसा मार्न गयो ।*
*खोइ मुसो दुलो भित्र पस्यो ।*
*खोइ दुलो ? गाईले कुल्च्यो ।*
*खोइ गाई ? खोलाले बगायो,*
*खोइ खोलो, स्याप्पै सुक्यो (३०)*

(सूचक : जस्मिन शर्मा, ठूलादुर्लुङ्ग,-२, ल.पु)

### ४.५.५ नारी आवाजका गीत

ललितपुर जिल्लको दक्षिणी क्षेत्रमा हालका दिनहरूमा पनि शिक्षाको चेतना कमी छ । जसका कारण बाल विवाह, अनमेल विवाह, छोरीलाई पढाई लेखाइ तथा खानपानमा भेदभाव गर्ने चलन केहीमात्रामा अझै पनि पाइन्छ । छोरीहरूको विवाह गरेर डाँडो कटाउने एउटा दुःख लाग्दो श्रृङ्खला यहाँ पनि छ । विवाह पश्चात् दुःख पाएका महिलाहरू विभिन्न कुराहरूबाट पीडित छन् । आफ्नो माइती घरमा आमा बुवा, सौतिनी आमाले गर्ने अन्याय, घरमा श्रीमान्, सासु र कतिपय अवस्थामा सौताबाट हुने अन्याय, नारी भएकै कारण अन्धविश्वासयुक्त समाजबाट गरिने अन्याबाट पिल्सिएका नारीहरूले आफ्नो पीडालाई

गीतमार्फत व्यक्त गर्दछन् । कतिपय गीतहरूमा क्रान्ति चेत पनि समावेश हुन्छ । हृदय विदारक हुने यसता गीतहरू एकल र सामूहिक हुन्छन् । नारी आवाजका गीतहरूको केही अंश तल दिइएको छ ।

**नारी आवाजका गीतको नमूना**

*उकुस मुकुस भयो मन भित्र भित्र पोलेर ।*
*कति बस्नु चुला चौका जुठो मोलेर ॥*
*अरू देशका नारीहरू चन्द्रमा टेकेरे ।*
*नौला नौला आविस्कार तिनले देखेरे ॥*
*हामी नारी नउठेमा देशको विकास हुँदैन ।*
*एकमात्र हातले ताली बज्दैन ॥*
*पुरुषप्रधान हाम्रो देश नारीलाई शोषण छ ।*
*परिवर्तन गर्नलाई हाम्रो मन छ ॥*
*एक वोले सुकी जान्छ यस थुकी सागर ।*
*नारी आवाज घन्काएर उठ्ने आँट गर ॥ (३१)*

(सूचक : कल्पना घिमिरे-१, प्रभा घिमिरे, सुनिता दुलाल, गोटीखेल-१)

## ४.५.६ तामाङ सेलोमा आधारित गीत

ललितपुर जिल्लाको दक्षिणी भेगमा तामाङहरूको वाक्लो वस्ती छ । तामाङहरूको बसोवास क्षेत्र चौधरे, मानिखेल शंखु नल्लु क्षेत्रमा तामाङहरू एकीकृत रूपमा बसोवास गर्दछन् भने अन्य गा.वि.स. क्षेत्रमा ब्राह्मण क्षेत्रीहरूसँग मिलेर बसोवास गरेका देखिन्छ । तामाङहरूले ब्राह्मण क्षेत्रीहरूको संस्कृतिको देखासेखी गरे जस्तै तामाङहरूको भाषा तामाङ भाषाको प्रभाव नेपाली लोकगीतमा पनि परेको छ । तामाङहरूको लोकप्रिय गीत तामाङ सेलोमा आधारित गीतहरूलाई नेपाली गीतमा प्रयोग गरिएको पाइन्छ । तामाङ सेलोलाई नेपाली लोकगीतको समूहबाट हटाउने हो भने दक्षिणी पहाडको लोकगीत अपाङ्ग झैं बन्दछ । तामाङ सेलोमा आधारित गीतहरूको केही नमूना तथा दिइएको छ जसमा कतिपय अवस्थामा तामाङ भाषाको प्रचलित शब्दहरू पनि प्रयोग भएका छन् । तामाङ सेलोमा आधारित यस प्रकारका गीतमा तामाङहरूले नेपाली भाषा प्रयोग गरेको वा नेपाली लोकगीतमा तामाङ भाषाका शब्द प्रयोग भएको हो भनी सोझै छुट्याउन गाह्रो भए पनि भाषाको मिसावट भएको कुरा भने गीतबाट छर्लङ्ग देखिन्छ ।

**तामाङ सेलोमा आधारित गीतको नमूना**

**नमूना १**

*सान्दान सिङला मधुमालाले जोर अनौ*

*सुनेर वस मधुमालाले मो भनौ*

*मोहर छानौ मधुमालाले दाम गनौ*

*सुनेर वस मधुमालाले मो भनौ*

*पोहोर साल मधुमालाले भेट हुँदा*

*आस्याङको छोरीले मधुमालाले मोलाइ छुँदा*

*फुरुङग भए मधुमालाले कस्तो भयो*

*पूर्णेको रात मधुमालाले जस्तो भयो (३२)*

(सूचकः राजमान गोले, रामबहादुर थिङ, गिम्दी-१)

**नमूना २**

**पहरे ढुंगा फोरौला**

*पहरे ढुंगा फोरौला*

*मेची र काली जोरौला*

*यो देशको माटो जोगाउन*

*पसिना चोखो पोखौला*

*हिजो त भैगो निदायौ*

*आज त अघि सर्ने छौ*

*यो देशको विकास गर्नलाई*

*नथाकी अघि बढने छौ*

*गोर्खालीको नामले*

*देशीको मन डरायो*

*नेपाली हामी निदाउँदा*

*पुर्खाको इज्जत हरायो*

*नालापानीको लडाइँमा*

*जितेको हामी लडेर*

*कुइरेको मन डरायो*

*नेपाली अघि बढेर*

*सिन्धुली गढीको डाँडोमा*

*सिन्धुली माइको थानमा*

*दर्शन गरेर देवीको*

*फूलपाती लाएर कानमा ......*

*पहिलेको कुरा सम्फदा*

*मनमा आगो बल्दछ*

*नेपाली छोरो निदाउँदा*

*वाबुको हातको गोडा गल्दछ (३३)*

(सूचक : रमेश शर्मा, छम्पि-४, पटासी फाँट ल.पु)

## ४.५.७ ख्याली वा ख्याल ठट्टाका गीतहरू

मनोरञ्जनको रूपमा ख्याली गीतहरू बढी आकर्षक हुन्छन् । विशेष गरेर सोभ्फो कुरालाई बाङ्गो टिङ्गो पारेर वा व्यङ्ग्यात्मक तरिकाले गाउने गीतलाई ख्याली भनिन्छ । यो विशुद्ध मनोरञ्जनमूलक गीत हो । हास्य प्रधान गीतको रूपमा लिइने यस्ता गीतमा स्थानीय वाध्यसामग्री, मादल, बाँसुरी आदिको पनि प्रयोग गरिन्छ । हावभाव र नृत्यका लागि समेत ख्याली गीतहरू लोकप्रिय हुन्छन् । ख्याली गीतको नमूना तल दिइएको छ ।

**ख्याली गीतको नमूना**

**नमूना-१**

*ताल परेको पोखरीमा नील परेको पानी*

*छोडौं भने माया लाग्छ लैजाऊँ भने सानी*

*उकालीमा जाँदा जाँदै देउरालीमा पाती*

*राम्रा राम्रा तरुनीका पोइ मरेको जाती*

*दुलुङ्गेको हलोजुवा सिलिङ्गेको गोरु*

*आइज लोते लैजा पोते माइत बस्छु बरु (३४)*

(सूचक : बद्री चौरेल, ठूलादुर्लुङ्ग, ४, ल.पु.)

## ४.५.८ भ्याउरे गीत

दक्षिणी ललितपुरको क्षेत्रमा पशुपालन अत्याधिक हुनाले घाँस सोत्तर लिन वन जाने चलन छ । यस प्रकारको कार्य गर्दा गाउने गीतहरूलाई भ्याउरे गीतको रूपमा लिइन्छ । नेपाली लोकगीतको क्षेत्रमा व्यापक चर्चित रूपमा रहेका भ्याउरे गीतहरू ललितपुरको दक्षिणी पहाडको सानावास वन, खोरभञ्ज्याङ, ढुटीघारी, खस्रुघारी, सोलावन, छरछरे, देउताखोला, खुर्मी खोला, साउमारा, तीनपाने जस्ता वन क्षेत्रमा व्यापक रूपमा सुन्न पाइन्छ । भ्याउरे गीतका नमूना तल दिइएको छ ।

**झ्याउरे गीतको नमूना**

*पहिलो चरण कसरी गाउनी ।*
*सरस्वती मुखैमा नआउनी ॥*
*यो मायाको झल्को र पीरले ।*
*हिँड्न पाइन उजेलो शिरले ।*
*माया तिम्रो वत्तीसै दन्त ॥*
*दन्त छोडी जाँदैन मन अन्त ॥*
*तिमी काँको म दुर्लुङ्ग खोलाको ।*
*माया लाउन भनेर बोलाको ॥*
*माया तिमी क्या विना रिसाको ।*
*औँठी दिउँला सुन हिरा मिसाको ॥*
*मनमाया रिसाको किन ।*
*आज मरे भोलि त दुई दिन ॥*
*बाचुन्जेल लाउनु र खानु ।*
*मरेपछि के छ र लैजानु ॥ (३५)*

*(सूचक : जमुना शर्मा ठूलादुर्लुङ्ग-२, ल.पु.)*

## ४.५.९ मारुनी गीत

जात्रा, मेला, पर्वहरूमा मनोरञ्जनका दृष्टिले गाईने गीतमा पुरुषलाई नारीको रूपमा पहिरनमा सिंगारेर नाचिने गरिन्छ । खासगरी मारुती नाचकै नामबाट यो मारुनी गीतको रूपमा परिचित भएको छ । मारुनी गीत विशेष गरेर देवी देवताको स्तुति गरेर लामो लेग्रो तानेर गाईन्छ । नाचमा संलग्न हुनेहरूले निश्चित घेरा वा पंक्ति बनाएर सामूहिक रूपमा नृत्यसँगै यो गीत गाउँछन् । देव महिमा, वीरगाथा जस्ता कुराहरूलाई तथा माया प्रेमको कुरालाई नै मारुनी गीतमा समावेश गरिन्छ । मारुनी गीतमा मुख्य रूपमा मादलको प्रयोग हुन्छ । ललितपुर जिल्लाको ठूलादुलुङ्ग र गिम्दी क्षेत्रमा हाल मारुनी गीत लोप हुने अवस्थामा छ भने अन्यत्र मारुनी नाच वा गीतको प्रचलन भेटिँदैन ।

*सिँगाऱ्यौ सिँगाऱ्यौं ।*
*रानीलाई सिँगाऱ्यौं ।*
*एक्लै भयौ नि मारुन्यौं ।*
*आउन आउन ढँटुवारे भैया ॥*

*नाचन हाव् नाचन, आँगनीमा नाचन ॥ २ ॥*
*आँगनीमा नाचन है महाराजै*
*तिम्रो घर आयौं नाचन है ॥ ३ ॥*
*गोपिनीको नाचै आयो नि ।*
*देऊ न हे आमै दियो कलश देऊ न ।*
*नाच नै आयो भनेर आँगनी बढारी देऊ न ॥ ४ ॥*
*नाच नै आए भनेर आँगनै बढारिराखेका ।*
*नाचने भाइ आउँछन् भनी आँगनी लिपिराखेका ।*
*नाच्ने पो आउँछन् है भनी रमिते पो ए बोलाइराखेका । (३६)*

(सूचक : गुप्तबहादुर ब्राम्हु, ठूलादुर्लुङ्ग-३)

## ४.५.१० घाँसे गीत

घाँस दाउरा गर्न जाँदा गाईने हुनाले घाँसे गीत भनिएको हो । यस प्रकारका गीतमा आधा भागमा असारे गीतको प्रयोग हुन्छ भने आधार भागमा पहिलो सिलसिलासँग मेल खाने गरेर गीत गाईन्छ । ललितपुरको दक्षिणी भेगका गोटीखेल, चन्दनपुर, ठूलादुर्लुङ्ग लगाईत डाँडापारी क्षेत्रमा घाँसे गीतहरू प्रचलनमा रहेका छन् । घाँस दाउरा मात्र होइन स्थानीय जात्राहरू गोटीखेलको महाकाल जात्रा, कालेश्वर जात्रा, दुर्लुङ्ग जात्रा आदि जात्राहरूमा पनि घाँसे गीत सुन्न पाइन्छ । घाँसे गीतका लागि दक्षिणी पहाडको डाँडापारि क्षेत्र बढी मात्रामा चर्चित छ यसको मूल कारण त्यस क्षेत्रमा विभिन्न समयमा मनाइने स्थानीय जात्राहरू हुन् । यस क्षेत्रमा गाईने घाँसे गीतमा वाद्यवादनको प्रयोग गरिने भए पनि गीतको पहिलो भागमा भट्याइन्छ र दोस्रो भागमा मात्र वाद्यवादनको प्रयोग हुन्छ । । घाँसे गीत नृत्य प्रधान गीत हो । जसको उदाहरण तल देखाइएको छ ।

**घाँसे गीतको नमूना**

*सालको पातलाई, सिन्का खात लाई खात लाई त्यो टपरी गाँसेर ।*
*एता सुन मैना ख्याल गरेको होइन खात लाई खात लाई त्यो टपरी गाँसेर ॥*
*मनको कुरा नखोलेनी पुरा बोली देउन हाँसेर ।*
*गौं काटी कन वालै मेरा पन बोली देउन हाँसेर ॥*
*जाडो भयो ठण्डी औडाई देउन मण्डी सिरक माथि खापेर ।*
*एतीले ने भोकी भन्नै पर्नै होकि सिरक माथि खापेर ॥*
*भूइँचालोमा परी गाको भए मरी पाउँथ्यौ दर्शन नापेर ।*

*नगम्कनु धन्मा सम्झी राख मनमा पाउथ्यौ दर्शन नापेर ।*
*त्रिपन्न हातको त्यो सुरिलो रूख पातै झरे सिक्रिन्छ ।*
*दाम पैसा गन होकि हैन भन पातै झरे सिक्रिन्छ ।*
*एकमन गरे एकै सुर हुन्छ दोमन गरे बिग्रन्छ ॥*
*घर मेरो सिम्ले बुझ कुरा तिम्ले दोमन गरे बिग्रन्छ ॥*
*टाउको दुख्यो ऐले थाहा पाउँछेउ कैलै विगार पऱ्यो केमानी ।*
*नजाऊ रिसाएर चिनी मिसाएर विगार पऱ्यो केमानी ॥*
*हिजो माया लाउने आज उल्टा ख्वाउने हुँदा रैछन बेमानी ।*
*सिमसिम पानी सिमलाई थाहै होला तिम्लाई हुँदा रैछन बेमानी । (३७)*
(सूचक : केदार नाथ बाँसकोटा ठूलादुर्लुङ्ग - २ ल.पु.)

## ४.५.११ **सवाई**

लोक महत्तालाई आफ्नो लय र अभिव्यक्तिमा गुँथी मिठासपूर्ण ढङ्गले गाउने परम्परा लोकले परापूर्वकालदेखि नै जानेको हो । लोक साहित्यको एक पुरानो एवम् महत्त्वपूर्ण शाखाका रूपमा रहेको सवाईको ऐतिहासिक घटनाहरूलाई सुन्दर ढङ्गले गाउने परम्परा आज पनि उत्तिकै सान्दर्भिक देखिन्छ । आफ्नो जीवनमा घटेका प्रमुख घटनाहरू लोक जीनवको तत्कालीन स्थिति, नेपाली जातिका दैनिक अनुभूतिहरू एवम् ऐतिकासिक घटनाहरू नै सवाईका विषयवस्तुहरू हुन् ।

**सवाईको एक नमूना :**

**रूपैयाँ पैसाको सवाई**

*सुन सुन पाँच हो म केही भन्छु ।*
*पैसाका प्रतापको सवाई कहन्छु ॥ १ ॥*
*पैसामै पराईका छोराछोरी भुल्ने ।*
*पैसाले नै दुनियाँको काया डुबाउने ॥ २ ॥*
*पैसा नै हो दाजुभाइ पैसा नै हो मित्र ।*
*पैसा धेरै भएदेखि स्वास्नी घरभित्र ॥ ३ ॥*
*पैसा भनेको आगम अपार ।*
*पैसाले गरदामा डुब्यो संसार ॥ ४ ॥*
*पैसा भए मेवा मिष्टान अमृत भोजन ।*
*पैसा भए सबैले भन्दछन् सज्जन ॥ ५ ॥*
*पैसा भए घरभरि कमारा कमारी ।*

*पैसाभन्दा अरू ठूलो केही छैन भारी ॥ ६ ॥*
*पैसा भए चौध भुवन घुमी फिरी आउँछ ।*
*पैसाले नै सबै कुरा देख्न सुन्न पाउँछ ॥ ७ ॥*
*पैसाले गरदामा कुल्ली डफादार ।*
*पैसा भए सबजना काजी भारदार ॥ ८ ॥*
*पैसा भए तीर्थव्रत दानपुन्य हुने ।*
*पैसा विना कुनै दान काम नहुने ॥ ९ ॥*
*पासाको पैसा र नजरकी नारी*
*विश्वास छैन यिनको हेरौं न विचारी ॥ १० ॥*
*उद्योगीको नारी आलसीले लान्छ ।*
*कण्टकको धन चण्डालले खान्छ ॥ ११ ॥*
*पैसा भए अनुसार जुक्तिले चलाउनु ।*
*धर्म अर्थ काम मोक्ष बहुतै बिचार्नु ॥ २ ॥*
*कलिमा दुनियाँ अपुताली खोज्छन् ।*
*धनको लोभले राँडी फुँडी रोज्छन् ॥ १३ ॥*
*आमाछोरी सौता सौता बाबुछोरा जार ।*
*यसै गरी कलिमा नष्ट होलान् हजार ॥ १४ ॥ (३८)*

(सूचक : पद्मबहादुर स्याङतान, ठूलादुर्लुङ्ग-२)

## ४.६ निष्कर्ष

ललितपुर जिल्ला उपत्यकाभित्र रहेको एक जिल्ला हो । दुई तिहाइ भू-भाग पहाडले आगेटेको यस जिल्लामा रहेको सम्पूर्ण पहाडी क्षेत्र दुर्गम छ । विभिन्न जातजाति मिलेर बसेको यस जिल्लाको पहाडी क्षेत्रमा बसोबास गर्ने मानिसहरू कृषिमा आस्रित छन् । आफ्नो वेदना र सुखलाई गीतको मार्फत व्यक्त गर्ने, चाडपर्व मनाउने तथा विविध अवसरमा साटासाट हुने भावना गीत मार्फत व्यक्त हुने गर्दछन् । यस प्रकार व्यक्त भएका भावनाले लोकगीतको रूप लिने गर्दछ । आफ्नै मौलिकता रहेको यस क्षेत्रका लोक गीतहरू मध्ये झ्याउरे गीत, असारे, घाँसे, बालगीतहरू नै यस क्षेत्रका प्रमुख लोकगीत हुन भने यस क्षेत्रमा संस्कार गीतहरू भने थोरै मात्रामा प्रयोग भएको पाइन्छ ।

# परिच्छेद पाँच
# ललितपुरको दक्षिणी भेगमा प्रचलित लोकगीतहरूको विश्लेषण

## ५.१ पृष्ठभूमि

लोक साहित्यको प्रमुख र महत्त्वपूर्ण विधाको रूपमा रहेको लोकगीत नेपाली समाजको साझा सम्पत्ति हो । श्रुति परम्परामा रहेको यो सम्पत्ति समाजको पहिचान दिने उत्कृष्ट माध्यम मात्र होइन वास्तविक धरोहर पनि हो र समाजबाट जन्मिएर समाजमै हुर्केको नेपाली लोकगीतलाई कुनै पनि शास्त्रीय बन्धनमा राखेर हेर्दा लोकगीतको भविष्य नरहन पनि सक्छ । तथापि प्राकृत रूपमा नै साहित्यका सिद्धान्तहरूलाई यसले अपनाएको र समेटेको छ । समाजमा बसोवास गर्ने जाति र धर्म सम्प्रदायका सुख, दुःख, मिलन, विछोड, रहन सहन, विधि, व्यवहार भेषभूषा, चाडपर्व, संस्कृति आदि विषयवस्तु लोकगीतबाट व्यक्त हुन्छ । विभिन्न प्रकारका लोकगीतका माध्यमबाट समाजको सामाजिक, आर्थिक प्राकृतिक, राजनीतिक, धार्मिक स्वरूप बारे स्पष्ट हुन सकिन्छ । यसबाहेक लोकगीतमा काव्य शास्त्रका छन्द, रस एवम् अलङ्कारहरू पनि सरलतम ढङ्गले व्यक्त भएको हुन्छ । अतः लोकगीतको विश्लेषण गर्दा यिनै कुराहरूको आधारमा गर्नुपर्ने हुन्छ । ललितपुर जिल्लाको दक्षिण भेगमा प्रचलनमा रहेका लोकगीतहरूको विश्लेषणलाई पनि यसै आधारमा गर्ने प्रयास गरिएको छ । निम्न कोणबाट लोकगीतको विश्लेषण गरिन्छ ।

## ५.२ लोकगीतको विश्लेषण

१. सामाजिक स्वरूपको चित्रण

२. आर्थिक स्वरूपको चित्रण

३. नैतिक स्वरूपको चित्रण

४. राजनीतिक स्वरूपको चित्रण

५. प्राकृतिक तथा भौगोलिक स्वरूपको चित्रण

६. साँस्कृतिक स्वरूपको चित्रण

### ५.२.१ सामाजिक स्वरूपको चित्रण

नेपाली लोकगीतले समाजको वास्तविक चित्रलाई नै धारणा गरेको हुन्छ । मानिस अमर छैन तर साजमा रहेका गीतहरू पुस्तौपुस्तासम्म अमर रहन्छन् । लोकगीत निर्माणको मूल आधार नै नेपाली समाजमा भएका परिस्थिति जन्य घटनाहरू भएकाले समाजमा हुने हरेक गतिविधिलाई लोकगीतले समेट्दछ । सामाजिक जीवनका विभिन्न पक्षलाई लोकगीतले समेट्ने हुनाले सामाजिक जीवनमा देखापरेका यावत समस्या र सामाजिक परिस्थितिलाई लोकगीतले उजागर गर्दछ । दक्षिण ललितपुरका सामाजिक जीवनका हरेक पक्षलाई लोकगीतले समेटेको छ ।

नेपाली समाजमा हुने गरेको छुवाछुत परम्परा, जातभातको भेद्भाव, छोराछोरीबीचमा हुने भेदभाव, प्रमेमा हुने धोखा तथा विभिन्न जातजातिको सद्भावलाई लोकगीतले स्पष्ट रूपमा देखाउने मात्र होइन, यसप्रति सजग हुँदै कुसंस्कार र कुविचारलाई परिवर्तन गर्ने क्रान्ति चेतना पनि लोकगीतमा पाइन्छ । यस क्रममा लोकगीतले समेटेका सामाजिक जनजीवनका विभिन्न पक्षलाई गीतले कसरी व्यक्त गर्दछ भन्ने कुराको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

समाजमा छोरीहरू प्रति गरिने व्यवहार उदार छैन । उनीहरूलाई पढ्ने लेख्ने जस्ता अवसरबाट वञ्चित गरिन्छ । घरको व्यवहार जस्तो भए पनि आमालाई छोरीहरूले बढी माया गर्छन । एउटा गीतको सानो अंशलाई हेरौं,

*कपाल कौरौ खोइ आमा काइयो तेल,*
*हुन्न दुःख म छोरी रहुन्जेल,*
*आमा तिम्रो दुधको भार*
*तिर्छु मैले गरेर उद्धार (३९)*

माथिको गीतले समाजमा छोरीहरूले आमाप्रति गर्ने व्यवहार र मायाको उच्चता देखिन्छ । जसले छोरीहरू अरूले ढुङ्गाले हान्दा आफू फूलले हान्नु भन्ने नेपाली भनाइलाई समेत सहयोग पुऱ्याएको छ ।

छोरीलाई पढ्न नपठाउने वरु घाँस दाउरा काटेर घरमा नै राख्ने सामाजिक परम्परा राम्रो होइन । आफ्नै आमाका सन्तान मध्ये छोरा विद्यालय जाने छोरी भने दुःखमा डुब्नु पर्ने वाध्यतालाई गीत मार्फत यसरी व्यक्त गरिएको पाइन्छ ।

*छोरा भए स्कुलमा पढाउनी*

*छोरीलाई चाहिँ जुठोमा सढाउँनी ।*

*छोराहरू आइ.ए. र बि.ए. पास*

*हामी छोरी रातोदिन दाउरा घाँस ।*

*मलाई पनि पढाको भए*

*किन रुन्थ्यो यो मेरो हृदय । (४०)*

मानव समाज प्रेम, माया, सद्भाव जस्ता बन्धनले नै एक भएको छ । विवाहले मानिसको सृष्टि क्रमको निरन्तरता कायम गर्दछ । मानिसले विवाह वा प्रेमलाई प्रगाढ बनाउन विभिन्न कुराहरूको त्याग र समर्पण गर्नुपर्ने हुन्छ । यहाँ जातभातका कुराहरू पनि तगारो बनेर आउँछन् यस्ता बाधा अड्चनलाई पन्छाउनु पर्ने हुन्छ । प्रेमी प्रेमिकाका बीचमा यस्ता अन्यौललाई चिर्ने साहसिक भावना पहिलेदेखि नै जागेको रहेछ भन्ने कुरा पनि गीत मार्फत देखिन्छ । यस्तै क्रान्ति चेत भएको गीतको नमूना तल प्रस्तुत गरिएको छ :

*धान कुटेर मसली खाने भात*

*लाउन माया वनौं न एउटै जात ।*

*माया तिम्ले लौ मात्रै भन*

*हाम्रै हितमा लाग्नेछ कानून ।*

*चर्को घामलाई बादलले रोक्दैन*

*माया लाउन जातभातले छेक्दैन । (४१)*

समाजमा हुने अन्याय अत्याचारको जाँतोले गरिवलाई थिचेको छ । परिवर्तनको दिशामा भित्र जागरुक भए पनि बाहिर निस्कन गाह्रो हुन्छ । यसरी मनभित्रको उकुसमुकुसलाई गीत मार्फत व्यक्त गरिन्छ । तलको गीत हेरौं

*एक वन्धुहरू हो मिलाउँ कमिटी गरौं अव लौ कसो ?*

*घुस खोरीहरूको लहर बढ्यो कानून दुलोमा पसो । (४२)*

त्यस्तै, अर्को उदाहरण,

*मकै आउने बारी, धानै रोप्ने टारी ठूलो साउले खाइदियो*

*गर्ने पाटो छैन, हिँडने बाटो छैन काँडा बार लाइदियो ॥ (४३)*

अर्को उदाहरण

*ठूला वडा सधैंको सुखमा*

*अन्न छैन गरिबको मुखमा (४४)*

मायाले नै संसार अडिएको छ । माया विना यो संसार छिन्न भिन्न हुन्छ । गीत मार्फत मायाका भावना साटासाट गर्ने तथा विभिन्न कुराहरूको प्रतिबद्धता व्यक्त गर्ने चलन पाइन्छ । माया प्रितिमा मस्त हुँदै गरेको बेला एकपक्षबाट धोका हुँदा मन दुखाउँदै व्यक्त गरिएका एउटा गीतको अंश हेरौं,

*माया तिमी रै छौ नि वैगुनी*
*वनको ढुकुर भन्दा नि नहुनी ।*
*बरु मलाई भुतुक्कै मार*
*ओल्लो घाट न पल्लो तीर नपार ।*
*सक्छौ भने चटक्कै काट*
*माया लाउँछु भनेर नढाँट*
*तिम्रा लागि सबै थोक गरें नि*
*आखिरीमा धरापमा परे नि । (४५)*

यसप्रकारका गीतहरूको समाजमा रहेका अवसरबादी प्रेमको नाटकलाई पर्दाफास गर्ने मात्र होइन, अन्य प्रेमीहरूलाई समेत सजग रहन प्रेरणा दिन्छ ।

## ५.२.२ आर्थिक स्वरूपको चित्रण

लोकगीतमा निश्चित क्षेत्रको आर्थिक स्थितिको चित्रण गरिएको हुन्छ । समाजको आर्थिक अवस्थालाई गीतबाट सजिलै पत्ता लगाउन सकिन्छ । यति मात्र होइन गीतमा रहेको आर्थिक अवस्थाबारे पनि गीतबाट अध्ययन गर्न सकिन्छ । यति मात्र होइन आर्थिक सङ्कटले गर्दा समाजमा परेको असरलाई पनि गीतले प्रष्ट देखाउँछ । तलको उदाहरणबाट यी कुराहरूको बारेमा स्पष्ट हुन केही सहयोग मिल्दछ, एउटा तामाङ सेलोमा आधारित गीतलाई हेरौं

*उहिले त बाजेको पालामा*
*मोहोर गन्थे डालामा*
*अहिले हाम्रो पालामा*
*मकै छैन डालामा (४६)*

त्यस्तै, अर्को उदाहरण : -

*असारे मासको दवदवे हिलो, छुनलाई घिन लाग्छ*
*शिरैमा टोपी पाउमै जुत्ता लाउँ भने रिन लाग्छ*
*कालेश्वर डाँडा त्यो पारिपटी, हिउँ पऱ्यो छप्परमा*

*भावीले पनि के लेखिदियो, यो मेरो खप्परमा*
*माली है गाइको एकराते दही, मोही पारे घिउ लाग्छ*
*खान र लाउन नपुगे पनि सन्तोषले जीउ लाग्छ । (४७)*

आर्थिक अवस्थाले नाजुक यहाँका जनताहरू भाग्यको निर्माता परमेश्वरलाई सम्झन्छन् र ईश्वरलाई आफ्नो दुःख हरणको लागि आग्रह समेत गर्दछन् । तलको गीत हेरौं :

हे कृष्ण, बरु प्राण लगिदेउ हरेर ।
*दुःख नदेउ अत्याचार गरेर ॥*
*बाच्न मन भएन दुःखमा, दुःखमा ।*
*मलाई पनि पारिदेऊ सुखमा ॥ (४८)*

### ५.२.३ धार्मिक स्वरूपको चित्रण

ललितपुर जिल्लाको दक्षिण भेगमा बसोवास गर्ने मानिसहरू धर्म कर्ममा देवताहरूको भरोसामा विश्वास गर्दछन् । रामकृष्ण, शिव आदि देवीदेवताको भजन कीर्तन गरेर धर्म शास्त्रको महिमागान गर्दछन् । यस प्रकारका गीतहरूमा धर्मप्रतिको आस्था स्पष्ट देखिन्छ । ईश्वरीय शक्ति विना कुनै पनि कार्य सम्पन्न नहुने धारणा यस क्षेत्रमा पाइन्छ । सुख, दुःखमा ईश्वरको भरोसा गर्दछन् । यहाँ धर्मप्रति विश्वास गरिएका गीतहरूका केही उदाहरण प्रस्तुत गरिएको छ :

**नमूना-१** (**रत्यौली गीतबाट**)

*यो जोगी त जालन्धर हो कि*
*पार्वतीलाई छल गर्न आयो कि ।*
*आयो जोगी पैताला ढोकेर*
*गयो जोगी पार्वती बोकेर (४९)*

**नमूना-२** (**झ्याउरे गीतबाट**)

*पहिलो चरण हो . . . कसरी गाउनी*
*सरस्वती हो - मुखैमा नआउनी*
*सरस्वती हो . . . देउ मलाई ज्ञान*
*कहिले पनि हो . . . नहुने अज्ञान । (५०)*

**नमूना-३ (रामायणमा आधारित भजन)**

*अयोध्याको नयाँ दरबार पूर्व पश्चिम झ्याल -२*
*रामचन्द्रलाई वन पठाउने कैकेयीको जाल, हा राम*
*हरे राम हरे राम, राम राम हरे हरे*
*हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे ।*
*रामचन्द्रलाई पेटे भोटो लक्ष्मनलाई जामा - २*
*राम जीलाई वन पठाउने कैकेयीको काम, हा राम*
*हरे राम ....................*
*हरे कृष्ण .................... (५१)*

**नमूना-४ (कृष्ण भजनमा, आधारित गीत)**

*दही चोर्‍यौ  ठेकी फोर्‍यौ, मख्खन चोर्यौं नि - २*
*अरू सबै चोरी सक्यौ, मनै चोर्यौं नि . . . हे कृष्ण*
*हरे राम ..........*
*हरे कृष्ण ..........*
*विन्द्रावानका गाई गोरु सबै तिम्रा साथी - २*
*संसारमा कोही छैन, तिमीभन्दा माथि हे कृष्ण*
*हरे राम ..........*
*हरे कृष्ण ......... (५२).*

नेपालीहरूको साझा वानी “अतिथि देवो भव” भन्ने विचारको कदर गर्नु हो । अरूको उपकार गर्दा ठूलो धर्म हुने कुरामा यस क्षेत्रका जनताहरूको विश्वास छ । दान दिनु गरिबको सेवा गर्नु, आदि कार्यले भगवान् खुसी हुने विश्वास गरिन्छ । यस्तै विश्वास यस क्षेत्रमा पनि कायम छ । तलको गीतको नमूनाबाट पनि यस्ता भावना व्यक्त भएका छन् ।

**नमूना-५**

*प्राण सबैको एक हो बुझिराख काटे आउनेछ रगत*
*धनी गरिब हो, नीचा भन्नु आडम्बर हो फगत*
*ईश्वर छन् मनभित्र पहिले तिनलाई आफू खोज*
*धर्म हो ठूलो अरूको उपकार त्यही कार्य नित्य रोज*
*पाहुना साँझका, देवता समान बास् दिनु सम्मानले*
*इज्जत अरूको गर्न सकेमात्र, बाँचिएला शानले*
*दीन दुःखी वेसहारा जो छन् पुकारा उनको सुन*
*आशीर्वाद लाग्छ त्यो दुःखी मनको लगाउन सके गुन । (५३)*

माथिको श्लोक विवाह आदि स्थानमा गाइन्छ जसबाट मानिस भएर गर्नुपर्ने कामको चर्चा गरिएको छ । दुःखीको सेवा गर्दा ठूलो धर्म मिल्ने कुरा यसमा चर्चा गरिएको छ ।

### ५.२.४ नैतिक स्वरूपको चित्रण

समाजलाई संस्कृत बनाउने क्रममा गीतहरूको भूमिका महत्त्वपूर्ण रहन्छ । मानिस नीतिवान भए मात्र समाज राम्रो बन्ने कुरा गीतमार्फत व्यक्त भएको पाइन्छ । जुवा तास नखेल्नु, नराम्रो लतमा नलाग्नु, सधैं मिठो बोल्नु भन्ने कुराहरू गीत मार्फत व्यक्त भएको हुन्छ । तलको गीतको नमूनाबाट केही कुरा स्पष्ट हुन सकिन्छ ।

*नखेल्नु जुवा र तास*
*धनको नास जीवनको वनवास*
*नचोर्नु अर्काको सम्पत्ति*
*पछि पर्ला आफैलाई विपत्ति*
*नपार्नु अरूलाई आपत्ति*
*पर्छ फेरि आफैलाई विपत्ति (५४)*

यस्तै अर्को गीतलाई हेरौं,

*जाँड रक्सी खान हुन्न, धन खेर जान्छ*
*गाँजा खाने, भाङ खानेलाई कालले त्यसै लान्छ*
*नखानु जाँड र पानी*
*त्यस्तै खेर गैजाला जवानी*
*दुईदिनको जोवन हाम्रो कर्कलाको पानी*
*होस गरी जोगाइ राख ढल्के पोखी जानी*
*नगर्नु ! अर्धेली कहिले नि*
*भलो सोच्नु अरूको जहिले नि ॥*
*आफू भलो भयो भने जगत भलो हुन्छ*
*सोची हेर आफै भित्र दुःख कति रुन्छ*
*नहार्नु कहिले नि हिम्मत*
*दुःख हुन्न गरेमा किस्मत । (५५)*

यसप्रकार नैतिक शिक्षा दिने खालका थुप्रै लोकगीतहरूका ललितपुरको दक्षिण भेगका ग्रामीण क्षेत्रमा प्रशस्त मात्रामा भेट्न सकिन्छ । जुन गीतहरूको नेपाली लोकगीतमा सानो

ठाउँ मात्र ओगटेको होइन कि समाज सुधारको लागि चेतना जगाएको छ । गीत मार्फत नराम्रो काम गर्ने प्रेरणा दिइएको कुनै पनि उदाहारण भने भेटिदैन ।

### ५.२.५ राजनीतिक स्वरूपको चित्रण

लोकगीतमा राजनीतिक विषयवस्तु पनि अटाएको हुन्छ । पुराना गीतहरू मार्फत समाजमा चलेको राजनैतिक व्यवस्था बारे समेत थाहा पाउँन सकिन्छ । यहाँ एउटा गीतको उदाहरण मार्फत पञ्चायतकालीन व्यवस्थाको झल्को देख्न पाइन्छ ।

*दाइ त प्रधान भाइ भए सदस्य*
*अब मैले सुख पाइँ अवश्य ॥ (५६)*

समाजमा भएको राजनीतिक चेतनालाई सबैभन्दा बढी गीतले नै सञ्चार गर्दछ । गीत मार्फत प्रसार भएको चेतना सजिलै बुझ्न सकिने खालको हुन्छ । चाहे व्यवस्था परिवर्तन गर्दा होस् चाहे अधिकार प्राप्ति गर्दा होस् लोकगीतको प्रयोग देश व्यापी रूपमा नै भएको पाइन्छ । ललितपुर जिल्ला राजधानीसँग जोडिएको जिल्ला भएकाले देशमा हुने राजनीतिक गतिविधिहरू बारे यहाँका जनताहरू अनविज्ञ रहँदैन् । देशमा हुने राजीतिक गतिविधिहरूलाई समेत यस क्षेत्रका लोकगीतमा समावेश गरिएको पाइन्छ । राजनीतिक विषय वस्तुलाई समावेश गरिएका केही नमूना गीत तल प्रस्तुत गरिएको छ ।

**नमूना – १**

*नउठी भएन नेपाली दिदी बहिनी हो*
*के छ र ? बाँच्ने आधार कम्मर नकसे*
*चुला र चौकामा सधैं नै कति वस्ने हो .......*
*अधिकार कहाँ पाइन्छ ? खोसेर नलिए*
*नजुटी भएन अब त ढिला भइसक्यो*
*नजुटी भएन अब त ढिला भइसक्यो*
*फर्केर हेर अगाडि समय गइसक्यो*
*घाँस काट्ने खुर्पाले सामन्ती काटनु परे नि*
*नहट दिदी बहिनी हो ! ज्यान दिनु परे नि । (५८)*

त्यसै गरेर राजनीतिक विषयवस्तुमा आधारित गीतहरूमा विभिन्न राजनैतिक सिद्धान्तका ( आधारहरूलाई) कुराहरूलाई लिइन्छ । त्यस प्रकारका गीतहरूलाई समग्र लोकगीतमा राख्न नसकिए तापनि लोकगीतका भाकाहरूको प्रचारमा भने यसप्रकारका राजनीतिक गीतहरूले

पनि सहयोग पुऱ्याउँदछ र समग्र राजनीतिक अवस्थालाई समेटेका गीतहरूलाई पनि लोकगीतका रूपमा नै चित्रण गरिन्छ । जसलाई जागरण गीतका रूपमा समेत लिन सकिन्छ ।

*गाई त पाल्यो ढुङ्ग्रोमा मोही छैन, मोही छैन*
*गरिवको, चमेली बोल्दिने कोही छैन,*
*रातो भाले धुरीमा करायो, करायो*
*गरिवको चमेली निसाफै हरायो ।*
*धनीलाई धनकै छ चइन, चइन*
*गरिवलाई चमेली लाग्दछ अइन ।*
*धनीलाई, धनमाथि धनै धनै छ ।*
*गरिवलाई चमेली रीन माथि रीनै छ ।*
*कोइका घरमा डाक्टरको चाकरी, चाकरी*
*काइत मर्छन चमेली, अस्पताल नहेरी ।*
*बग्ने खोला रोकेर रोकिन्न, रोकिन्न*
*यस्तो शासन चमेली धेरै दिन टिक्दैन । (५९)*

माथिको तगीतमा राजनैतिक विषयवस्तु समावेश भए तापनि कुनै पार्टी वा समूहगत सिद्धान्त समावेश छैन । विभिन्न समयमा हुने गरेका राजनैतिक कार्यक्रमहरूमा गाइएका यस्ता गीतहरूलाई स्थानीय जनताले ग्रहण गर्दछन् र स्थानीय भाकाहरूमा समेत गाउँदछन् जसका कारण त्यो गीत पनि स्थानीय लोकगीतको रूपमा परिणत हुन पुग्छ ।

## ५.२.६ प्राकृतिक तथा भौगोलिक स्वरूपको चित्रण

ललितपुर जिल्लाको दक्षिण भेग विकट भेग भएकाले यहाँको प्राकृतिक अवस्था र भौगोलिक विकटतालाई पनि गीत मार्फत व्यक्त गरिएको पाइन्छ । यस प्रकारका लोकगीत सुन्दा स्थलगत भ्रमण गरेकै जस्तो भान हुन्छ । एउटा सानो श्लोक तथा प्रस्तुत गरिएका छ, जसमा त्यहाँको उकालो बाटो र खतरापूर्ण यात्रालाई सङ्केत गरेको छ ।

**नमूना - १**

*नमनको उहालो हेर्दै गहकिलो भारी शरीरकै हुने,*
*मास्तिर हेर्दा, लामो सास फेर्दा ढुंगाले नाकैमा छुने ।*
*कालेश्वर घोसे मुन्टो लगाई डाँडापारि हेर्दछ*

*सकल जनहरूलाई कहिलेको रीस फेर्दछ ।*
*खसुधारीबाटो नयाँ बन्यो तर बादरको भय छ ।*
*हिन्दा काम्ने गोडा थर थर, बाटो जङ्गलमय छ ।*
*खुर्भी खोला पानी छङछङ साउमारा डरलाग्दो छ*
*लाग्ने बाघ भालु पनि ताहा हिँडनै कर लाग्दो छ ।*
*लडियो भने कथम कदाचित हाडखोर भेटिदैन*
*घनाजङ्गल छ खुर्मी खोलाको, घर वस्ती देखिँदैन (६०)*

यस प्रकारका गीतहरूले त्यस क्षेत्रको भौगोलिक विकटतालाई साच्चिकै दुर्गम छ भन्ने दर्शाउँदछ भने स्थानीय जनतामा भएको भय तथा वाध्यतालाई समेत अवगत गराउँछ । यसबाहेक स्थानीय खोलामा माछा मार्ने समयमा पनि यस्ता प्रकृतिका झ्याउरे गीतहरू सुन्न सकिन्छ जसमा प्राकृतिक चित्रण भेटिन्छ ।

असजिलो बाटोको विषयमा गाइएको गीत
*जाऊँ त भने कालेश्व उकालो*
*नजाऊँ भने मायाले वोलाको*
*खसु घारी बाटो छ भिरालो*
*कसो गर्नी पर्‍यो नि पिरलो । (६१)*

दक्षिण पहाडको डाँडापारि भेगमा रहेका दुर्लुङ्ग खोला, गिम्दा, खोला, देउता खोला क्षेत्रमा प्रशस्त मात्रामा माछा पाइन्छन् । माछा मार्न समूहमा जाने र त्यहाँ पनि गीत गाउने चलन छ । यसप्रकारका गीतमार्फत माया प्रिति त अवश्य व्यक्त हुन्छ नै प्राकृतिक विषयवस्तु पनि व्यक्त हुने गर्दछ । केही गीतहरूका नमूना हेर्न सकिन्छ ।

*माछा काँ छ ? खोलाको लेउमा छ ।*
*माया काँ छ ? कलेजी छेउमा छ ।*
*पोहोर साल हिउँ पानी पर्नाले*
*माछा छैन चिसोले मर्नाले*
*धौ धौ पर्ने हिँड्नलाई दुर्लुङमा*
*माछा छैन कान्छाको फुर्लुङमा ॥ (६२)*

अग्ला अग्ला पहाडहरूलाई छिचौल्दै ललितपुरको दक्षिण पहाडको यात्रा पुरा हुन्छ । यस भेगमा रहेका भञ्ज्याङ चौतारीहरूका विषयलाई समेत युवा युवतीहरू आफ्नो गीतमा

समावेश गर्दै भावना व्यक्त गर्दछन् । त्यस्तै एउटा गीतलाई यहाँ नमूनाका रूपमा देखाइएको छ ।

*केटा : लोके भञ्ज्याङ घुमाउने चौतारी*
*माया लाउने पाइएन दौतारी*
*केटी : देउरालीमा लाँकुरी चौतारी*
*वल नगर पाउँदैनौ दौंतारी (६३)*

यस क्षेत्रमा गाइने गीतहरूमा प्राकृतिक स्वरूपको वर्णन भएको हुन्छ । गीतमा भएका प्राकृतिक वर्णनले यस क्षेत्रको प्राकृतिक सौन्दर्य र विकटतालाई स्पष्ट रूपमा अध्ययन गर्न सकिन्छ । प्राकृतिक कुराको वर्णनमा प्रयोग हुने भ्याउरे गीत, घाँसे गीत तथा श्लोकहरू मार्फत ललितपुरको दक्षिण क्षेत्रको बारेमा समेत जानकारी लिन सकिन्छ ।

## ५.२.७ साँस्कृतिक स्वरूपको चित्रण

नेपालको विविध चाडपर्व तथा साँस्कृतिक परम्परालाई यस क्षेत्रमा पनि धुमधाम साथ मनाइन्छ । चाडपर्व मनाउने क्रममा विभिन्न मनोरञ्जन गरिन्छ । यस्ता चाडपर्वहरूसँग सम्बन्धित विषयहरूलाई समेत विभिन्न अवसरमा व्यक्त गरिन्छ । यस प्रकारका गीतहरूले ललितपुरको दक्षिण भेगको संस्कृति र परम्पराबारे स्पष्ट हुन सहयोग पुऱ्याउँछ । यस प्रकरका केही गीतहरूको नमूना तल दिइएको छ :

**नमूना - १**

*माया तिम्ले लेखेको पत्रमा*
*आउनु भनी गिम्दीको जात्रामा*
*आएँ म त गिम्दीको जात्रा*
*भेट भएन परे नि अलपत्र*
*नाकटार वेसी म आउँछु मेलामा*
*रुमाल दिउँला भेट भ'को बेलामा ॥ (६४)*

**नमूना - २**

*दशैं आयो भन्छन् तिहार आयो भन्छन खेल्नै पर्ने लिङगे पिङ*
*यसपालि पनि पिङ नबन्ने भयो, लाहुर गयो माइला थिङ (६५)*

**नमूना - ३**

*केटा : संक्रान्ति मेला, भेट भएको बेला, बोल माया हाँसेर*
*मानिसको चोला, दुई दिन बाँच्ने होला किन राख्छौ साँचेर*
*शिरको सिउँदो तेसै खाली रहला ज्यान कान्छाले नहाले*
*बैशाखको पन्ध्र राम्रो छ रे भन्छन् लगन खेर नफाले ।*
*केटी : यो चइते दसै तेसै गयो हाम्रो कान्छो बुवा मर्नाले*
*यसपाली हाम्रो बिहा नहुने भयो घरमा जुठो पर्नाले*
*वैशाखको लगन बितिगए पनि मङसीरमा आउला नि ।*
*लगन जुरे, हित्त चित्त मिले, सिन्दुर हाल्न पाउला नि ।*
*केटा : घरको जुठो होइन, हुने केही छैन भागौ हामी नेपालमा*
*जोर कुण्डल ढुङग्री तिम्रो लागि ल्याछु फूल लाइदिउँला कपालमा ।*
*तिहारको बेला घर फर्की आउँला तिम्रा वाउलाई मनाउँला*
*नमस्कार गरी तिम्री आमालाई मेरी सासु बनाउला ॥*
*केटी : म त बुढी कन्या, बस्नु परे पनि, भागी जान्न मरेनी*
*म बाट त्यस्तो काम हुने छैन जति हत्ते गरेन ।*
*दिदीको घरमा आवात जावत छैन, उ जानाले भागेर*
*मेरो कुरा सुन हृदयमा गुन, बिहे गर मागेर ॥ (६६)*

असारको पन्ध्र गते दही चिउरा खाने नेपाली संस्कृतिलाई पनि गीत मार्फत प्रस्तुत गरिएको छ ।

*असारको पन्ध्र खाने दही र चिउरा साउन पन्ध्र खाने खीर*
*चाडवाडको ढोका खुलिसके अब, कसागरी टार्ने पीर*
*दसैमा मासु खाने पर्ने हुन्छ, तिहारैमा देउसे दान्*
*मामाघर जाने, ससुराली जाने, पाइने रैछ छुट्टै मान ॥ (६७)*

यस प्रकार नेपाली संस्कृतिमा आधारित विभिन्न पक्षलाई गीतले समेटेको हुन्छ । गीत मार्फत ललितपुरको दक्षिण भेगको संस्कृति र परम्परा वारे स्पष्ट हुन सहयोग पुग्दछ । यस क्षेत्रमा मानिने हरेक जात्रा, पर्व, मेलाहरूमा यस्ता गीतहरू सुन्न पाइन्छ । गीतको माध्यमबाट विभिन्न कुराको आदानप्रदान हुने मात्र होइन कि संसकृतिको जगेर्ना गर्न सकिने देखिन्छ । कतिपय लोप भइसकेका परम्परा समेत गीतमा झल्किन्छ । नेपाली कला र संस्कृतिको पहिचान गर्न समेत गीतहरूले सहयोग पुऱ्यउँदछन् । नेपाली समाजमा रहेका

विभिन्न थेगोहरूको प्रयोग पनि गीतमा प्रयोग हुन्छ भने उखान टुक्काको समेत समावेश हुन्छ ।

जस्तै :

*मरिजाने दुई दिनको चोलामा*
*मरेपछि वागमती खोलमा ।*
*लाटो देशको गाँडो छ तन्नेरी*
*पानी लिन जाउँ हिँउ पँधेरी ।*
*धाक भन्दा धक्कु नै छ ठूलो*
*हिँडन लाग्यो खुट्टो नै छ लुलो ॥*
*सललल वगेको वागमती*
*मरेपछि को देला दागवती*
*बाँचुनजेल लाउनु खानु*
*मरेपछि के छ र लैजानु । (६८)*

नेपाली लोकगीतको क्षेत्रमा दक्षिण ललितपुरको केही हद सम्म भए पनि योगदान रहेको पाइन्छ । गीतका माध्यमबाट दक्षिण भेगको जनजीवन, धर्म संस्कृति, रहनसहन बारे अध्ययन गर्न सहज हुने गर्दछ । यस क्षेत्रको भूगोल, प्राकृतिक स्वरूप, चाडपर्व मान्ने तरिकाका वारेमा समेत लोकगीतबाट स्पष्ट हुन सकिन्छ । लोकगीतमा अटाएका हरेक विषयवस्तुहरूले यस क्षेत्रको स्पष्ट पहिचान दिन सक्दछन् ।

## ५.३ काव्यशास्त्रीय विश्लेषण

### ५.३.१ पृष्ठभूमि

नेपाली समाजमा परम्परादेखि नै गीत गाउने परम्पराले लोकप्रियता कायम गरेको छ । गीतमा मुख्यतया गायत पक्षको भूमिका महत्त्वपूर्ण रहन्छ । लोकगीतको आफ्नै प्रकारको लयविधान हुन्छ । हुन त लोकगीत शास्त्रीय छन्दबाट मुक्त हुन्छ तापनि कुनै पनि लोकगीतमा आफ्नै लय हुनु जरुरी हुन्छ, जो लोकगीतमा पाइन्छ । लोकगीतमा पाइने लयका आधारमा रमाइलो एवम् मनमोहक बन्नु नै लोकगीतको विशेषता हो । जस्तै कठोर वा पाषाणहृदयका मानिसको विचारलाई समेत लोकगीतले पगाल्न सक्छ र आफुतिर आकृष्ट गर्न सक्छ ।

लोकगीत नेपाली समाजको साझा सम्पत्ति हो । यो व्यक्तिविशेषको रचना भएर पनि सामाजिक हुन्छ । समाजमा रहेका विशेषतालाई यसले अँगाल्दछ । सामाजिक भाषाशैलीले सिंगारिएको हुनाले लोकगीतमा स्वभाविक रूपले स्वतः केही अलङ्कारहरू समेत रहने गर्दछन् । प्रायः लोकगीतका अंशहरू दोहोरिने, एक वस्तुसँग अर्को वस्तुसँग अर्को वस्तुको तुलना गरिने जस्ता कार्य गीतमा पर्याप्त पाइने हुनाले लोकगीतमा अलङ्कारको प्रयोग स्वतः रूपमा प्रयोग हुने गरेको पाइन्छ । कुनै व्यक्ति विशेषले शास्त्रीय वन्धनमा बाँधिएर सिर्जना गरेको रचना भन्दा फरक स्वतन्त्र एवम् स्वतःस्फूर्त रूपमा रहने लोकगीतमा प्रयुक्त अलङकृत भाषाशैलीले हरेक व्यक्तिको मन चुम्ने गर्दछ । त्यसैगरी लोकगीतमा लोकरसका आधारमा दुःख, सुःख, हर्ष, उन्माद, प्रेरणा, संस्कृति, कर्म, पर्वका स्वरूप अाीद समेत व्यक्त भएका पाइन्छन् । स्वभाविक र सहज ढ्गले व्यक्त भएका रसमै रमाएका हरेक व्यक्तिहरूलाई तथा वर्गहरूलाई लोकगीतले अध्यात्मिक शान्ति समेत दिन्छ । विशेष गरेर श्रृंगार, वीर, करुण, शान्त, हाँस्य आदि रसहरू व्यक्त भएका हुन्छन् । रसयुक्त हुनाको कारण नै लोकगीत सुनेर मानिस कहिल्यै तृप्त हुँदैन र दिक्क मान्दैन । अतः यहाँ लोकगीतको काव्यशास्त्रीय लय, अलङ्कार एवम् रसका आधारमा ललितपुर जिल्लाको दक्षिण भेगमा प्रचलनमा रहेका नेपाली भाषाका लोकगीतहरूको विशेषण गर्ने प्रयत्न गरिएको छ ।

## ४.३.२ लयात्मक स्वरूपको विश्लेषण

ललितपुर जिल्लाको दक्षिण भेगमा विभिन्न प्रकारका लोकगीतहरू पाइनछन् । जति लोकगीतहरू गाइन्छन्, प्रायः सबैजसो गीत फरक लय वा भाकाले सुसज्जित हुन्छन् । जस्तोसुकै कठोर मन पगाल्न, मानिसलाई आकर्षण गर्न र मानिसलाई नतमस्तक बनाउन सक्ने अनौठो शक्ति लोकगीतमा रहेको हुन्छ । गीत गेयात्मक अभिव्यक्ति भएकाले गायनको क्रममा लय वा भाकाको महत्त्वपूर्ण भूमिका रहन्छ । लोक गीत लयमा नै बाँच्छ भन्दा पनि उपयुक्त हुन सकछ ।

विभिन्न लयमा आवद्ध लोकगीतहरू मध्ये ललितपुर जिल्लाको दक्षिण भेगमा प्रमुख रूपमा असारे, सवाई, तिजे, मालसिरी, खाँडो, झ्याउरे आदि गीतहरू गाइन्छन् । यस क्षेत्रमा प्रचलनमा रहेका लोकलयहरूको संक्षिप्त विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**(क) सवाई लय**

कुनै पनि घटनाको वेलिविस्तार गर्नुलाई सवाई भनिन्छ । सवाई गाउने पुरानो प्रचलन यस क्षेत्रमा कायम रहेको छ। सवाई लयमा १४ + १४ गरी दुई पंक्ति मिलेर सवाई लय निर्माण भएको हुन्छ। यस क्षेत्रमा प्रचलित सवाईको लय नमूना

*सुन सुन पाँच भाइ हो, म केही भन्छु ।*

*नब्बे साल्को भूईचालो सवाई कहन्छु (६९)*

२ + २ + २ + ३ + १ + २ + २

२ + २ + ४ + ३ + ३

उपर्युक्त आधारमा हेर्दा सवाई गीतको पहिलो पंक्तिमा २ + २ + २ + ३ गरी ९ अक्षरमा अल्पविश्राम भई १ + २ + २ गरी ५ अक्षर गरी जम्मा १४ अक्षरमा पूर्णविश्राम भएको छ। त्यसै गरेर दोस्रो पंक्तिमा २ + ३ + ४ गरी ९ अक्षरमा अल्पविश्राम लिँदै ३ + २ मा पूर्णविश्राम भएको छ । यस प्रकारको १४/१४ अक्षरमा निर्मित सवाई लय ललितपुरको दक्षिण भेगमा केही मात्रामा प्रचलनमा रहेको पाइन्छ ।

**(ख) तिजे लय**

तीजको बेलामा नारीहरूले गाउँने गीतहरूलाई हेर्दा यस क्षेत्रमा १२ अक्षरका गीतहरू बढी मात्रामा प्रचलनमा देखिन्छ । तिजे गीतको एउटा नमूनालाई हेरौं ; जुन गीतिको अक्षरा १२ भन्दा बढी भए पनि उच्चारणका आधारमा १२ अक्षर हुन्छ ।

*तिजको, वेलामा, सबै जान्छन् माइत*

*मेरा माइती मुग्लान् पारि छैन साइत । (७०)*

*६ + ६ = १२*

*६ + ६ = १२*

उपर्युक्त गीतको पहिलो हरफको पहिलो अक्षरको जोड बाँकी दुई अक्षरमा परेको छ र त्यहाँ विश्राम रहेको छ। दोस्रो एक जोड दुईमा पुनः विश्राम हुँदै फेरि दुई जोड दुई जोड तीन अक्षर उच्चारण गरी पूर्ण विश्राम भएको छ।

(ग) **असारे गीतको लय**

विशेष गरेर धान रोपाइँ गर्दा गाइने असारे लयलाई अन्य बेलामा पनि गाउने गरिन्छ । असारे गीतमा समावेश हुने अक्षरहरूको आधारमा हेर्दा दुई हरफको एक श्लोक मानिने र एक हरफ मा १६ अक्षर हुने लोकछन्दलाई असारे भ्याउरे भनिन्छ ।

*माली र गाईको एकराते दही, चुकभन्दा अमिलो ।*
*न धुँदा जान्छ न रुँदा जान्छ, यो मनको धमिलो ॥*
*अचारै खाएँ बिचारै खाएँ, दिदीले साँदेको ।*
*मरेंछु भने जोर चिट्ठी आउँछ, धागाले बाँधेको ॥*

(घ) **भ्याउरे लय**

यस क्षेत्रमा विशेष गरेर बढी चलन रहेको गीत नै भ्याउरे गीत हो । भ्याउरे गीतलाई लामो, छोटा र मझौला आकारमा यस अगाडि नै प्रस्तुत गरिसकिएको छ । सामान्यतया : भ्याउरे गीतमा हुने लय निश्चित नभए पनि बनावट प्रायः समान हुने गर्दछ ।

*दही त मिठो, मही कति अमिलो*
*मान्छे राम्रो, मन कति धमिलो । (७१)*
*२ + २ + १ + ३*

यस प्रकारका गीतमा विशेष गरेर चार अक्षरमा अल्पविश्राम त्यसपछिका बाँकी छ अक्षरमा पूर्णविश्राम गरिन्छ । लय वा भाकालाई अल्पविश्राम पछि पूर्णविश्राम पछि जोडेर श्रुतिमाधुर्य बनाइन्छ ।

ललितपुर जिल्लाको दक्षिण भेगमा प्रचलनमा रहेका लोकगीतहरूको विभिन्न स्वरूप पाइन्छ । कुनै गीतहरूलाई स्वरमा थप ताना दिएर भाका मिलाउने समेत गरिन्छ । तसर्थ लोकलयमा आधारित लोकगीतहरूमा कति छन्द छन् वा कति अक्षरबाट बनेको छ भनी विश्लेषण गर्नु सजिलो छैन । यस सन्दर्भमा के भन्न सकिन्छ भने जति गीत छन् सबै फरक छन् । शास्त्रीय बन्धनबाट उन्मुक्त रहने लोकगीतको अभिव्यक्ति स्वरलहरीमा हुने हुँदा लाकगीतको लय वा निर्माण ढाँचालाई अध्ययन गर्नु आकाशको तारा खसाल्नु झैं कठिन छ । गायन वा प्रस्तुतिका आधारमा एउटै गीतमा पनि ह्रश्व दीर्घ वर्ण र गण हेरफेर हुन सक्छन् तसर्थ लोकगीतमा लय वा छन्दको खोजी कार्य कहिल्यै पूर्ण हुन सक्ने देखिँदैन ।

### ५.३.३ रस विधान

पूर्वीय साहित्यकारहरूले रसलाई काव्यको आत्मा भनेर स्वीकार गरेका छन् । जसले साहित्यलाई रसिलो बनाउँछ । लोक साहित्य अन्तर्गत पर्ने लोकगीतमा प्रशस्त मात्रामा रह पाइन्छ । लोकगीतमा प्रयुक्त रस स्वतन्त्र स्वतः एवम् अज्ञात रूपमै प्रयुक्त भएको हुनछ ।

ललितपुर जिल्लाको दक्षिण भेगमा पाइने विभिन्न प्रकारका लोकगीतमा पाइने रसहरूको चर्चा सक्षिप्त रूपमा गर्ने प्रयास गरिएको छ ।

**(क) हास्य रस**

स्थायी भाव हाँसो (हास) हुने, विकृत आकृति वेशभूषा, वानी आदि आलम्बन, विचित्र वेश, कुरा र चेष्टा उद्दीपन, ओठ हल्लाउनु, खिलखिलाउनु लुटपुट हुनु आदि अनुभाव तथा हर्ष वा खुशी सञ्चारी भाव हुनेलाई हास्य रस भनिन्छ ।

नेपाली लोकगीतमा हास्यप्रधान गीतहरू प्रशस्त मात्रामा पाइन्छन् । ठट्यौली पाराको प्रशासन मूलक प्रस्तुतिले घोचपेच गर्ने कार्य गीतमार्फत गरिन्छ । असत्य र असान्दर्भिक विषयवस्तुलाई प्रस्तुत गर्दै गीतका श्रोता र गायक दुवै पक्षले यस्ता गीतबाट मनोरञ्जन गर्दछन् । ललितपुरको दक्षिण भेगमा प्रचलित एउटा गीत हेरौं जसमा हास्य रस समावेश छ ।

*शिखर थुमको उतापटी, स्याल मरेको स्यालढुङ*
*दुइटी बुढी ल्याको थिएँ, आफै भए भ्यालटुङ*
*कालेश्वरको पल्लोपट्टी दुम्सी कलाप कोर्छ*
*फट्याङ्ग्रोले हलो जोत्यो झिंगा डल्ला फोर्छ (७२)*

त्यस्तै अर्को उदाहरण,

*श्री कृष्ण गोविन्द कुखुराको चल्ला*
*बढ्ता भएर नगर हल्ला*
*मेरो घरमा आउ भरे गरौँला सल्ला*
*खाउँला गुन्द्रक र ढिँडोको डल्ला । (७३)*

**(ख) शृङ्गार रस**

स्थायी भाव रति वा प्रेम हुने प्रेमी र प्रेमिका आलम्वन ऋतु चन्द्रमा, वगैचा, एकान्त, सौन्दर्य सङ्गीत आदि उद्दीपन रहने, प्रेमले हेर्नु, मुस्कुराउनु, विगयोगमा विरह, आँशु

मुर्छा आदि अनुभाव हुने तथा लाज, मुस्कान जस्ता सञ्चारी भाव हुने रस लाई नै श्रृङ्गार रस भनिन्छ ।

माया पिरतीका कुराहरू व्यक्त गर्ने वा रतिगारात्मक विषयवस्तु समेटेर गाइएका लोकगीतहरू नै ललितपुरको दक्षिण भेगमा बढी प्रचलनमा रहेका छन् । जस्तै :

*माया तिम्रो वत्तीसै दन्त*
*दन्त छोडी जाँदैन मन अन्त*
*माया तिमी हाँसेर बोलेको*
*सञ्चो हुन्छ हृदय पोलेको । (७४)*

त्यस्तै अर्को उदाहरण

*कालो कोठी क्या राम्रो सुहाको*
*हुन्न भलो मेरो मन रुवाको*
*रातो टीका निधारमा टल्केको*
*मुहार राम्रो चन्द्र झैं झल्केको*
*माया तिमी के विना राम्री*
*स्वर्ग लोकको अप्सरा के राम्री । (७५)*

**(ग) भक्ति रस**

स्थायी भाव श्रद्धा वा भक्ति हुने, अन्तरमन आलम्वन देश, राजा, ईश्वर, माता पिता गुरु आदि उद्दीपन रहने, वेदना, चिन्ता जस्ता अनुभाव र तपस्या, अनुरोध, श्रद्धा जस्ता सञ्चारी भाव रहने रसलाई नै भक्ति रस भनिन्छ ।

लोकगीतमा विभिन्न प्रकारका भक्ति भाव दर्शिएको हुन्छ । लोकगीतमा समावेश हुने भक्तिहरू मध्ये ईश्वर भक्ति नै प्रमुख रहे पनि राजभक्ति, देशभक्ति पतिभक्ति आदि पनि गीतमा अटाएको हुन्छ । तल उदाहरणमा हेरौं ।

**ईश्वरभक्ति**

*चौरासी लाख जुनीमाहा मानव चोला पायौं*
*तेरो मेरो भन्दा भन्दै यसलाई गुमायौं*
*आखिरीमा खाली हात जान्छौ छाडेर*
*राम जपौं, कृष्ण जपौं भक्ति गरेर (७६)*

**देशभक्ति**

*पहेरे ढुङ्गा फोरौला, मेची र काली जोरौला*
*यो देशको माटो बचाउन पसिना चोखो पोखौला । (७७)*

माथि उल्लेखित गीतमा अंशहरूमा भक्ति रस समावेश छ ।

## (घ) वीर रस

स्थायी भाव उत्साह, शत्रुमाथि विजय आलम्बन, हाँक, जोस जस्ता उद्दीपन रहने आक्रमण शस्त्रअस्त्रको प्रयोग, पराक्रमको कथन आदि अनुभाव र गर्व, हर्ष, धैर्य आदि सञ्चारी भाव रहने रसलाई वीर रस भनिन्छ ।

वीरताको वयान गरिएका गीतहरू वीर रसमूलक गीतहरू हुन् । वीरता, स्वाभिमान एवम् साहस जस्ता पक्षहरू यसप्रकारका गीतमार्फत व्यक्त हुन्छ ।

तल उदाहरणमा हेरौं

*धरती धकेल पहरा ठेल, वैरीके नीकट पहुचे खेल*
*काँधे वन्दुक पेस्तो झलकते थे ।*
*टिस्टामा गई नमो नमः खाँडो परवाली शिवक्षेत्र*
*श्री ५ महाराधिराज बहादुर शाह देवनाम*
*सदा मसस्त विजयीनाम खाँडो जाग्यो*
*वैरीको टाउकोमा खुलडाले ठ्याक्क, ठयाक्क ठयाक्क । (७९)*

माथि उल्लेखित गीतहरूमा वीरताको वर्णन गरिएको छ तसर्थ गीतमा वीर रस समावेश छ ।

## (ङ) करुण रस

स्थायी भाव शोक हुने, प्रियजनको मृत्यु, घर सम्पत्तिको नाश, आर्थिक विपन्नताले पाएको दुःख आदि आलम्वन रहने, आफ्नो प्रियवस्तुको क्षति हुनु, चिता जलन, गुमाएको वस्तुको सम्झना आदि उद्दीपन रहने, विलाप, रोदन आदि अनुभाव र दुःख, मोह, ग्लानि, चिन्ता सम्झना आदि सञ्चरीभाव रहने रसलाई नै करुण रस भनिन्छ ।

दुःख पीरमर्का आदि व्यक्त हुने लोकगीतमा करुण रस पाइन्छ । ललितपुर जिल्लाको दक्षिण भेगमा प्रचलित नेपाली लोकगीतमा प्राप्त हुने करुण रसको नमूनालाई यसप्रकार हेर्न सकिन्छ । जस्तै :

*छोरा छोरी हुर्के वढे पढाउनलाई गाह्रो छ*
*मन पोल्छ सधैं भरि आँसु धारो छ ।*
*तिजको बेलामा सबै जान्छन् माइत*
*आफ्नु माइत मुग्लान पारि छैन साइत*
*दिदी वैनी कसैलाई नि यस्तो घर नपरोस*
*भाग्य लेख्ने भावीले अन्याय नगरोस ॥ (८०)*

अर्को नमूना

*छोरा भए स्कुलमा पढाउनी*
*छोरीलाई चाहिँ जुठोमा सढाउनी*
*छोराहरू आए.ए र वी.ए. पास*
*हामी छोरी रातो दिन दाउरा घाँस*
*मलाई पनि पढाको भए किन रुन्थ्यो यो मेरो हृदय (८१)*

माथिका गीतहरूमा महिलाहरूको वेदान व्यक्त गरिएको छ । यसप्रकारका वेदनाले भरिपूर्ण गीतहरूमा करुण रस प्राप्त हुन्छ ।

## ५.३.४ अलङ्कार विधान

अलङ्कार शब्दले साहित्यमा काव्यको शोभा बढाउने तत्वको सङ्केत गर्दछ । जसरी कुनै गहना लगाउँदा नारीको सौन्दर्य खुल्दछ 'त्यसै गरी नै अलङ्कारले काव्यको शोभा बढाउँदछ त्यसैले विद्वानहरूले साहित्यमा अलङ्कारलाई सौन्दर्यको संज्ञा दिएका छन् । गीतमा प्रयोग भएका भाषा शैली, शब्द चयन आदिले नै त्यसको जीवन्तता प्रदान गर्दछ । हन त लोकगीत सिर्जना हुँदा अलङ्कारको सचेतता अपनाउनु जरुरी नभए पनि समाजले रुचाउने खालका भाषा, शैली शब्दचयन लोकगीतमा हुने भएकाले गीतहरूमा अलङ्कारको प्रवेश स्वतः भएको हुन्छ । ललितपुर जिल्लाको दक्षिण भेगमा प्रचलित नेपाली लोकगीतहरूमा भएको अलङ्कारको प्रयोगलाई संक्षेपमा हेर्न सकिन्छ ।

### ५.३.४.१ शब्दालङ्कार

लोकगीतमा कुनै वर्ण, शब्द, ध्वनि वा पंक्तिहरू दोहोरिने गर्दछ यसरी दोहोरिने क्रममा गीतले सौन्दर्य प्राप्त गर्नु नै शब्दालङ्कार हो । ललितपुर जिल्लाको दक्षिण भेगमा प्रयुक्त केही शब्दालङ्कारहरूका नमूनाहरूलाई यसप्रकार हेर्न सकिन्छ ।

**(क) छेकानुप्रास अलङ्कार**

धेरै स्वर, व्यञ्जन वा शब्दहरू एकएकपटक दोहोरिने अलङ्कारलाई छेकानुप्रास भनिन्छ ।

*भुट मकै भुट साथी भोक लाग्दा खानी*
*देउ साथी देऊ साथी एक अङखोरा पानी (८२)*

यहाँ भ, द, स वर्णहरू दोहोरिएका छन्, त्यसैब्ले यस गीतमा छेकानुप्रास अलङ्कार रहेको छ ।

**(ख) वृत्यनुप्रास अलङ्कार**

एउटै स्वर व्यञ्जन अनियमित तरिकाले धेरै चोटि दोहोरिने अलङ्कारलाई वृत्यनुप्रास भनिन्छ । ललितपुर जिल्लामा क्षेत्रमा पाइने लोकगतिमा यस प्रकारको अलङ्कार पाउँन सकिन्छ । जस्तै :

*लेक लेक हिँड्ने लेक मिर्ग*
*कसले पो देख्छ भोक तिर्खा ॥*
*सासू भन्छे बुहारी बुहारी भन्छे जीउ*
*त्यो हर्पेमा राखेको कसले खायो घिउ ॥ (८३)*

यहाँ पहिलो गीत ल, क वर्ण एवम् दोस्रो गीतमा व, ह र उ वर्णहरू अनियमित तरिकाले दोहोरिएका छन् । त्यसैले यस गीतमा वृत्यनुप्रास अलङ्कार रहेको छ ।

**(ग) श्रुत्यानुप्रास अलङ्कार**

एकै स्थान वर्णहरूको नियमित आवृत्ति भएका श्रुत्यानुप्रास हुन्छ । जस्तै :

*तनले मनले धनले जनले*
*प्रभुको स्तुति नित्य गरौ सवले*
*फाइमराङ देखि फाल हाल्दै आयौं*
*बाँसघारी देखि बास माग्दै आयौ*

*कतवनदेखि आस गर्दै आयौ*

*सिसवनदेखि सास फेर्दै आयौं (८४)*

माथिका गीतहरू मध्ये पहिलो तन, मन धन र जन शब्दमा न को आवृत्ति भएको छ भने दोस्रोमा फाल हाल्दै, वास माग्दै, आस गर्दै, सास फेर्दै आदि शब्दमा 'दै' को पुनरावृत्ति भएको छ भने गीतमा 'देखि' र 'आयौ' शब्दको पुनरावृत्ति एकै स्थानमा नियमित रूपमा भएकाले गीतमा श्रुत्यनुप्रास अलङ्कार छ ।

**(घ) लाटानुप्रास अलङ्कार**

एउटै पद वा वाक्य विभिन्न अर्थमा दोहोरिएर प्रयोग भएमा लाटानुप्रास अलङ्कार हुन्छ । जस्तै :

*लक्ष्मी नामकीले खला वडारिन*

*धनपति मागे भिख ॥*

*नेत्र बहादुरको आँखो छैन*

*लुरेको नाम बले नै ठिक ॥ (८५)*

उल्लेखित गीतमा लक्ष्मी, धनपति, नेत्र बहादुर, लुरे बले आदि लाटानुप्रासका रूपमा रहेका छन् ।

**(ङ) अन्त्यानुप्रास अलङ्कार**

लोकगीतमा सबैभन्दा बढी प्रयोग हुने अलङ्कार अन्त्यानुप्रास हो । गीतमा चरणको अन्त्यमा कुनै वर्ण वा पद नियमित रूपमा आवृत्ति भएमा अन्त्यानुप्रास अलङ्कार हुन्छ । जस्तै :

*तालपरेको पोखरीमा नील परेको पानी*

*छोडौं भने माया लाग्छ लैजाऊँ भने सानी ॥ (८६)*

त्यस्तै अर्को उदाहरण

*पहिलो चरण कसरी गाउनी*

*सरस्वती मुखैमा नआउनी (८७)*

माथिका गीतका अन्त्यमा पानी र सानी तथा गाउँनी र नआउनी शब्दका अनुप्रास मिलेका छन् तसर्थ यो अन्त्यानुप्रास अलङ्कार हो ।

## ५.३.४.२ अर्थालङ्कार

अर्थको चमत्कारद्वारा काव्यको सौन्दर्य बढाउने कलाको नाम अर्थालङ्कार हो । यसमा बिम्ब बिधानको त्यो रूप आउँछ जसले  भावलाई सशक्त पार्दै मासचक्षुका सामुन्ने प्रस्तुत गर्छ, अनि कविका कल्पनाको चमत्कार पनि कल्पनाकै रूपमा व्यक्तिन्छ । अलङ्कार भाषाशैलीका अर्थगत सौन्दर्य अर्थालङ्कार भनिन्छ । अर्थ सौन्दर्यले लोकगीतमा अर्थ चमत्कार दिने गर्दछ । केही अर्थालङ्कारका बारेमा संक्षेपमा चर्चा गरिन्छ :

**(क) उपमा अलङ्कार**

अलग स्वरूपका दुई वस्तुको तुलना गर्दा उपमा अलङ्कार हुन्छ । उपमान र उपमेयका गुण रूप र धर्म आदिको एउटै रूपमा तुलना गर्दा उपमा अलङ्कार हुन्छ  लोकगीतमा उपमा अलङ्कार स्वतः स्फूर्त रूपमा प्रयुक्त  हुन्छ ।

*माया तिमी साह्रै नै वैगुनी*
*वनको ढुकुर भन्दा नि नहुनी । (८८)*
उल्लेखित गीतमा माया र ढुकुरका बीचमा तुलना गरिएको छ ।

**(ख) रूपक अलङ्कार**

कुनै पनि उपमान र उपमेयको गुण, रूप र धर्मलाई भिन्नता नराखी एउटै रूपमा वयान गर्दा रूपक अलङ्कार हुन्छ । जस्तै :

*माया तिम्रो मुहारै कस्तो*
*पूर्णिमाको उज्यालो जून जस्तो (८९)*

प्रस्तुत उदाहरणमा मायालुको मुहारलाई पूर्णिमाको राती लाग्ने चन्द्रमाको प्रकाशको रूपमा हेरिएको छ तसर्थ गीत रूपक अलङ्कारले युक्त छ ।

**(ग) व्यतिरेक अलङ्कार**

उपमानभन्दा उपमेयको गुण, विशेषतालाई व्यापक रूपमा चिनाउने वा उपमान र उपमेयको साधारण धर्मको विपरितता दर्शाउँदा व्यतिरेक अलङ्कार हुन्छ । जस्तै :

*आहल खेल्ने चैते बाँदर, रूखमा चढ्यो भैंसी ।*
*दारी काट्ने बञ्चरो त, मुढा चिर्ने, कैंची ॥*
*बाँदर नाच्यो टुँडिखेलमा, पुलिस नाच्यो भिरमा ।*
*टोपी लाउनु पैतालामा जुत्ता लाउनु शिरमा*

*जुम्रा कुदयो खोलै खोला माछा कुद्यो आङमा*
*खुर्सानीको ढिँडी फल्यो, सुन्तलाको झाङमा (९०)*

प्रस्तुत गीतमा बाँदरलाई आहाल खेल्ने, भैसीलाई रूखमा चढ्ने, बञ्चरोले दारी काट्ने, कैचीले मुढा चिर्ने जस्ता विपरीत कुराहरू देखाइएको छ जुन साधारण धर्मको विरुद्ध हुन्छ ।

**(क) अतिशयोक्ति अलङ्कार**

उपमानको भन्दा उपमेयको उचाइलाई दर्शाउनु वा लोकसीमा नाघेर कुरा बढाइ चढाइ गर्नु नै अतिशयोक्ति अलङ्कार हो । जस्तै :

*मायासँग दुईदिन भेट नहुँदा*
*डाँडाकाडा रसायो म रुँदा (९१)*

प्रस्तुत गीतमा मान्छे रुँदा डाँडाकाडा समेत रसाएको काल्पनिक कुरालाई व्यक्त गरिनु अतिशयोक्ति हो ।

**(ङ) दृष्टान्त अलङ्कार**

उपमान र उपमेयका बीचमा, दुइवस्तु वा वाक्यका वीचमा पारस्परिक सम्बन्ध भएका दृष्टान्त अलङ्कार हुन्छ । जस्तै :

*उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर*
*फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ! (९२)*
*(लेखनाथ पौड्याल)*

यहाँ गुणले युक्त व्यक्तिलाई फलेको रूखको हागोसँग तुलना गरिएको छ जसमा रुखको हाँगाझै निहुरिने भनेर विद्वानलाई तुलना गरिएकोले दृष्टान्त अलङ्कार भएको छ ।

**(च) अपन्हुति अलङ्कार**

वास्तविकतालाई लुकाएर अतथ्य कुरालाई अगाडि ल्याउनु नै अपन्हुति अलङ्कार हो । जस्तै :

*तिमी विना दिन पनि रात भयो*
*विदाइमा आँशुको खात भयो । (९३)*

यहाँ दिन रात हुनु, आँशुको खात हुनु जस्ता तथ्यहरू वास्तविक हुन सक्दैनन् तसर्थ तथ्यलाई लुकाएर अतथ्यलाई अगाडि ल्याइएको आपन्हुति अलङ्कार बनेको छ ।

### (छ) उत्प्रेक्षा अलङ्कार

स्वभाविक कुरालाई कुनै हेतु वा क्रियाद्वारा अर्कै रूपमा प्रकट गरी सम्भावना दर्शाउदा उत्प्रेरक्षा अलङ्कार हुन्छ ।

वारुली कम्मर मृग झैं आखा छ ।
कोइली जस्तै सुरिलो भाका छ ॥

यसमा कम्मरलाई वारुलोसँग आँखालाई मृगसँग र वोलिलाई कोइलीसँग दाजेर दर्शाइएकोले उत्प्रेरणा अलङ्कार बनेको छ ।

ललितपुर जिल्लको दक्षिण भेगमा प्रचलित लोकगीतमा उपर्युक्त अलङ्कारका अतिरिक्त अन्य अलङ्कार समेत प्रयुक्त हुन्छ । तापनि अधिकांश प्रयोग हुने अलङ्कारहरूको मात्र उल्लेख गरिएको छ ।

## ५.४ निष्कर्ष

ललितपुर जिल्लाको दक्षिणी भेगमा उपलब्ध भएका लोक गीतहरूमा नेपाली जनजीवनमा भोगिने भोगाइहरू प्रत्यक्ष रूपमा देख्न र भेट्न पाइन्छ । मानव जीवनको विविध पक्ष नै यस भेगका लोक गीतका आधारभूत हुन् । यसका अलावा यस क्षेत्रको गीतमा यहाँका प्रकृति, सामाजिक जीवन, साँस्कृतिक रीतिरिवाज, आर्थिक अवस्था, जीवनदर्शन तथा पुराना विश्वास तथा जनआस्था गीतमा जीवन्त बनेर प्रस्तुत भएका छन् । लोकगीत आफैँ पनि लोकको अभिव्यक्ति हो । लोकमा जे छ जस्तो छ त्यसको यथार्थ चित्रण लोकगीतमा उतारिएको हुन्छ ।

नेपाल पहाडी मुलुक भएकाले जीवनका उकाली, ओराली, भञ्ज्याङ, देउराली, चौतारीसम्मका कुरा गीतमा सहजै भेट्न सकिन्छ । हरेक पक्षहरू उत्सव, अवसर, लेक-बेंसी, दाउराघाँसमा गीत बनेर घन्किन्छन् । विदश गएको श्रीमान्को सम्झना पोखिएको वेदना, चेलीले विवाह पश्चात पाएको पीडा गरिवी हुनुको पीडा आदि पक्षहरू लोकगीतमा समेटिएका हुन्छन् । शास्त्रीय नियमबाट मुक्त हुने भए तापनि आधुनिक गीतहरू सँग प्रतिस्पर्धा गर्न सफल लोकगीतले समाजमा हरेक पक्षहरू (सामाजिक, आर्थिक राजनीतिक साँस्कृति) लाई ऐनाले मानिसको स्वरूप जस्ताको त्यस्तै देखाएझैं छर्लङ्ग देखाउन सक्छ । परम्रादेखि चलिआएका लोकगीतहरूले वर्तमान समेत उत्तिकै लोकप्रियता कायम गरेका छन् ।

# परिच्छेद छ
# उपसंहार

## ६.१ सारांश र निष्कर्ष

ललितपुर जिल्ला नेपाल अधिराज्यको वागमती अञ्चलका आठ जिल्लाहरू मध्ये एक जिल्ला हो । वर्तमान नेपालको राजधानी काठमाडौं उपत्यकाको दक्षिण भागमा पर्ने लतिलपुरको झण्डै दुई तिहाई भू-भाग पहाडी क्षेत्रले आगेटेको छ । ललितपुर जिल्लाको पहाडी क्षेत्रको सम्पूर्ण भू-भाग दक्षिण क्षेत्रमा पर्ने हुनाले यो क्षेत्रलाई दक्षिण पहाडी क्षेत्र भनिन्छ । जिल्लामा रहेका कुल ४१ वटा गा.वि.स. मध्ये वीस वटा गा.वि.स. दक्षिण पहाडमा रहेका छन् भने उपत्यकाभित्र रहेका भू-भागमा बाँकी गा.वि.स. र एउटा उप. म.न.पा रहेको छ । उच्च भू-भागमा रहेको फूल्चोकीदेखि होचो भू-भाग कन्यादमार ठूलादुर्लुङ्गसम्मको भू-भाग रहेको ल.पु. जिल्लामा बसोबास गर्ने मानिसहरू कृषि पेसामा आधारित छन् ।

जिल्लामा रहेका तीनवटा निर्वाचन क्षेत्र मध्ये एक नम्वर क्षेत्रमा दक्षिण भेग पर्दछ । भौगोलिक विकटतासँगै विकास निर्माणमा समेत पछाडि परेको यो क्षेत्रका कैयौं गा.वि.स.हरूमा सडक, विजुली र सञ्चारको सुविधा समेत छैन भने शिक्षामा समेत सन्तोषजनक प्रगति भएको छैन ।

विभिन्न जातजातिहरू बसोवास गर्ने ल.पु.को उपत्यकामा नेवारहरूको वाहुल्यता छ भने उपत्यका बाहिर रहेका मानिखेल, चौधरे, नल्लु, भारदेउ, ठूलादुर्लुङ्ग, गिम्दी आदि गा.वि.स. हरूमा तामाङ्हरूको बाहुल्यता छ भने अन्यत्र ब्राह्मण, क्षेत्री, पहरी, कामी, दमाई जस्ता जातिहरूको मिश्रित बसोवास रहेको छ । बहुजाति भए तापनि जातीय झगडा भने कही कतै पनि नभएको पाइन्छ । आफ्नो जातिय संस्कार र चाडपर्वलाई सबैजातिले छुट्टाछुट्टै तरिकाले मान्ने भए तापनि यस्ता क्रियाकलापमा कतैबाट पनि हस्तक्षेप भएको देखिँदैन । यस जिल्लाको दक्षिण पहाडी भेगमा बसोवास गर्ने समुदायले आफ्नो परम्परा र आस्थालाई लोकगीत मार्फत व्यक्त गर्दछन् । सदियौदेखि चलेका पीडा र समस्याका गीतहरू, माया र प्रितिका गीतहरू, प्राकृतिक र भौगोलिक पीडाहरू, तनाव, खुसी वा तनावहरू समेत लोकगीत बनेर यस क्षेत्रका वनपाखामा जात्रा र मेलामा अनि उकाली ओह्रालीमा गुन्जिरहेका

पाइन्छन् । कठिन परिश्रमबाट उन्मुक्ति दिने माध्यमको रूपमा मेलापात, रोपाइँ तथा घाँस दाउरा गर्ने क्रममा पनि लोकगीत गुन्जिन्छन् । विभिन्न रस र अलङ्कारले युक्त भएका यस क्षेत्रका लोकगीतहरूमा जीवन भोगाइको वास्तविक चित्र भेटाउन सकिन्छ । मानव जीवनसँग सम्बन्धित जीवन संस्कार र संस्कृतिलाई गीत बनाएर सुनाउने दक्षिण ललितपुरमा प्रचलित लोकगीतमा घटना, दुर्घटना, माया, प्रेम विरह र वेदनाको झल्को भेटिन्छ ।

यसप्रकार छुट्टै पहिचान बोकेको लोकगीतले दक्षिण ललितपुरको भूगोल सामाजिक, धार्मिक, आर्थिक तथा साँस्कृतिक पक्षको राम्रो परिचय दिने हुनलो ललितपुर जिल्लको दक्षिणी पहाडी भेगमा प्रचलनमा रहेका लोकगीतहरू ज्यादै महत्त्वपूर्ण स्थान ओगटेको कुरालाई पूर्ण रूपमा स्वीकार समेत गर्न सकिन्छ ।

## ६.२ भावी अनुसन्धानका निम्ति सुझाव

ललितपुर जिल्लाको दक्षिणी भेगमा प्रचलित लोकगीतहरूका संकलन गरी वर्गीकरण र विश्लेषण समेत यस शोधकार्य मार्फत गरिएको छ । अनुसन्धानको क्रममा यस कार्य मार्फत नेपाली लोकगीतलाई मात्र समेटिएको छ । निम्न विषयवस्तुलाई भावी अनुसन्धानको विषय बनाउन सकिने देखिन्छ ।

(क) ललितपुर जिल्लामा प्रचलित लोककथाहरूको अध्ययन ।

(ख) ललितपुर जिल्लामा प्रचलित लोकगाथाहरूको अध्ययन ।

(ग) ललितपुर जिल्लाका तामाङ तथा नेवारी भाषामा निर्मित लोकसाहित्यको अध्ययन ।

(घ) ललितपुर जिल्लामा प्रचलित लोकोक्तिहरूको अध्ययन ।

(ङ) ललितपुर जिल्लामा प्रचलित नेपाली लोकनाटकहरूको अध्ययन ।

यी विविध विषयका अतिरिक्त अनुसन्धानको रुचि र चिन्तनका आधारमा साहित्यिक एवम् साँस्कृतिक अध्ययनका सम्भावना अत्यधिक छ ।

# सन्दर्भ सामग्रीसूची

आचार्य, बाबुराम (२०६२), **पुराना कवि र कविता**, काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, कृष्णदेव (सन् १९७७), **लोक साहित्यको भूमिका**, (ते.सं.), इहलावाद : साहित्य भवन प्रा.लि. ।

कोइराला, शम्भू, (२०५५), **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, विराटनगर : धरणीधर प्रकाशन ।

गुरागाई, जगनाथ (१९८०), **गुणरत्नमाला** वाराणसी : जयनेपाल प्रकाशन ।

जोशी, सत्यमोहन (२०१४), **हाम्रो लोकसंस्कृति**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

थापा, धर्मराज र सुवेदी हंसपुरे (२०४१), **नेपाली लोक साहित्यको विवेचना**, काठमाडौं : पा.वि.के. त्रि.वि. ।

दहाल, पेशल र खत्री प्रेम, (२०५४), **नेपाली संस्कृति र सभ्यता**, श्रीमती कमला दहाल, विराटनगर ।

देवकोटा, लक्ष्मीप्रसाद, (२०५८), लक्ष्मी निबन्ध संग्रह, काठमाडौं : साझा प्रकाशन ।

नेपाल, देवी, (२०६६), **छन्द पराग**, काठमाडौं : भुडीपुराण प्रकाशन ।

पन्त, कालिभक्त (२०२८), **हाम्रो साँस्कृतिक इतिहास**, स्याङ्जा : लेखक स्वयम् ।

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक**, काठमाडौं : वीणा प्रकाशन प्रा.लि. ।

____________, (२०६१), **राम्रो रचना मिठो नेपाली**, काठमाडौं : सहयोगी प्रेस ।

पराजुली, मोतिलाल, (२०४९), **नेपाली लोकगाथा**, पोखरा : माछापुच्छे छापाखाना ।

पराजुली, ठाकुर प्रसाद, (२०४६), **नेपाली साहित्यको परिक्रमा**, काठमाडौं : विद्या प्रकाशन ।

पौडयाल, कृष्ण विलास (२०५८), **नेपाली लोक साहित्यको इतिहास र समालोचना**, काठमाडौं : नवीन प्रकाशन ।

बन्धु, चुडामणि, (२०५८), **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता बुक्स डिस्ट्रिव्यूटर्स ।

बाँकसकोटा, केदारनाथ, (२०४५), **डाँडापारीको वेदना**, ललितपुर : ललित प्रिन्टिङ प्रेस।

रावल, वेनी जङगम्, (२०६६), "नेपाली लोकगीत र धर्मराज थापा", **उन्मेष**, अङ्क ११, वर्ष ११, काठमाडौं : रत्न राज्यलक्ष्मी क्याम्पस ।

लोहनी, लक्ष्मण, (२०२२), **रोदीघर**, (दो.सं.), काठमाडौं : रत्न पुसतक भण्डार ।

श्रेष्ठ, तुलसीमान, "नेपाली लोकसाहित्यको अध्ययन परम्परा", **उन्मेष**, अङ्क ११, वर्ष ११, काठमाडौं : रत्न राज्यलक्ष्मी क्याम्पस ।

श्रेष्ठ, दयाराम, (२०३८), **प्रारम्भिक कालको नेपाली साहित्यको इतिहास र परम्परा**, काठमाडौं : पा.वि.के. त्रि.वि. ।

त्रिपाठी, वासुदेव, न्यौपाने दैवज्ञराज, सुवेदी केशव (सम्पा.), (२०६३), **नेपाली कविता, भाग-४**, काठमाडौं : साझा प्रकाशन ।

## पत्रपत्रिका

**आदिवासी जनजाति स्मारिका**, ललितपुर, २०६६ ।

**उन्मेष**, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं, २०६६ ।

**वार्षिक प्रगति समीक्षा प्रतिवेदन**, ललितपुर, २०६६ ।

**नेपाल**, श्री ५ को सरकार पर्यटन वोर्ड, १९९७ ।

# परिशिष्ट-१
# सूचकहरूको नामावली

१. अम्विका घिमिरे चन्दनपुर-१

२. अस्मिता शर्मा, ठूलादुर्लुङ-२

३. ईन्दिरा तिमल्सीना, मानिखेल-४

४. कल्पना घिमिरे- गोटीखेल-१,

५. केदार नाथ वासकोटा, ठूलादुर्लुङ्-२)

६. रण बहादुर गोले ठूलादुर्लुङ्ग २, ल.पु)

७. मदन आचार्य, ठूलादुर्लुङ्ग-२

८. गंगा सापकोटा, चौधरे ठोट्ने खोला

९. गुप्त बहादुर ब्राम्हु ठूलादुर्लुङ्ग-३

१०. जस्मिन शर्मा, ठूलादुर्लुङ्ग-२, ल.पु.

११. जमुना शर्मा, ठूलादुर्लुङ्ग-२, ल.पु.

१२. टीका बल्लव घिमिरे, आश्राङ-२

१३. डम्बर वानिया, प्यूटार-४

१४. दीपक सापकोता, चौघरे

१५ दीपेश सापकोटा, ठोटनेखोला

१६. पद्मबहादुर स्याङतान ठूलादुर्लुङ्ग-२

१७. पूर्णिमा कुमार शर्मा, ठूलादुर्लुङ-२

१८ प्रभा घिमिरे, गोटीखेल-१

१९. प्रशान्त बाँसकोटा, ठूलादुर्लुङ्ग, २, ल.पु.

२०. बद्री चौरेल, ठूलादुर्लुङ्ग, ४, ल.पु.

२१. भरत बहादुर कुँवर गोटीखेल-९

२२. भीमसेन शर्मा, छम्पी-४

२३. मखमली घिमिरे, गिम्दी-२,

२४. मदन आचार्य, ठूलादुर्लुङ्ग-५, ल.पु.

२५. महेश तिमल्सिना मानिखेल - ४, ल.प

२६. रमेश तिमल्सिना, मानिखेल - ४, ल.प

२७. रमेश शर्मा, छम्पि-४

२८. रम्बा घिमिरे, आश्राङ-२

२९. राजमान गोले, ठूलादुर्लुङ्ग-१, ल.पु.

३०. रामबहादुर थिङ, गिम्दी-१

३१. राम बहादुर परियार, ठूलादुर्लुङ्ग-४, ल.पु.

३२. रामशरण खवास दल्चोकी-३, ल.पु.

३३. रणबहादुर गोले, ठूलादुर्लुङ्ग-२

३४. शिवप्रसाद घिमिरे, चन्दनपुर, नमनडोल

३५. सरस्वती गौतम भट्टेडाडा-१

३६ सुनिता दुलाल, गोटीखेल-१

३७. हरि प्रसाद घिमिरे, गोरखिल-२